स.का.द.नं.७६०/१४/०५१/०५२ पान नं.: ३०३२९६६०७ फोन नं.: ०८३-४१२२४९, ४१२२५०

# जनकल्याण
## बचत तथा ऋण सहकारी संस्था लिमिटेड
**Janakalyan Saving & Credit Co-operative Ltd.**

वीरेन्द्रनगर-१
बाङ्गेसिमल, सुर्खेत

पत्र संख्या : २०८२/०८३
चलानी नम्बर : ८९

मिति: २०८२/०७/१८

**शेयर सदस्य श्री ...................................................... ज्यू**

...........................................................................

विषयः **साधारणसभामा उपस्थित हुने सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस संस्थाको सञ्चालक समितिको मिति २०८२ कार्तिक १८ गते बसेको बैठकको निर्णयानुसार संस्थाको विनियमको दफा २९ बमोजिम ३०औं वार्षिक साधारणसभा तपसिलमा उल्लेखित प्रस्तावहरू माथि छलफल हुने गरी निम्न बमोजिमको मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले यहाँको अनिवार्य उपस्थितिको लागि अनुरोध गरिन्छ ।

**तपसिलः**

**१. मिति : २०८२ मंसिर १९ गते शुक्रवार**

**२. समय : विहान १०:०० वजे**

**३. स्थान : पब्लिक स्कुलको पश्चिम तर्फको प्राङ्गणमा**

**साधारण सभामा छलफलका लागि पेश हुने प्रस्तावहरू:**

१. सभाको गणपुरक संख्या सम्बन्धमा।
२. सञ्चालक समितिको तर्फबाट आ.व. २०८१/०८२ को वार्षिक प्रगति प्रतिवेदन र आ.व. २०८२/०८३ को प्रस्तावित नीति तथा कार्यक्रम सम्बन्धमा ।
३. सञ्चालक समितिको तर्फबाट आ.व. २०८१/०८२ को आर्थिक प्रतिवेदन र आ.व. २०८२/०८३ को प्रस्तावित बजेट सम्बन्धमा।
४. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा।
५. आ.व. २०८१/०८२ को वाह्य लेखा परिक्षण प्रतिवेदन सम्बन्धमा।
६. विभिन्न उप-समितिहरूको प्रतिवेदन सम्बन्धमा।
७. आ.व. २०८२/०८३ को लागि बाह्य लेखापरीक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्बन्धमा।
८. आ.व. २०८१/०८२ को शेयर लाभांस वितरण सम्बन्धमा।
९. आ.व. २०८१/०८२ को संरक्षित पुँजी फिर्ता कोष वितरण सम्बन्धमा।
१०. संस्थाको संसोधित विनियम स्विकृत सम्बन्धमा।
११. संस्थाको आन्तरिक कार्यविधि, नीति निर्देशिका निर्माण, परीमार्जन तथा पुनर्लेखन सम्बन्धमा।
१२. साधारणसभाको निर्णय पुस्तिका प्रमाणित गर्न प्रतिनिधि छनौट सम्बन्धमा।
१३. विशेष प्रस्तावहरु सम्बन्धमा।

..............................
**(महेन्द्रप्रसाद शर्मा)**
अध्यक्ष

**पुनश्चः** सम्पूर्ण शेयर सदस्य महानुभावहरूको गरिमामय उपस्तिथिका लागि अनुरोध छ। ***साधारणसभामा उपस्थित शेयर सदस्यहरुलाई सामान्य खाजाको मात्र व्यवस्था गरिने छ।***

# विषयसूची


| विषयवस्तु | पेज नं. |
|---|---|
| **१. संस्थाको परिचय** | **१** |
| **२. वार्षिक प्रगति प्रतिवेदन तथा आगामी वर्षको नीति तथा कार्यक्रम-२०८१** | **४** |
| **३. आर्थिक प्रतिवेदन-२०८१** | **१३** |
| **४. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन-२०८१** | **२४** |
| **५. बाह्य लेखापरिक्षण प्रतिवेदन-२०८१** | **२९** |
| **६. शिक्षा उप-समितिको वार्षिक प्रतिवेदन-२०८१** | **७५** |
| **७. ऋण उप-समितिको वार्षिक प्रतिवेदन-२०८१** | **७८** |
| **८. सामाजिक समन्वय उप-समितिको प्रतिवेदन** | **८१** |
| **९. संस्थाको ३०औं स्थापना दिवसको अवसरमा सम्मानित, पुरस्कृत सदस्य तथा व्यक्तिहरु** | **८३-८८** |
| *१. सर्वाधिक विधा तर्फ सम्मानित शेयर सदस्यहरु* | |
| *२. असल ऋणी विधामा सम्मानित शेयर सदस्यहरु (गोलाप्रथाबाट)* | |
| *३. नियमित मासिक बचत विधा तर्फ सम्मानित शेयर सदस्यहरु (गोलाप्रथाबाट)* | |
| *४. रु. ५०० माथि नियमित मासिक बचत विधा तर्फ सम्मानित शेयर सदस्यहरु (गोलाप्रथाबाट)* | |
| *५. ५० हजारभन्दा माथि शेयर खरिद गर्ने सम्मानित शेयर सदस्यहरु (गोलाप्रथाबाट)* | |
| *६. ७० वर्ष माथिका सम्मानित ज्येष्ठ सदस्यहरु* | |
| *७. ७५ वर्ष माथिका सम्मानित ज्येष्ठ सदस्यहरु (सामाजिक सुरक्षा भत्ता स्वरुप)* | |
| *८. वक्तृत्वकला प्रतियोगितामा पुरस्कृत विद्यार्थीहरु* | |
| *९. ३०औं स्थापना दिवसको अवसरमा रक्तदान गर्नुहुने दाताहरुको नामावली* | |
| **१०. सुत्केरी पोषण खर्च प्राप्त गर्ने शेयर सदस्यहरुको विवरण** | **८८** |

# संस्थाको संक्षिप्त परिचय

| | | | |
|---|---|---|---|
| (१) | **संस्थाको नाम** | : | **जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि.** |
| (२) | **दर्ता मिति** | : | २०५२/०२/२८ |
| (३) | **दर्ता नम्बर** | : | ७६०/१४/०५१/०५२ |
| (४) | **पाना नंम्बर** | : | ३०३२९६६०७ |
| (५) | **सदस्य संख्या** | : | २७९२ |
| (६) | **कार्य क्षेत्र** | : | वीरेन्द्रनगर नगरपालिका वडा नं. १ देखि १४ र बराहताल गाउँपालिका वडा नं. ९ र १० |
| (७) | **सञ्चालक समिति संख्या** | : | १० जना |
| (८) | **कर्मचारी संख्या** | : | ८ जना (३ महिला र ५ पुरुष) |

(९) **लगानीका क्षेत्रहरु :**

क) कृषी
ख) ब्यापार
ग) शिक्षा
घ) वैदेशिक रोजगार
ङ) आवास निर्माण तथा जग्गा खरिद

(१०) **लगानीको प्राथमिकता**

क) कृषि
ख) ब्यापार
ग) निम्न आय स्तर भएका महिला, दलित परिवार
घ) अपाङ्ग, घाईते, उत्पिडित तथा शहिद परिवार

(११) **संस्थाको वित्तीय अवस्था**

| | |
|---|---|
| शेयर पूँजी | : रू. ३,२०,०२,९००।०० |
| कुल संस्थागत पूँजी | : रू. २,१०,९८,२९३।७९ |
| कुल बचत संकलन | : रू. २७,२८,३४,८५४।७४ |
| ऋण लगानी | : रू. २१,९८,४६,९१८।७१ |
| स्थिर सम्पत्ति | : रू. ८१,५१,५६१।२२ |

**(१२) संस्थाको परिकल्पना :**

*समुदायको उत्कृष्ट वित्तीय र व्यवसायिक साकोस*

**(१३) संस्थाको ध्येय**

*"सहकारी मूल्य, मान्यता र सिद्धान्तका आधारमा वित्तीय सेवा मार्फत सदस्यरूको आर्थिक, सामाजिक र सांस्कृतिक जीवनलाई गुणस्तरीय र समृद्ध बनाउने ।"*

**(१४) संस्थाका उद्देश्यहरु**

**क) दीर्घकालीन उद्देश्यहरू**

- सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक जीवनलाई गुणस्तरीय बनाउने,
- संस्थामा संलग्न सदस्यहरूबीच स्वाबलम्बन, पारस्परिक सहयोग एवं मितव्ययिताको अभिबृद्धि गर्दै बचत गर्ने बानीको विकास गर्ने,
- सदस्यहरूलाई सीप प्रदान गरी उत्पादनशील कार्यमा सहभागी गराउने,
- सदस्यहरूलाई स्वावलम्बी र आत्मनिर्भर बनाउने,
- सदस्यहरूका वित्तीय आवश्यकता परिपूर्ति गर्ने,
- सदस्यहरूको आय आर्जन क्षमतामा वृद्धि गर्ने,
- समाजमा सामाजिक एकता एवं पारस्पारिक सहयोग कायम गर्न सहयोग गर्ने,
- सदस्यहरूको आर्थिक सामाजिक तथा सांस्कृतिक विकास गर्ने,
- आफ्नो उद्देश्य पूरा गर्नका लागि समान उद्देश्य भएका स्थानीय, क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरूसँग सहयोगात्मक भावना राख्ने,
- समाजका कमजोर वर्ग र निम्न आय भएका व्यक्ति वा समूहको आर्थिक, सामाजिक उत्थानमा सहयोग पुऱ्याउने,
- संस्थागत विकास तथा दिगो सहकारी निर्माणमा विशेष ध्यान पुऱ्याउने,

**ख) रणनीतिक उद्देश्यहरूः**

- वित्तीय रूपमा सक्षम, सुरक्षित, र स्वस्थ संस्था बनाउने ।
- सदस्यहरूलाई गुणस्तरीय सेवा प्रदान गर्ने ।
- संस्थालाई पूर्ण व्यवसायिक ढंगबाट सञ्चालन गर्ने ।
- संस्थाका सञ्चालक तथा कर्मचारीको ज्ञान तथा सिपमार्फत क्षमतावान बनाउने ।
- सदस्य सेवा, उत्पादन, सामुदायिक भावना र अन्य हरेक दृष्टिकोणबाट संस्थालाई उत्कृष्ट बनाउने।

**(१५) संस्थाको भौतिक अवस्था**

१. एकतले पक्कि घर (प्रबन्धक कक्ष, कर्जा फाँट, काउन्टर, लेखा फाँट, सञ्चालक समिति कक्ष) टिनले छाएको बैठक कक्ष र एकतले पक्की भवन।

२. उपकरणहरुः कम्प्युटर- ४ सेट, ल्यापटप-३ थान, प्रिन्टर तथा फोटोकपि मेसिन-६ थान, सोलार सहितको पावर ब्याकअप, बिलिङ मेसिन १ थान र स्क्यानर मेसिन १ थान, सि.सि. क्यामरा ४ थान, ट्यावलेट मोवाइल-१ थान, प्रोजेक्टर-१ थान, डिजिटल सूचना पाटी-१ थान, टेलिभिजन-१ थान ।

३. अन्य टेबुल, कुर्ची, दराज तथा आवश्यक फर्निचरहरु ।

**(१६) संस्था आबद्धताः**

- जिल्ला बचत तथा ऋण सहकारी संघ, सुर्खेत
- जिल्ला सहकारी संघ, सुर्खेत
- प्रदेश बचत तथा ऋण सहकारी संघ, कर्णाली प्रदेश
- प्रदेश सहकारी संघ, कर्णाली प्रदेश
- नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ
- राष्ट्रिय सहकारी बैंक

**(१७) अन्तर्राष्ट्रिय सहकारी सिद्धान्तहरुः**

१. स्वैच्छिक तथा खुल्ला सदस्यता
२. सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रण
३. सदस्यको आर्थिक सहभागिता
४. स्वायत्तता र स्वतन्त्रता
५. शिक्षा तालिम र सूचना
६. सहकारी संघ संस्थाहरुबिच पारस्परिक सहयोग
७. समुदाय तथा वातावरण प्रति चासो

---

## ऋण माग गर्ने सदस्यले पुऱ्याउनुपर्ने आवश्यक कागजातहरू

- व्यवसाय/फर्म दर्ता प्रमाण-पत्र प्रतिलिपि
- कर चुक्ता प्रमाण-पत्र प्रतिलिपि
- ऋणीको नेपाली नागरिकताको प्रतिलिपि
- जग्गाको प्रमाण-पूर्जा
- चालु आ.व.को तिरो तिरेको रसिद
- चारकिल्ला
- निलो/ट्रेस सक्सा
- मञ्जुरीनामा दिने व्यक्तिको नागरिकताको प्रतिलिपि
- आयश्रोतको प्रमाणित विवरण
- ऋण मञ्जुरीनामा
- ५ (सी) विश्लेषण फाराम
- व्यवसायीको स्थलगत व्यवसाय विश्लेषण फाराम
- ऋण संरक्षण/धितो मूल्याङ्कन फारम
- ऋण तमसुक
- धितो जग्गा दृष्टिबन्धक
- ऋण माग फारम (व्यावसायिक/व्यक्तिगत) विवरण
- ऋणी सदस्य/धितोकर्ताको २/२ प्रति पासपोर्ट साइजको फोटो
- मोवाइल नं. अध्यावधिक

### ३०औं वार्षिक साधारणसभामा अध्यक्षद्वारा प्रस्तुत

# प्रगति प्रतिवेदन र आगामी वर्षको नीति तथा कार्यक्रम २०८२



**महेन्द्र प्रसाद शर्मा**

**आदरणीय शेयर सदस्यज्यूहरु,**

सहकारी संस्थाहरुमा रहेका नीतिगत व्यवस्था अनुसार यस श्री जनकल्याण साकोसको विगतका २९औं वर्षहरु झै यस वर्ष पनि ३०औं वार्षिक साधारणसभा उल्लासका साथ सम्पन्न गर्न उपस्थित भएका छौं। यसै अवसरमा हाम्रो निम्तोलाई स्वीकार गरी पाल्नुभएका प्रमुख अथितिज्यू, विशेष अथिति, अथितिज्यूहरु, सम्मानित जेष्ठ सदस्यज्यूहरु, शेयर सदस्यज्यूहरु, सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरु, पूर्व सञ्चालक, कर्मचारी, विभिन्न उपसमितिका सदस्य ज्यूहरु तथा संस्थाको प्रगति र उन्नति चाहने महानुभावहरु सबैमा सहकारी अभिवादन व्यक्त गर्न चाहान्छु ।

**आदरणीय शेयर सदस्यज्यूहरु,**

हाम्रो तत्कालिन सामाजिक आवश्यकता र आर्थिक अवस्थालाई मध्यनजर गरी सामाजिक आवश्यकता परिपूर्तिका लागि २०५२ जेठ २८ गते विधिवत रुपमा दर्ता गरी हालसम्म २९ ओटा साधारण सभा सम्पन्न गरी ३० औं साधारणसभाको पूर्व सन्ध्यामा छौं। यस संस्थाले हालसम्म विभिन्न आरोह अवरोह पार गर्दै अघि बढिरहेको छ ।

**आदरणीय शेयर सदस्य महानुभावहरु,**

मानव विकासको इतिहासमा सहकार्यको अत्यन्तै ठुलो भूमिका छ। यदि सहकार्य गर्ने चेतना मानिसमा नभएको भए मानिस पनि अरु प्राणि जस्तै हुने थिए होला। सहकार्यले मिलिजुली काम गरेर समूहमा शक्ति देख्छन। यहि शक्ति र समाजमा छरियर रहेको पूँजीलाइ एकीकृत गरी सामूहिक कार्यमा लगाएका छौं, जसको परिणाम अनुसार हाम्रो जनकल्याण साकोसको जन्म भएर यहाँको सामाजिक र आर्थिक अवस्थालाई सहजिकरण गरिरहेको छ र गरिरहने छ।हाल आएर सहकारिता अन्तराष्ट्रिय मूल्य मान्यता र सिद्धान्तहरुबाट निर्देशित आर्थिक, सामाजिक, सास्कृतिक रुपान्तरणको विश्वव्यापी अभियान भएको छ। यसले विभिन्न किसिमबाट पछि परेका वर्ग, समुदाय, जाति, लिङ्ग सबैको सशक्तीकरण गर्ने र संवृद्धिको अभियानमा अगाडि बढाउने हो।

**आदरणीय शेयर सदस्यज्यूहरु,**

अब म यस संस्थाको २०८१ मंसिर ८ गते सम्पन्न २९औं वार्षिक साधारणसभा पश्चात हालसम्म एक वर्षमा भए गरेका कामको विवरण पेश गर्न चाहान्छु ।

## १. संस्थाको गणपूरक सङ्ख्या

यस संस्थाको २९औं वार्षिक साधारणसभा मिति २०८१ मंसिर ८ मा सम्पन्न भएको थियो। उक्त सभामा कुल सदस्य सङ्ख्या २६६९ रहेको मा उपस्थित सङ्ख्या १५८६ भएको थियो, जो कुल सदस्य सङ्ख्याको अनुपातमा ५९.४२ प्रतिशत रहेको जानकारीको लागि अनुरोध गर्दछु।

## २. संस्थागत नीति र कार्यविधिको अवस्था

२९औं साधारण सभाबाट नीति तथा कार्यविधिहरु परिमार्जन र एकीकृत गरी पारित गरिएका कार्यविधिहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न र गराउन सञ्चालक समितिको २४ वटा बैठक सम्पन्न गरी जम्मा १२० निर्णयहरु गरिएका छन, भने अरु विभिन्न उपसमितिका जम्मा ६१ बैठक बसि जम्मा ८४ निर्णयहरु गरिएका छन। लेखा सुपरिवेक्षण समितिले ५ वटा बैठक बसि लेखा चेक जाँच गरी दिएका सुझावहरु पालना गरिएको छ।

## ३. शेयर सदस्य तथा शेयर पूँजी

आ.व. २०८०/०८१ को अन्त्यमा कुल सदस्य सङ्ख्या २६६९ भएकोमा आ.व. २०८१/०८२ मा सदस्य सङ्ख्या १२३ जना थप गरी सदस्य सङ्ख्या २७९२ पुगेको छ। जसअन्तरगत महिला शेयर सदस्य सङ्ख्या १५३५ पुरुष शेयर सदस्य सङ्ख्या १२२६ र संस्थागत शेयर सदस्य सङ्ख्या ३१ गरी जम्मा २७९२ र बाल सदस्य सङ्ख्या ९८१ कायम भएका छन। आर्थिक मन्दीका कारण देश तथा विश्वमै चरम मारमा परेको बेलामा पनि हाम्रो सहकारीमा सामान्य वृद्धि भएको छ। शेयर पूँजी २,९८,४५,२००।- भएकोमा २१५७७००।- ले शेयर पूँजी थप भइ यस आ.व ०८१/०८२ को अन्त्यमा ३२००२९००।- भएको छ भने बचत निक्षेप २३,९५,५०,८७०.१२ भएकोमा ३३२८३९८४.६२ ले वृद्धि भइ आ.व.०८१/०८२ को अन्त्यमा २७२८३४८५४.७४ भएको छ।

## ४. ऋण लगानी र असुली

हाम्रो सहकारी श्री जनकल्याण बचत तथा ऋण सहकारी संस्था भएकाले बचत संकलन गर्ने र ऋण लगानी गर्ने यसको मुख्य कार्य भएकाले यसलाई प्रभावकारी कार्यान्वयन गर्न नीतिगत व्यवस्था गरी अगाडि बढेको छ। आ.व. ०८०/०८१ को अन्त्यमा ऋण लागानी २०,८०,९२०४३.४९ भएकोमा यस आर्थिक वर्षमा १८,८६,९४,५०० रुपैया नयाँ लगानी भएको र १७,६९,३९,६२४.७८ पैसा असुल भइ यस आ.व.को अन्तमा बाँकी ऋण २१,९८,४६,९१८.७१ लगानीमा रहेको कुरा सम्मानित सभामा जानकारी गराउन चाहन्छु।

## ५. आम्दानी, खर्च र प्रतिफल

बचत तथा ऋण सहकारी संस्थाको आम्दानीको स्रोत नै ऋण लगानीबाट प्राप्त हुने ब्याज नै हो। यस आ.व.२०८१/०८२ को अन्त्यमा निम्नानुसारको आम्दानी खर्च र शेयर पूँजीको प्रतिफल रहेको कुरा सम्मानित सभा समक्ष जानकारी गराउन चाहान्छु।

**आम्दानी तर्फ**

| | |
|---|---|
| ख) विभिन्न बैक खाताहरूबाट प्राप्त व्याजः | ३२,८९,६४१.०२ |
| ग) लाभांस तथा संरक्षित पूँजी फिर्ता कोषः | ० |
| घ) ऋण सुरक्षण कोष आम्दानीः | २५,८२,७६८.८१ |
| ङ) अन्य विभिन्न शिर्षकहरुबाट प्राप्तः | २१,४६,९७३.०७ |
| **जम्माः** | **३,८२,८८,२१८.८६** |

**खर्च तर्फ**

| | |
|---|---|
| क) विभिन्न बचत खातामा ब्याज खर्चः | १,९६,९७,२६३.९२ |
| ख) असल ऋणिहरुलाई ब्याज छुटः | ५,३५,८६१.४५ |
| ग) कर्मचारी तलब भत्ता खर्चः | २९,९९,००२.५७ |
| घ) सञ्चालन तथा प्रशासनिक खर्चः | १८,६१,९९२.५२ |
| ङ) २९औं वार्षिक साधारण सभा खर्चः | १३,८६,७७८ |
| च) स्थिर सम्पत्तिमा ह्रासकट्टीः - | ९,१५,६८५.१८ |
| छ) आयकर खर्च | ९,४३,५८८.४५ |
| ज) शुद्ध नाफा | ९९,४८,०४६.७७ |
| **जम्मा खर्च** | **३,८२,८८,२१८.८६** |

यस आ.व ०८१/०८२ मा खुद नाफा ७३,६५,२७७.९६ भएको र गत वर्ष नाफा शुन्य देखाइ सबै नाफा ऋण सुरक्षण कोषमा जम्मा गरेका थियौं । उक्त गत वर्षको भाखा नाघेको ऋण असुल गरी गत वर्ष ऋण सुरक्षण कोषमा राखेको नाफालाई आम्दानी बाध्दा यस वर्षको नाफा ७३,६५,२७७.९६ र ऋण सुरक्षण कोष आम्दानीबाट २५,८२,७६८.८१ गरी यस वर्ष जम्मा ९९,४८,०४६.७७ नाफा भएको व्यहोरा सम्मानित सभामा जानकारी गराउन चाहन्छु ।

### ६. तालिम गोष्ठी सञ्चालन र सहभागिता

नेपाल सरकार सहकारी विभाग तथा विभिन्न प्रकारका विषयगत छाता संगठनहरुले दिएको तालिम गोष्ठीमा सक्रियताका साथ सहभागी जनाउन कर्मचारीहरुलाई उत्प्रेरित गरिएको छ । किनभने संस्था सञ्चालन नियम पालनका केन्द्र भनेका कर्मचारीनै हुन । सञ्चालकले पनि आवश्यकताको आधारमा सहभागिता जनाइएको छ । संस्थामा सञ्चालक प्रोबेशन तथा केयर कार्यक्रमको समीक्षा सम्बन्धी ४ वटा कार्यक्रममा सहभागि भइ अन्य सहकारीका अभ्यासबाट आएका सकारात्मक सिकाइ र सहकारी अभियानले प्रदान गरेको सुझाबहरुलाई पालना गरिएको छ । नेफ्स्कुन बाट आयोजना गरिएको स्थिरिकरण कोष सम्बन्धी गोष्ठी तथा नफ्स्कुनको ३३ औं वार्षिक साधारण साभामा संस्थाका अध्यक्ष श्री महेन्द्र प्रसाद शर्माको उपस्थिति रहेको थियो, भने नियमनकारी निकायबाट जारी गरिएका निर्देशनहरुको बारेमा अभिमुखीकरण तालिममा संस्थाका सञ्चालक समितिका सचिब मोहनदेव गिरी, वार्षिक नीति कार्यक्रम तथा बजेट निर्माण तालिम

संस्थाका कोषाध्यक्ष शेर बहादुर शाही, सहकारी व्यवस्थापन तथा नेतृत्व विकास तालिममा व्यवस्थापक तिलकराज आचार्य, धितो मूल्याङ्कन तथा धितो लिलाम विक्रि सम्बन्धी कानुनी प्रावधान तालिममा ऋण प्रमुख समिर धमाला, लेखा व्यवस्थापन तालिममा वरिष्ठ लेखा सहायक लक्ष्मी फौजा, ऋण जोखिम व्यवस्थापन तालिममा ऋण सहायक श्रृजना कुमारी लिम्बू, सदस्यसँग सम्बन्ध विस्तार र बजारिकरण विषयक तालिममा नगद सहायक टंक प्रसाद आचार्य र सदस्य सम्बन्ध विकास प्रशिक्षण तालिममा बजार प्रतिनिधि टेकराज भण्डारीको सहभागिता रहेको थियो ।

**७. विश्वासनीय सेवा र नयाँ प्रविधिको प्रयोग**

यस संस्थाबाट सम्पन्न हुने दैनिक मासिक तथा साप्ताहिक आर्थिक कार्यलाई थप सहज र सुरक्षित बनाउन संस्थाको आर्थिक कारोबार क्लाउड वेस सफ्ट्वेयर मार्फत सञ्चालन गरिएको छ । मोबाइल रिचार्ज गर्न, लेण्डलाइन टेलिफोनको विल तिर्न, डिस होमको रिचार्ज गर्न, विजुलि पानीको महसुल भुक्तानी तिर्ने व्यवस्था मिलाएका छौं र यसका साथै संस्थाको सेवा प्रवाह र सूचनाको जानकारी दिन दैनिक रुपमा फेसबुक पेज र वेभसाइट अध्यावधिक गर्ने कार्य गरिएको छ । संस्थाको कार्यलय बाट रेमिट्यान्स सम्बन्धी सम्पूर्ण सेवाहरु उपलब्ध गराइएको छ । सहकारी विभागको अनलाइन पोर्टल कोपोमिसमा सदस्यहरुको विवरण अध्यावधिक गर्ने र मासिक रुपमा प्रतिवेदन प्रविष्टि गर्ने कार्यलाइ निरन्तरता दिइएको छ । संस्थाका हरेक कारोबारलाई चुस्त दुरुस्त राख्नका लागि नीति, विधि, प्रविधि र सुशासनलाई अक्षरशः पालना गरी संस्थालाई गुणस्तरीय ढङ्गबाट अगाडि बढाइएको छ ।

**८. भौतिक तथा प्रशासनिक सुधार र शुसासन**

संस्थामा प्रयोग गरिने भौतिक व्यवस्थापन प्रविधिहरु समयानुकूल परिवर्तन र सुधार गर्दै नयाँ प्रतिस्पर्धी संसारमा अगाडि बढ्नु अत्यन्त आवश्यक भएकाले संस्थाले पुरानो भवनको पछाडी नयाँ भुकम्प प्रतिरोधि भवन कार्यलाइ व्यवस्थित, मर्यादित र पारदर्शी बनाउनका लागि प्रोजेक्टर मार्फत श्रव्यदृश्य गरी निर्णय लेखन र प्रमाणित गर्ने कार्य निरन्तर भइरहेको छ । संस्थाको साखागत कार्यकक्षलाई व्यवस्थित गर्न संस्थाको अभिलेख सुरक्षित र व्यवस्थित राख्न तथा सहकारी शिक्षा एवं वित्तीय साक्षरता र विभिन्न किसिमका गोष्ठीहरु सञ्चालन गर्ने कार्यलाई सहज बनाउनका लागि नयाँ भवनको निर्माण गरिएको छ । संस्थामा कार्यरत कर्मचारीहरुलाई कार्यालय समयको अनुशासन पालना गराउनका लागि ई हाजिरि मेशिनको प्रयोग र प्रभावकारी कार्यान्वयन भइरहेको छ । संस्थाको सूचना तथा जानकारी सदस्यहरुले सजिलै प्राप्त गर्न सकुन भनि डिजिटल सूचना पार्टी र वेभसाइटको प्रभावकारी कार्यान्वयन गरिएको छ । संस्थाको काउन्टरलाई सुरक्षित र व्यवस्थित बनाउनको लागि भल्ट तथा काउन्टरको बिमा, सि.सि. क्यामराको जडान गरी समय समयमा त्यसको स्तर उन्नति गरी राखिएको छ । सदस्यहरुले पालो पर्खने ठाँउमा टिभिको तथा सदस्यहरुलाई समयानुकूल तातो चिसो पिउने पानिको व्यवस्था गरिएको छ । संस्थाको कार्यालय सञ्चालनका लागि आवश्यक विद्युतीय उपकरणहरुको व्यवस्थापन गरी छिटो छरितो र विश्वसनीय ढंगबाट सेवा प्रवाह भैरहेको छ ।

### ९. सदस्यको योगदानमा आधारित सदस्य राहत

यस जनकल्याण बचत तथा ऋण सहकारीले योगदानमा आधारित राहात कार्य सञ्चालन गरिएको छ जो प्रत्येक वर्ष सदस्यहरुले १०० योगदान गर्ने र सो योगदानमा जति रकम हुन्छ त्यतिनै संस्थाले थप गरी संस्थाको आन्तरिक कार्यविधि अनुसार २० हजार सम्म मृत राहत २ हजार सुत्केरी पोषण तथा अन्य प्राकृतिक प्रकोष तथा ठुला रोगले लागि ग्रस्त भएका सदस्यहरुलाई पनि कम्तिमा एक पटक ५ हजार सम्म प्रदान गर्दै आएको छ । यस वर्ष ०८१/०८२ मा पनि यस संस्थामा रहेका बालबचतकर्ता मध्ये ४२१ जना बाल सदस्यहरुलाई जन्मदिनको उपलक्ष्यमा जन्मदिन विशेष उपहार प्रदान गरिएको छ भने यस आर्थिक वर्षमा १७ जना महिला शेयर सदस्यहरुलाई सुत्केरी पोषण भत्ता बापत ३४ हजार रुपैया उपलब्ध गराइएको छ, शेयर सदस्य तथा सदस्यको परिवार मृत्यु संस्कार राहत तथा भेटघाटमा १ लाख ४५ हजार ५ सय ४५ रुपैया र १ जना शेयर सदस्यको घरमा विजुलीको सर्टसर्किट बाट आगलागि भइ क्षति भएकोमा सहकारीको तर्फबाट ५ हजार सदस्य राहत रकम प्रदान गरी यस वर्ष कुल १ लाख ८४ हजार ५ सय ४५ रुपैया खर्च भएको छ। यस आ.व. को अन्त्य सम्ममा सदस्यहरुको योगदान र सोहि बराबर संस्थाले कोषमा थप गर्दा राहत कोषको आकारमा वृद्धि हुदै १६ लाख ५० हजार ४ सय ८२ भएको छ ।

### १०. ३०औं स्थापना दिवस सम्मान पुरस्कार तथा सामाजिक कार्य

यस संस्थाको ३० औं जन्मोत्सव पनि प्रत्येक वर्ष झै यस वर्ष पनि विभिन्न कार्यक्रमहरु गरी उल्लासका साथ २०८२ जेठ २२ गते देखि जेठ २८ गते सम्पन्न गरेका छौं जसमा जेठ २२ गते ७५ वर्ष भन्दा माथिका ४७ जना जेष्ठ शेयर सदस्यहरुलाई सामाजिक सुरक्षा भत्ता वितरण, जेठ २३ गते ७० वर्ष देखि ७५ वर्ष सम्मका ५१ जना जेष्ठ शेयर सदस्यहरुलाई सम्मान वितरण, २४ गते १३६ शेयर सदस्यहरुको निशुल्क कानको स्वास्थ्य परिक्षण गरिएको, २५ गते मा. वि. स्तरीय निबन्ध लेखन प्रतियोगिता, जेठ २६ गते रक्तदान कार्यक्रम सम्पन्न गरिएको जसमा २२ पिन्ट रगत सङ्कलन गरिएको थियो, जेठ २७ गते सहकारीको प्राङ्गढ वरपर सरसफाई गरिएको थियो र २८ गते औंपचारिक कार्यक्रम मार्फत सम्मानित सबै शेयर सदस्य कर्मचारी तथा सामाजिक व्यक्तित्वहरुलाइ सम्मान पत्र तथा दोसल्ला द्वारा सम्मान गरी ३० औं स्थापना दिवस सम्पन्न गरिएको थियो ।

### ११. श्रद्धान्जली

यस संस्थाले सदा झै यस आ.व. ०८१/०८२ मा पनि आफ्ना गुमेका सदस्यहरुको घरमा गई श्रद्धान्जली दिने राहत वितरण गर्ने कार्य तत् तत् समयमा नै सम्पन्न गरेको छ जसमा १० जना संस्थाको शेयर सदस्यहरु हुनुहुन्थ्यो भने १ जना सदस्यको एकाघर परिवारको हुनहुन्थ्यो । यस वर्ष गुमेका सदस्यहरु प्रति मर्माहितका साथ सोक सन्तप्त परिवार प्रति धैर्य धारण गर्ने शक्ति मिलोस भनि प्राथना गरेको छु ।

**आदरणीय शेयर सदस्यज्यूहरु,**

अब म आगामि वर्ष २०८२/०८३ को प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

**१) कार्यक्रमः शेयर सदस्य, शेयर पूँजी र बचत वृद्धि**

*शेयर सदस्य सङ्ख्या ३०००, शेयर पूँजी ३ करोड ५० लाख, बचत ३० करोड ६० लाख र वासताल ३८ करोड ५० लाख पुऱ्याइने छ ।*

क) सबै शेयर सदस्यलाई कम्तिमा शेयर २००० (२० थान) पुऱ्याउन अनुरोध गरिने छ ।

ख) मेरो साथि म सँगै र मेरा परिवारका सबै सदस्य जनकल्याणका सदस्य बनाउन अनुरोध गर्ने।

ग) कम्तिमा १० जना भन्दा बढि सदस्य बनाउने सबै व्यक्तिलाई पुरस्कृत गरिने ।

घ) सदस्यहरुको चाहना सर्वेक्षण गरी सोही बमोजिम बचत विधिमा सुधार गरी आवश्यकताको आधारमा नयाँ बचतका योजना सञ्चालन गरिने ।

ङ) ३१औं स्थापना दिवस २०८३ जेठ २८ गते लाई मनाउन जेठ १ देखि मसान्त सम्ममा सहकारीले सदस्यता प्रदान गर्दाको क्रममा लिइने सम्पूर्ण शुल्कहरु छुट दिइने छ ।

च) सबै शेयर सदस्यहरुलाई कम्तिमा मासिक ५००/- बचत गर्न अनुरोध गरिने छ ।

छ) मासिक ५०० भन्दा माथि जम्मा गर्नेहरुबाट गोला प्रथाद्वारा छनोट गरी १२ जना सदस्यहरुलाई पुरस्कृत गरिने छ ।

ज) सर्वाधिक मासिक बचतकर्ता, बाल बचतकर्ता, गृहणी बचतकर्ता र शेयर खरिदकर्ताहरुलाई पुरस्कृत गरिने छ ।

झ) सबैभन्दा बढि मासिक दरमा बचत गर्ने बचत कर्तालाई पुरस्कृत गरिने छ ।

ञ) ५० हजार भन्दा बढि शेयर खरिद कर्ताहरुमध्येबाट गोला प्रथाद्वारा १२ जनालाई पुरस्कृत गरिने छ ।

ट) यस वर्षमा सबैभन्दा बढि शेयर खरिद कर्ता १/१ जना महिला पुरुषलाई पुरस्कृत गरिने छ ।

**२) कार्यक्रमः सुरक्षित ऋण लगानी र नियमित किस्ता प्राप्ती**

**लक्ष्यः**

ऋण लगानीको ७५ प्रतिशत मासिक किस्ता बनाउने प्रयास गर्ने ।

**नीतिः**

क) तोकिएको समयमा ऋणको ब्याज, किस्ता बुझाउनेलाई ५ प्रतिशत ब्याज छुट दिने कार्यलाई निरन्तरता दिने ।

ख) असल ऋणीले ऋण चुक्ता गरी पुनः माग गरेमा पहिलो ग्राहेता दिइने छ ।

ग) नियमित किस्ता बुझाउने १२ जनालाई गोलाप्रथा द्वारा स्थापना दिवसको अवसरमा पुरस्कृत गरिने छ ।

घ) उत्पादन मूलक क्षेत्रमा ऋण लगानीलाई प्राथमिकता दिने ।

ङ) ऋण लगानी गर्नु पूर्व र ऋण लगानी पश्चात अनुगमनलाई कडाइ गरिने छ ।

च) ऋण लागानी गर्दा ऋणीको पारिवारिक स्वीकृती लिने कार्य अनिवार्य गरिने छ

छ) ऋण लगानी पूर्व ५ सि को अध्यायन गरिने छ ।

ज) प्रदेश सरकार द्वारा लागु गरेको कृषिमा ब्याज अनुदान कार्यक्रमलाई निरन्तरता दिइने छ ।

झ) ऋणको भाखा नाघेको पहिलो किस्ता बाट नै कडाई गर्ने व्यवस्था मिलाइने छ ।

**३) कार्यक्रमः तालिम तथा गोष्ठी**

<u>लक्ष्यः</u>

तालिम ७ वटा, गोष्ठी २ वटा ।

<u>नीतिः</u>

क) आवश्यकताको आधारमा संस्थामा कार्यरत कर्मचारीलाई सबै स्तरका तालिमको सुविधा दिन सकिने छ ।

ख) शेयर सदस्यहरुलाई शिक्षा उपसमितिको योजना अनुसार सहकारी शिक्षा, ऋण शिक्षा, वित्तीय साक्षरता सम्बन्धी शिक्षा र सरकार बाट जारी गरिएको निर्देशनहरुको बारेमा जानकारी दिने व्यवस्था मिलाइने छ ।

ग) सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र उपसमितिको क्षमता विकास तालिम विषय विज्ञद्वारा दिइने छ ।

घ) छाता संगठन तथा नियमनकारी निकायहरुबाट सञ्चालन गरिने सबै तालिम तथा गोष्ठीहरुमा आवश्यकताका आधारमा सञ्चालक तथा कर्मचारीहरुको सहभागिता जनाइने छ ।

ङ) प्रोवेशन र केयर कार्यक्रमका सूचकहरु सबै पूरा गर्ने प्रयास गरिने छ ।

**४) कार्यक्रमः दक्ष जनशक्ति, भौतिक व्यवस्थापन र प्रविधिको प्रयोग**

<u>लक्ष्यः</u> आवश्यकता अनुसार कर्मचारी थप, विद्युतीय उपकरणको प्रयोग, फर्निचरको व्यवस्था गरिने ।

<u>नीतिहरुः</u>

क) संस्थाको आर्थिक क्षमता, सदस्य सङ्ख्या, ऋण लागनीको आधार मानी कर्मचारी थप गरिने छ।

ख) नयाँ भवनमा विविध समस्याले खरिद गर्न नसकेको फर्निचर सी.सी. क्यामरा आगामी वर्षमा खरिद गर्ने व्यवस्था मिलाइने छ ।

ग) संस्थाको वेभसाइट, फेसबुक पेजलाई थप प्रभावकारी बनाइने छ ।

घ) डिजिटल सूचना पाटीलाई थप प्रभावकारी बनाई सदस्यहरुलाई संस्थाको सूचना सहजै प्रदान गरिने छ ।

ङ) भल्टको थप व्यवस्थापन र बिमा नविकरण गरिने छ ।

च) एस.एम.एस. सिस्टमलाई थप प्रभावकारी बनाईने छ ।

छ) सञ्चालक समितिको बैठक कक्षमा प्रोजेक्टर मार्फत डिस्प्ले गराइ सबै निर्णयहरु कम्प्युटराइज गराइने छ ।

ज) कर्मचारीलाई तालिमको व्यवस्था गरी दक्ष बनाइने छ ।

**५) कार्यक्रमः सदस्य हेरचाह, सेवा, राहत तथा सामाजिक कार्य**

<u>लक्ष्यः</u>

संस्थाद्वारा निर्मित कार्यविधि तथा कार्ययोजना अनुसार गरिने ।

<u>नीतिः</u>

क) माथि उल्लेखित विभिन्न बचत तथा कर्जामा दिइदै आएको पुरस्कार कार्यविधिको आधारमा दिइने ।

ख) ७० वर्ष देखि ७५ वर्ष सम्मका जेष्ठ सदस्यहरुलाई सम्मान गरिने ।

ग) ७५ वर्ष भन्दा माथिका जेष्ठ सदस्यलाई मासिक रु.१५० का दरले वार्षिक रु. १८०० स्थापना दिवसमा वितरण गरिने ।

घ) समाज तथा जनकल्याणको विकासमा योगदान पुऱ्याउने व्यक्ति २ जनालाई सम्मान गर्ने ।

ङ) कार्यविधी अनुसार मृत्यु संस्कार प्राकृतिक प्रकोपमा परेका परिवारलाई राहात उपलब्ध गराइने ।

च) सुत्केरी सदस्यलाई सुत्केरी पोषण खर्च उपलब्ध गराउने ।

छ) स्वास्थ्य र जनचेतना सहितका कार्यक्रम छानी सञ्चालन गर्ने ।

**६) कार्यक्रमः स्थापना दिवस कार्यक्रम**

लक्ष्यः एक साता भरि दैनिक कम्तिमा एउटा कार्यक्रम गरी मनाउने ।

नीतिः

क) रक्तदान नै सर्वोत्कृष्ट दान भएकाले निरन्तरता दिइने छ ।

ख) विद्यार्थी प्रतिभाका लागि एउटा विषय छनौट गरी प्रतिस्पर्धा गराइने छ ।

ग) विभिन्न विधामा सर्वोत्कृष्ट सदस्यहरु र गोलाप्रथा द्वारा छनौट भएका असल सदस्यहरुलाई पुरस्कृत गरिने छ ।

घ) स्वास्थ्य शिविर सञ्चालन गरिने छ ।

ङ) समुदायमा आधारित एउटा कार्य छनौट गरी सम्पन्न गरिने छ ।

**७) कार्यक्रमः प्रोवेशन र केयरको ब्राण्ड प्राप्ती**

लक्ष्यः प्रोवेशन र केयर कार्यक्रमले तोकेको सबै सूचक पूरा गर्ने ।

नीतिः

क) प्रोवेशन र केयर कार्यक्रमले देखाएका सबै कमजोरीहरु सुधार गर्ने ।

ख) यस आ.व. मा दुबै कार्यक्रमको अडिट गराउने ।

ग) नेफ्स्कुन र रा.स. बैंकले सञ्चालन गरेका सबै कार्यमा सक्रिय सहभागिता जनाउने ।

**८) कार्यक्रमः शुसासन तथा पारदर्शिता**

लक्ष्यः संस्थाका सबै आर्थिक क्रियाकलापलाई फेसबुक र वेभसाइट बाट प्रकाशन गर्ने ।

नीतिः

क) संस्थाको खरिद प्रकृयालाई पारदर्शी बनाउन कोटेशन माग गरी घटिघटाउको आधारमा खरिद गर्ने प्रकृया मिलाइने छ ।

ख) संस्थाको आर्थिक कारोबार मासिक रुपमा वेभसाइट,फेसबकु पेज,सूचनापाटी मार्फत सार्वजनिक गरिने छ ।

ग) सम्पत्ति शुद्धिकरण लगाएत राज्यले जारी गरेका सम्पूर्ण ऐन नियम कार्यविधिको पूर्ण पालना गरिनेछ ।

घ) सहकारी विभागले सञ्चालन गरेको कोपोमिसमा मासिक रुपमा विवरण अध्यावधिक गरिने छ।

ङ) संस्थाले जारी गर्न मिल्ने विवरण सदस्यले माग गरेमा उपलब्ध गराउने व्यवस्था मिलाईने छ।

च) संस्थाका प्रमुख व्यक्तिहरुको सेवा सुविधा हरेक वर्ष साधारण सभाबाट पास गराइने छ ।

छ) सबै समिति उपसमितिको त्रैमासिक समिक्षा गोष्ठी गरिने छ ।

**९) कार्यक्रमः संस्थाको संगठन तथा पहुँच**

लक्ष्यः सेवा केन्द्र विस्तार र सहकारी एकीकरणको प्रयास

नीतिः

क) संस्थाले कार्यक्षेत्र भित्र सदस्य कम भएको ठाँउ तोकि सदस्य वृद्धि गर्ने कार्य गर्ने ।

ख) सबै प्रकृतिका सहकारीसँग एकीकरणको प्रयास गर्ने ।

ग) सहकारी ऐनले दिएको सङ्ख्या नपुगेको तर संस्थाबाट टाढा भएको ठाँउमा आवश्यकता अनुसार घुम्ति सेवा सञ्चालन गर्ने ।

**१०) कार्यालय सञ्चालन**

**लक्ष्यः** सार्वजनिक बिदाका दिनमा बिहान ७ देखि ९ बजेसम्म र अरु सबै दिन बिहान ७ बजेदेखि ५ बजेसम्म कार्यालय सञ्चालन गरिने ।

नीतिहरुः

क) बडा दशैको दिन, भाइटिकाको दिन र नयाँ वर्षको दिन गरी एक वर्षमा जम्मा ३ दिन मात्र कार्यालय पूर्ण रुपले बन्द रहने छ ।

अन्तमा माथिका सबै कार्यक्रमको स्रोत कोषाध्यक्षको प्रतिवेदनबाट थाहा नै हुने छ । यस संस्थाको प्रगति उन्नतिको लागि चिन्तन मनन गर्ने सबै शुभचिन्तकहरु प्रति सहकारी अभिवादन दिदै बिदा हुन्छु ।

*धन्यवाद ! जय सहकारी !! जय जनकल्याण !!!*

**महेन्द्र प्रसाद शर्मा**

अध्यक्ष

## सहकारीका सिद्धान्तहरू

- ➢ स्वेच्छिक तथा खुल्ला सदस्यता (Voluntary & Open Membership)
- ➢ सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रण (Member's Democratic Control)
- ➢ सदस्यहरुको आर्थिक सहभागिता (Member's Economic Praticiapation)
- ➢ स्वयत्तता र स्वतन्त्रता (Autonomy & Independence)
- ➢ शिक्षा, तालिम र सूचना (Education, Training & Informations)
- ➢ सहकारीहरुबीच पारस्परिक सहयोग (Co-operation among Co-operative)
- ➢ समुदायप्रति चासो (Concern Community)

## ३०औं वार्षिक साधारणसभामा कोषाध्यक्षद्वारा प्रस्तुत

# आर्थिक प्रतिवेदन आ.व. २०८१/०८२



शेर बहादुर शाही

*आदरणीय शेयर सदस्यज्यूहरु,*

यस जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि. वीरेन्द्रनगर १, सुर्खेतको ३०औं वार्षिक साधारण सभाका सभाध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू, अन्य अतिथि ज्यू, सम्पूर्ण यस संस्थाका मालिक शेयर सदस्य ज्यूहरु, सञ्चालक तथा पुर्व सञ्चालक समितिका पदाधिकारी एंव सदस्य साथिहरु, संस्थाको उन्नती र प्रगतिका लागि आवश्यक सल्लाह दिनुहुने सल्लाहकार ज्यूहरु, लेखा सुपरिवेक्षण समितिका संयोजक एवं सदस्य ज्यूहरु, उपसमितिका संयोजक एवं सदस्य ज्यूहरु, कर्मचारी मित्रहरु, समाजसेवी, बुद्धिजिवी, उद्योगी, व्यापारी, सुरक्षाकर्मी तथा पत्रकार बन्धुहरु सम्पूर्णमा सहकारी अभिवादन व्यक्त गर्दछु ।

*आदरणीय शेयर सदस्यज्यूहरु*

सहकारी राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा समुन्नत बनाँउने सामाजिक न्याय सहितको समतामूलक दिगो अर्थतन्त्र निर्माणको आधार हो । त्यसैले नयाँ नेपाल निर्माणमा सहकारी क्षेत्रको महत्वपूर्ण भूमिका रहेको छ । बजार केन्द्रित अर्थतन्त्रका कारण आयको वितरण न्यायोचित नहुँदा समाजमा असमानता, असन्तुष्टि हुन गई विभिन्न मुलुकमा द्वन्द्व र कहिलेकाहिँ विनाशको अवस्था देखिएको हुन्छ । उत्पादन र बजारीकरणमा स्थानिय समुदायको सहभागिता सुनिश्चित गर्न सहकारी एउटा पूरक पात्र हुने गरेको छ । समाजमा जातिय, लैंगिक, भौगोलिक लगायत बहुआयामिक असमानता रहने र तिनलाई न्युनिकरण गर्नमा सहकारी एक उपयुक्त माध्यम हो । सहकारी क्षेत्र राज्य र निजी क्षेत्रको प्रतिस्पर्धी नभई परिपूरक मात्र हो । राज्यद्वारा प्रदान गरिने वितरणलाई तल्लो तहसम्म पुर्याउन सहकारी मार्फत गर्नु उपयुक्त हुन्छ । राज्य जान नसक्ने तथा निजी क्षेत्र जान नचाहने क्षेत्रमा सिर्जित अन्तराल सहकारीले पुरा गर्न सक्दछ ।

### १) कुल पूँजी वृद्धि

गत आ.व. ०८०/०८१ को अन्त्यसम्ममा यस संस्थाको कुल पूँजी रकम रु. ३०,७२,२८,७९९.२३ पैसा भएकोमा यस आ.व. ०८१/०८२ मा रु. ४,३५,३७०.५९ ले वृद्धि भई आ.व. ०८१/०८२ को अन्त्यमा संस्थाको कुल पूँजी रकम रु. ३५,०७,२९,१६९.८२ भएको छ । तर बाह्य लेखा परिक्षकको प्रतिवेदनमा भने ऋण सुरक्षण कोषमा भएको रकम रु. १,३५,२४,७६०.३२ लाई कुल पूँजी बाट घटाइ शुद्ध पूँजी ३३,७२,०४,४०९.५० मात्र लेखिएको कुरा स्पस्ट पार्न चाहान्छु ।

### २) शेयर पूँजी वृद्धि

संस्थाको शेयर पूँजी तर्फ गत आ.व. ०८०/०८१ को अन्त्यसम्ममा शेयर पूँजी रकम रु. २,९८,४५,२०० रुपैयाँ रहेकोमा यस आ.व. ०८१/०८२ मा रु. २१,५७,७०० रुपैयाँले वृद्धि भई यस आ.व. को अन्त्यसम्ममा कुल शेयर पूँजी रकम रु. ३,२०,०२,९०० रुपैयाँ भएको छ ।

**३) बचत बृद्धिः**

गत आ.व. ०८०/०८१ को अन्त्यसम्ममा यस संस्थामा कुल बचत रकम रु. २३,९५,५०,८,७०.१२ रहेकोमा यस आ.व. ०८१/०८२ मा रु. ३,३२,८३,९,८४.६२ वृद्धि भई आ.व.०८१/०८२ को अन्त्यमा कुल बचत निक्षेप रकम रु. २७,२८,३४,८५४.७४ रहेको छ ।

**४) संस्थागत पूँजी तथा अन्य कोष वृद्धिको अवस्थाः**

संस्थाको आ.व. ०८०/०८१ को अन्त्यसम्ममा संस्थागत पूँजी, अन्य कोषहरु तथा ऋण सुरक्षण कोष समेतको रकम रु. ३,५६,७४,४,८० रुपैयाँ रहेकोमा यस आ.व. ०८१/०८२ मा रु. ६७,००,२१६.१५ वृद्धि भई आ.व. ०८१/०८२ को अन्त्यमा संस्थागत पूँजी तथा अन्य कोषको रकम रु. ४,२३,७४,६९६.१५ रहेको छ ।

**५) बाह्य ऋणको अवस्थाः**

यस आ.व. ०८१/०८२ मा संस्थामा तरलता संकट नपरेको कारण कुनैपनि प्रकारको बाह्य ऋण नरहेको कुरा सम्मानित सभामा जानकारी गराउन चाहान्छु ।

**६) लगानीमा रहेको ऋणको अवस्थाः**

संस्थाको आ.व. ०८०/०८१ को अन्त्यमा लगानीमा रहेको ऋण रकम रु. 20,८०,९२,०४३.४९ रहेकोमा यस आ.व. ०८१/०८२ देशमा विद्यमान सहकारी मुद्धाहरु तथा सहकारी प्रति नकरात्मक सोचका कारण, आर्थिक मन्दिको फल स्वरुप संस्थामा समेत ऋणको माग खुम्चिएको अवस्थामा रहेको छ । यस आ.व. ०८१/०८२ मा सदस्यलाई नयाँ ऋण लगानी रु. १८,८६,९४,५०० भएको र सदस्यबाट ऋण असुली रु. १७,६९,३९,६२४.७८ भई आ.व. ०८१/०८२ को अन्त्यमा शेयर सदस्यलाई लगानी गरेको कुल ऋण रकम रु. २१,९८,४६,९,१८.७१ रहेको छ, तर बाह्य लेखा परिक्षण प्रतिवेदनमा लगानीमा रहेको ऋण २०,६३,२२,१५८.३९ देखिएको छ, जुन भाखा नाघेको ऋणको सुरक्षण कोषमा रहेको रकम रु.१,३५,२४,७६०.३२ घटाइ शुद्ध ऋण लागानी रकम मात्र देखाइएको कुरा सम्मानित सभामा जानकारी गराउन चाहान्छु ।

**७) स्थिर सम्पत्तिको अवस्थाः**

गत आ.व. ०८०/०८१ मा संस्थाको स्थिर सम्पत्ती रकम ३२,८६,८३४.२२ भएकोमा यस आ.व. मा ५७,८०,४१२.१८ रुपैयाँको नयाँ सम्पत्ती सामान खरिद भएको र यस वर्ष स्थिर सम्पत्ति सामानमा रु. ९,१५,६८५.१८ ह्रासकट्टि वापत खर्च भएको हुँदा आ.व. ०८१/०८२ को अन्त्यमा स्थिर सम्पत्तीमा जम्मा रु. ८१,५१,५६१.२२ रहेको छ ।

**८) शुद्ध बचत (मुनाफा) विश्लेषणः**

गत साधारणसभाबाट पारित अनुमानित बजेटमा यस आ.व. ०८१/०८२ मा शुद्ध बचत रु. ८७,२०,५५० अनुमान गरिएकोमा यस वर्ष कर्जा असुलीमा कडाइ गरिएको हुनाले यस आर्थिक वर्षमा भाखा नाघेको ऋण असुल भएका कारण ऋण सुरक्षण कोषमा रहेको रकम बाट २५,८२,७६८.८१ आम्दानी बाँधी कुल शुद्ध नाफा ९९,४८,०४६.७७ विभिन्न कोषमा बाँडफाँड गरिएको छ । बाँडफाँड पश्चात विभिन्न कोषमा वितरण भएको रकम

मध्येबाट शेयर लाभांश कोषमा रहेको रकमबाट वितरण गर्नेगरि यस वर्ष शेयरमा १० प्रतिशत लाभाशँ वितरण गर्ने प्रस्ताव गरिएको जानकारी गराउँदछु ।

**९) सदस्यता वृद्धि विश्लेषणः**

गत आ.व. ०८०/०८१ मा संस्थामा आवद्ध शेयर सदस्यको सङ्ख्या २६६९ भएकोमा यस आ.व. ०८१/०८२ मा १२३ जना नयाँ सदस्य वृद्धि भएको हुँदा आ.व. को अन्त्यमा कुल शेयर सदस्यको सङ्ख्या २७९२ जना कायम रहेको छ ।

सभापति महोदय,

अब म यस सम्मानित सभा समक्ष आ.व. ०८१/०८२ को प्रस्तावित तथा यथार्थ एवं आ.व. ०८२/०८३ को प्रस्तावित बजेट संक्षेपमा प्रस्तुत गर्न गईरहेको छु । शेयर सदस्यज्यूहरुको जानकारीका लागि बजेटसँग सम्बन्धित अनूसूचीहरु यसै साथ संलग्न गरिएको छ ।

**आ.व. ०८१/०८२ को प्रस्तावित, आ.व. ०८१/०८२ को यथार्थ तथा आ.व. ०८२/०८३ को प्रस्तावित बजेट**

| आम्दानी तर्फ | | | | |
|---|---|---|---|---|
| क्र. सं. | विवरण | आ.व. ०८१/०८२ को प्रस्तावित | आ.व. ०८१/०८२ को यथार्थ | आ.व. ०८२/०८३ को प्रस्तावित |
| १ | ब्याज आम्दानी (अनुसूची १) | ३,९८,०१,०००.०० | ३,३५,५८,४७६.९८ | ४,२५,५१,०००.०० |
| २ | लाभांशबाट आम्दानी (अनुसूची २) | २,४५,०००.०० | - | २,४६,०००.०० |
| ३ | ऋण सुरक्षण कोष आम्दानी | | २५,८२,७६८.८१ | |
| ४ | अन्य सञ्चालन आम्दानी (अनुसूची ३) | १६,४१,०००.०० | २१,४६,९७३.०७ | २१,५७,७००.०० |
| **जम्मा** | | **४,१६,८७,०००.००** | **३,८२,८८,२१८.८६** | **४,४९,५४,७००.००** |
| **खर्च तर्फ** | | | | |
| क्र. सं. | विवरण | आ.व. ०८ १/०८२ को प्रस्तावित | आ.व. ०८१/ ०८२ को यथार्थ | आ.व. ०८२/०८३ को प्रस्तावित |
| १ | बचतमा ब्याज खर्च | २,२०,००,०००.०० | १,९६,९७,२६३.९२ | २,५०,००,०००.०० |
| २ | ऋणको ब्याजमा छुट खर्च | ६,५०,०००.०० | ५,३५,८६१.४५ | ६,५०,०००.०० |
| ३ | कर्मचारी खर्च (अनुसूची ४) | ४१,३५,०००.०० | २९,९९,००२.५७ | ४२,२०,०००.०० |
| ४ | बाह्य ऋणमा ब्याज खर्च | - | - | - |
| ५ | शुसासन तथा कार्यक्रमिक खर्च (अनुसूची ५) | ३४,५०,०००.०० | २६,३४,१२५.४३ | ३६,५५,०००.०० |
| ६ | बजार खर्च (अनुसूची ६) | ७०,०००.०० | - | ५०,०००.०० |
| ७ | ह्रासकट्टि खर्च | ६,५०,०००.०० | ९,१५,६८५.१८ | ८,५०,०००.०० |
| ८ | प्रशासनिक खर्च (अनुसूची ७) | १०,४२,५००.०० | ६,१४,६४५.०९ | १०,३०,०००.०० |

| | | | | |
|---|---|---|---|---|
| ९ | ऋण सुरक्षण खर्च | - | - | - |
| | स्थगन कर खर्च | | ९४,३४१.४७ | |
| १० | आयकर | ९,६८,९५०.०० | ८,४९,२४६.९८ | १०,६८,९५०.०० |
| ११ | **कुल जम्मा व्यय** | **३,२९,६६,४५०.००** | **२,८३,४०,१७२.०९** | **३,६५,२३,९५०.००** |
| १२ | **शुद्ध बचत (नाफा)** | **८७,२०,५५०.००** | **९९,४८,०४६.७७** | **८४,३०,७५०.००** |
| | **कुल जम्मा** | **४,१६,८७,०००.००** | **३,८२,८८,२१८.८६** | |

| **पूँजी तथा दायित्व** | | | | |
|---|---|---|---|---|
| **क्र. सं.** | **विवरण** | **आ.व. ०८१/०८२ को प्रस्तावित** | **आ.व. ०८१/०८२ को यथार्थ** | **आ.व. ०८२/०८३ को प्रस्तावित** |
| १ | शेयर पूँजी | ३,४०,००,०००.०० | ३,२०,०२,९००.०० | ३,५०,००,०००.०० |
| २ | संस्थागत पूँजी (जगेडा कोष र घाटापुर्ती कोष) | २,४०,००,०००.०० | २,१०,९८,२९३.७९ | २,४०,००,०००.०० |
| ३ | अन्य कोषहरु | ८०,००,०००.०० | ७७,५१,६४२.०४ | ८०,००,०००.०० |
| ४ | बचत (निक्षेप) | २६,७०,००,०००.०० | २७,२८,३४,८५४.७४ | ३०,६०,००,०००.०० |
| ५ | ऋण सुरक्षण कोष | १,०५,००,०००.०० | १,३५,२४,७६०.३२ | १,०५,००,०००.०० |
| ६ | अल्पकालिन तथा दिर्घकालिन दायित्व | १५,००,०००.०० | ३५,१६,७१८.९३ | १५,००,०००.०० |
| ७ | अवितरित नाफा | - | - | - |
| | **जम्मा** | **३४,५०,००,०००.००** | **३५,०७,२९,१६९.८२** | **३८,५०,००,०००.००** |

| **सम्पत्ति तथा जायजेथा** | | | | |
|---|---|---|---|---|
| **क्र. सं.** | **विवरण** | **आ.व. ०८१/०८२ को प्रस्तावित** | **आ.व. ०८१/०८२ को यथार्थ** | **आ.व. ०८२/०८३ को प्रस्तावित** |
| १ | नगद मौज्दात | ५०,०००.०० | १६,००९.६६ | ५०,०००.०० |
| २ | बैंक मौज्दात | ५,००,००,०००.०० | ५,९७,००,९९४.३४ | ६,००,००,०००.०० |
| ३ | पाउनुपर्ने, धरौटी तथा सापटी | १०,००,०००.०० | ५,७७,२८५.५४ | १०,००,०००.०० |
| ४ | ऋण लगानी हिसाब | २५,१५,००,०००.०० | २१,९८,४६,९१८.७१ | २७,८६,००,०००.०० |
| ५ | लगानी हिसाब | ३,१८,००,०००.०० | ६,२२,९३,०००.०० | ३,५०,००,०००.०० |
| ६ | स्थिर सम्पत्ती | १,०५,००,०००.०० | ८१,५१,५६१.२२ | १,००,००,०००.०० |
| ७ | खर्च हुने सामग्री मौज्दात | १,५०,०००.०० | १,४३,४००.३५ | ३,५०,०००.०० |
| | **जम्मा** | **३४,५०,००,०००.००** | **३५,०७,२९,१६९.८२** | **३८,५०,००,०००.००** |

## आर्थिक प्रतिवेदन २०८२ संग सम्बन्धित अनुसूचीहरुः

**अनुसूची-१ ब्याज आम्दानी**

| क्र. सं. | विवरण | आ.व. ०८१/०८२ को प्रस्तावित | आ.व. ०८१/०८२ को यथार्थ | आ.व. ०८२/०८३ को प्रस्तावित |
|---|---|---|---|---|
| १ | ऋण लगानीबाट ब्याज आम्दानी | ३,६०,५०,०००.०० | ३,०२,६८,८३५.९६ | ३,८६,००,०००.०० |
| २ | राष्ट्रिय सहकारी बैंकबाट ब्याज आम्दानी | ८,००,०००.०० | ३,३१,००५.२६ | १२,००,०००.०० |
| ३ | नेफ्स्कुनबाट ब्याज आम्दानी | ११,००,०००.०० | ८,७९,६११.०३ | ७,००,०००.०० |
| ४ | कमर्सियल बैंकबाट ब्याज आम्दानी | ५०,०००.०० | २५,५२८.२३ | ५०,०००.०० |
| ५ | जिल्ला बचत संघबाट ब्याज आम्दानी | १,०००.०० | - | १,०००.०० |
| ६ | मुद्धती बचतबाट ब्याज प्राप्त | १८,००,०००.०० | २०,५३,४९६.५० | २०,००,०००.०० |
| | जम्मा | ३,९८,०१,०००.०० | ३,३५,५८,४७६.९८ | ४,२५,५१,०००.०० |

**अनुसूची-२ लाभांश आम्दानी**

| क्र. सं. | विवरण | आ.व. ०८१/०८२ को प्रस्तावित | आ.व. ०८१/०८२ को यथार्थ | आ.व. ०८२/०८३ को प्रस्तावित |
|---|---|---|---|---|
| १ | नेफ्स्कुनबाट लाभांश आम्दानी | १,५०,०००.०० | - | १,५०,०००.०० |
| २ | राष्ट्रिय सहकारी बैंकबाट लाभांश आम्दानी | १५,०००.०० | - | १५,०००.०० |
| ३ | राष्ट्रिय सहकारी बैंकबाट संरक्षित पूँजी फिर्ता कोषबाट आम्दानी | २०,०००.०० | - | २०,०००.०० |
| ४ | जिल्ला सहकारी संघबाट लाभांशआम्दानी | | - | १,०००.०० |
| ५ | नेफ्स्कुनबाट संरक्षित पूँजी फिर्ता कोषबाट आम्दानी | ६०,०००.०० | - | ६०,०००.०० |
| | **जम्मा** | **२,४५,०००.००** | **-** | **२,४६,०००.००** |

**अनुसूची - ३ अन्य सञ्चालन आम्दानी**

| क्र. सं. | विवरण | आ.व. ०८१/०८२ को प्रस्तावित | आ.व. ०८१/०८२ को यथार्थ | आ.व. ०८२/०८३ को प्रस्तावित |
|---|---|---|---|---|
| १ | ऋण फाइल शुल्क | १२,५०,०००.०० | १४,०३,३७३.०० | १७,००,०००.०० |
| २ | सदस्यता शुल्क | ६०,०००.०० | १७,०००.०० | ३१,७००.०० |
| ३ | पासबुक विक्री | १५,०००.०० | ७,६२०.०० | १५,०००.०० |

| | | | | |
|---|---|---|---|---|
| ४ | खाताबन्दी शुल्क | १५,०००.०० | १८,२३३.०० | १५,०००.०० |
| ५ | ऋणबाट विलम्ब शुल्क | २,५०,०००.०० | ५,७१,२७५.५० | ३,००,०००.०० |
| ६ | मासिक बचतबाट विलम्ब शुल्क | १५,०००.०० | ४३,५९५.०० | २०,०००.०० |
| ७ | रेमिट्यान्स कमीशन तथा शुल्क आम्दानी | २५,०००.०० | ८,२९५.०० | २५,०००.०० |
| ८ | सामग्री सेवा शुल्क | १,०००.०० | ८५०.०० | १,०००.०० |
| १० | विविध आम्दानी | १०,०००.०० | ७६,७३१.५७ | ५०,०००.०० |
| **जम्मा** | | **१६,४१,०००.००** | **२१,४६,९७३.०७** | **२१,५७,७००.००** |

**अनुसूची -४ कर्मचारी खर्च**

| क्र. सं. | विवरण | आ.व. ०८१/०८२ को प्रस्तावित | आ.व. ०८१/०८२ को यथार्थ | आ.व. ०८२/०८३ को प्रस्तावित |
|---|---|---|---|---|
| १ | तलब तथा भत्ता खर्च | ३०,००,०००.०० | २३,३४,७७२.२७ | ३२,००,०००.०० |
| २ | प्रशिक्षार्थी (इन्टर्नसिप) तलब | – | – | – |
| ३ | पर्व खर्च | २,५०,०००.०० | १,३६,६०५.१४ | २,००,०००.०० |
| ४ | बिदा सञ्चित खर्च | १,७५,०००.०० | ८५,८२८.१९ | १,५०,०००.०० |
| ५ | बिहानी सेवा (अतिरिक्त समय) खर्च | १,५०,०००.०० | ७१,५९९.९६ | १,००,०००.०० |
| ६ | सामाजिक सुरक्षा कोष खर्च | ४,००,०००.०० | २,३८,१९७.०१ | ४,००,०००.०० |
| ७ | पोषाक खर्च | ८०,०००.०० | ८०,०००.०० | ९०,०००.०० |
| ८ | व्यवस्थापकिय सञ्चार खर्च | ८०,०००.०० | ५२,०००.०० | ८०,०००.०० |
| **जम्मा** | | **४१,३५,०००.००** | **२९,९९,००२.५७** | **४२,२०,०००.००** |

## आर्थिक प्रतिवेदन २०८२ संग सम्बन्धित अनुसूचीहरुः

**अनुसूची -१ ब्याज आम्दानी**

| क्र. सं. | विवरण | आ.व. ०८१/०८२ को प्रस्तावित | आ.व. ८१/०८२ को यथार्थ | आ.व. ०८२/०८३ को प्रस्तावित |
|---|---|---|---|---|
| १ | ऋण लगानीबाट ब्याज आम्दानी | ३,६०,५०,०००.०० | ३,०२,६८,८३५.९६ | ३,८६,००,०००.०० |
| २ | राष्ट्रिय सहकारी बैंकबाट ब्याज आम्दानी | ८,००,०००.०० | ३,३१,००५.२६ | १२,००,०००.०० |
| ३ | नेफस्कुनबाट ब्याज आम्दानी | ११,००,०००.०० | ८,७९,६११.०३ | ७,००,०००.०० |
| ४ | कमर्सियल बैंकबाट ब्याज आम्दानी | ५०,०००.०० | २५,५२८.२३ | ५०,०००.०० |
| ५ | जिल्ला बचत संघबाट ब्याज आम्दानी | १,०००.०० | – | १,०००.०० |
| ६ | मुद्धती बचतबाट ब्याज प्राप्त | १८,००,०००.०० | २०,५३,४९६.५० | २०,००,०००.०० |
| **जम्मा** | | **३,९८,०१,०००.००** | **३,३५,५८,४७६.९८** | **४,२५,५१,०००.००** |

### अनुसूची - २ लाभांश आम्दानी

| क्र. सं. | विवरण | आ.व. ०८१/०८२ को प्रस्तावित | आ.व. ८१/०८२ को यथार्थ | आ.व. ८२/०८३ को प्रस्तावित |
|---|---|---|---|---|
| १ | नेफस्कुनबाट लाभांश आम्दानी | १,५०,०००.०० | - | १,५०,०००.०० |
| २ | राष्ट्रिय सहकारी बैंकबाट लाभांश आम्दानी | १५,०००.०० | - | १५,०००.०० |
| ३ | राष्ट्रिय सहकारी बैंकबाट संरक्षित पूँजी फिर्ता कोषबाट आम्दानी | २०,०००.०० | - | २०,०००.०० |
| ४ | जिल्ला सहकारी संघबाट लाभांश आम्दानी | | - | १,०००.०० |
| ५ | नेफस्कुनबाट संरक्षित पूँजी फिर्ता कोषबाट आम्दानी | ६०,०००.०० | - | ६०,०००.०० |
| | **जम्मा** | **२,४५,०००.००** | **-** | **२,४६,०००.००** |

### अनुसूची -३ अन्य सञ्चालन आम्दानी

| क्र. सं. | विवरण | आ.व. ०८१/०८२ को प्रस्तावित | आ.व. ८१/०८२ को यथार्थ | आ.व. ८२/०८३ को प्रस्तावित |
|---|---|---|---|---|
| १ | ऋण फाइल शुल्क | १२,५०,०००.०० | १४,०३,३७३.०० | १७,००,०००.०० |
| २ | सदस्यता शुल्क | ६०,०००.०० | १७,०००.०० | ३१,७००.०० |
| ३ | पासबुक विक्री | १५,०००.०० | ७,६२०.०० | १५,०००.०० |
| ४ | खाताबन्दी शुल्क | १५,०००.०० | १८,२३३.०० | १५,०००.०० |
| ५ | ऋणबाट विलम्ब शुल्क | २,५०,०००.०० | ५,७१,२७५.५० | ३,००,०००.०० |
| ६ | मासिक बचतबाट विलम्ब शुल्क | १५,०००.०० | ४३,५९५.०० | २०,०००.०० |
| ७ | रेमिट्यान्स कमीशन तथा शुल्क आम्दानी | २५,०००.०० | ८,२९५.०० | २५,०००.०० |
| ८ | सामग्री सेवा शुल्क | १,०००.०० | ८५०.०० | १,०००.०० |
| १० | विविध आम्दानी | १०,०००.०० | ७६,७३१.५७ | ५०,०००.०० |
| | **जम्मा** | **१६,४१,०००.००** | **२१,४६,९७३.०७** | **२१,५७,७००.००** |

### अनुसूची - ४ कर्मचारी खर्च

| क्र.सं. | विवरण | आ.व. ०८१/०८२ को प्रस्तावित | आ.व. ८१/०८२ को यथार्थ | आ.व. ८२/०८३ को प्रस्तावित |
|---|---|---|---|---|
| १ | तलब तथा भत्ता खर्च | ३०,००,०००.०० | २३,३४,७७२.२७ | ३२,००,०००.०० |
| २ | प्रशिक्षार्थी (इन्ट्रनसिप) तलब | - | - | - |
| ३ | पर्व खर्च | २,५०,०००.०० | १,३६,६०५.१४ | २,००,०००.०० |
| ४ | बिदा सञ्चित खर्च | १,७५,०००.०० | ८५,८२८.१९ | १,५०,०००.०० |
| ५ | बिहानी सेवा (अतिरिक्त समय) खर्च | १,५०,०००.०० | ७१,५९९.९६ | १,००,०००.०० |

| | | | | |
|---|---|---|---|---|
| ६ | सामाजिक सुरक्षा कोष खर्च | ४,००,०००.०० | २,३८,१९७.०१ | ४,००,०००.०० |
| ७ | पोषाक खर्च | ८०,०००.०० | ८०,०००.०० | ९०,०००.०० |
| ८ | व्यवस्थापकिय सञ्चार खर्च | ८०,०००.०० | ५२,०००.०० | ८०,०००.०० |
| **जम्मा** | | **४१,३५,०००.००** | **२९,९९,००२.५७** | **४२,२०,०००.००** |

**अनुसूची - ५ (सुशासन तथा कार्यक्रमिक खर्च)**

| क्र.सं. | विवरण | कार्यक्रम | आ.व. ८१/०८२ को प्रस्तावित | आ.व. ८१/०८२ को यथार्थ | आ.व. ८२/०८३ को प्रस्तावित |
|---|---|---|---|---|---|
| १ | रणनीतिक योजना तथा वार्षिक योजना निर्माण | रणनीतिक व्यवसायीक योजना र वार्षिक योजना निर्माण कार्यक्रम | २०,०००.०० | - | २०,०००.०० |
| २ | समिक्षा गोष्ठी | समिति तथा उपसमितिबाट संयुक्त रुपमा ४ पटक गर्ने | ६०,०००.०० | १,१०,४४२.२५ | १,२५,०००.०० |
| ३ | सामाजिक कार्यक्रम | सामाजिक उत्तरदायित्व अन्तर्गतका क्रियाकलापहरु सञ्चालन गर्ने | ३०,०००.०० | - | ३०,०००.०० |
| ४ | स्थापना दिवस तथा जेष्ठ सदस्य सम्मान | सहकारी स्थापना दिवस कार्यक्रममा जेष्ठ नागरिक सम्मान कार्यक्रम राख्ने | २,००,०००.०० | १,४७,९९५.०० | २,००,०००.०० |
| ५ | सहकारी दिवस | सदस्यहरु सहित संस्थाको प्रतिनिधित्व गर्दै आयोजित कार्यक्रममा सहभागिता | २०,०००.०० | - | १०,०००.०० |
| ६ | साधारण सभा खर्च | साधारण सभामा उपस्थित सदस्यको यातायात खर्च तथा अन्य व्यवस्थापन | १७,५०,०००.०० | १३,८६,७७८.०० | १७,७५,०००.०० |
| ७ | बैठक खर्च | विभिन्न समिति तथा उपसमितिको बैठकमा प्रति बैठक प्रति व्यक्ति रु. एक हजारका दरले | ३,२५,०००.०० | ३,२४,०००.०० | ३,२५,०००.०० |
| ८ | कर्मचारी क्षमता अभिवृद्धि र तालिम | विषगयत तालिम तथा अन्य खर्च | ८०,०००.०० | २४,४७०.०० | ८०,०००.०० |
| ९ | सञ्चालक क्षमता अभिवृद्धि र तालिम | सञ्चालक सञ्चालकको क्षमता अभिवृद्धि तथा विषयगत तालिम | ८०,०००.०० | ३,३२५.०० | ८०,०००.०० |
| १० | सदस्यहरुको सर्वेक्षण एवं तालिम | शेयर सदस्यहरुको सर्वेक्षण गरी आवश्यकताको आधारमा विभिन्न व्यवसायिक तथा सिपमुलक तालिम | | - | ५०,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | स्तरिकरण कार्यक्रम | प्रोवेशन र केयर कार्यक्रम नविकरण र रिभ्यु आयोजना खर्च | १,००,०००.०० | ९३,०५६.९९ | १,५०,०००.०० |
| १२ | महिला तथा बालबालिका सम्बन्धी कार्यक्रम | सञ्चालक समिति र उपसमितिको संयुक्त बैठकबाट निर्णय गरी सञ्चालन गर्ने | ८०,०००.०० | ४१,२७८.१९ | ८०,०००.०० |
| १३ | आन्तरीक तथा वाह्य लेखा परिक्षण | आन्तरीक लेखा परिक्षण र बाह्य लेखा परिक्षण वापतको खर्च | १,५०,०००.०० | १,४१,२५०.०० | १,८०,०००.०० |
| १४ | पुरस्कार तथा सम्मान खर्च | उत्कृष्ठ सदस्य पुरस्कार र विभिन्न कार्यक्रम पुरस्कार | ६०,०००.०० | १०,२३०.०० | ५०,०००.०० |
| १५ | सदस्य राहत | मृतक सदस्य परिवार राहत र अन्य विपदवापत राहत कोषमा | २,७०,०००.०० | २,७०,०००.०० | ३,००,०००.०० |
| १६ | सञ्चालक सञ्चार तथा ईन्धन खर्च | सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति तथा उपसमितिहरुका लागि आवश्यकता बमोजिम सञ्चार तथा ईन्धन खर्चका लागि | ७५,०००.०० | - | ५०,०००.०० |
| १७ | सदस्यता विस्तार तथा समुदाय केन्द्रित कार्यक्रम | टोलटोलमा जनकल्याण कमिटी निर्माण तथा सदस्यता विस्तार अभियान सञ्चालन | | - | - |
| १८ | दैनिक भ्रमण भत्ता | संस्थागत कार्यक्रममा सहभागी हुन जाँदा वापतको दैनिक भ्रमण भत्ता र यातायात खर्च | १,५०,०००.०० | ८१,३००.०० | १,५०,०००.०० |
| **जम्मा** | | | ३४,५०,०००.०० | २६,३४,१२५.४३ | ३६,५५,०००.०० |

## अनुसूची -६ (बजारीकरण खर्च)

| क्र.सं. | विवरण | कार्यक्रम | आ.व.८१/०८२ को प्रस्तावित | आ.व. १/०८२ को यथार्थ | आ.व.०८२/०८३ को प्रस्तावित |
|---|---|---|---|---|---|
| १ | बजार सर्वेक्षण | प्रत्येक ३ महिनामा ४ पटक बजार सर्वेक्षण गर्ने प्रतिवेदन सहित | २०,०००.०० | - | २०,०००.०० |
| २ | विज्ञापन लेख | रेडियो तथा पत्रिकामा सूचना प्रकाशन प्रसारण | १०,०००.०० | - | १०,०००.०० |
| ३ | प्रबर्द्धन सामग्री खर्च | संस्थाको वृत्तचित्र, श्वेतपत्र तथा सदस्य शिक्षाका लागि आवश्यक सामग्री निर्माण, प्रकाशन तथा प्रचारप्रसार | ४०,०००.०० | - | २०,०००.०० |
| **जम्मा** | | | ७०,०००.०० | - | ५०,०००.०० |

## अनुसूची - ७ (अन्य प्रशासनिक तथा सञ्चालन खर्च)

| क्र. सं. | विवरण | कार्यक्रम | आ.व. ८१/०८२ को प्रस्तावित | आ.व. १/०८२ को यथार्थ | आ.व. ८२/०८३ को प्रस्तावित |
|---|---|---|---|---|---|
| १ | नेट तथा वेभ नविकरण | वेभ साईट तथा इन्टरनेट नविकरण तथा सञ्चालन | ५०,०००.०० | ३४,९५०.०० | ६०,०००.०० |
| २ | स्टेसनरी तथा मसलन्द एवं छपाई तथा प्रकाशन | संस्था सञ्चालनका लागि आवश्यक स्टेसनरी तथा मसलन्द एवं विविध प्रकाशन तथा कार्यालय सामग्री छपाईका लागि | ३,५०,०००.०० | २,८१,०९२.२१ | ३,५०,०००.०० |
| ३ | विमा | भल्ट, काउण्टर र अन्य विमा | ५०,०००.०० | १२,७३२.५० | ५०,०००.०० |
| ४ | सूचना तथा विधुत र पानी | कार्यालय टेलिफोन, विद्युत र खानेपानी | ८०,०००.०० | ५९,८८७.९० | १,००,०००.०० |
| ५ | अपलेखन तथा नखप्ने सामान | वोर्ड तथा अन्य सामान | १०,०००.०० | - | १०,०००.०० |
| ६ | खाजा नास्ता | विभिन्न बैठक तथा गोष्ठीहरुमा खाजा खर्च र अतिथि सत्कार | ३५,०००.०० | १७,०३५.०० | ३५,०००.०० |
| ७ | पत्रपत्रिका | दैनिक, राष्ट्रिय पत्रपत्रिकाहरु खरिद | ७,५००.०० | ३,६००.०० | १०,०००.०० |
| ८ | मर्मत खर्च | कार्यालयको विविध मर्मत खर्च | ४०,०००.०० | २०,२२३.०० | ५०,०००.०० |
| ९ | ईन्धन खर्च | कार्यालयका लागि ईन्धन खर्च | ३०,०००.०० | ७,०२५.०० | २५,०००.०० |
| १० | ढुवानी तथा ज्याला | कार्यालय मालसामान ओसार पसारका लागि | ५,०००.०० | ९५२.०० | ५,०००.०० |
| ११ | सफ्टवेयर नविकरण तथा सञ्चालन | सफ्टवेयर, एस.एम.एस. र मोवाईल बैंकिङ | ३,००,०००.०० | १,०९,७३४.२० | २,००,०००.०० |
| १२ | बाह्य ऋणमा सेवा शुल्क र मूल्यांकन | बाह्य ऋण प्राप्तीका लागि आवश्यक धितो मूल्यांकन तथा सेवा शुल्क | - | - | - |
| १३ | शुल्कहरु भुक्तानी | रेमिट्यान्स, सदस्यता नविकरण, बैंक चार्ज तथा अन्य शुल्कहरु | ४०,०००.०० | ३६,३५३.२८ | ६०,०००.०० |
| १४ | कार्यालय व्यवस्थापन खर्च | सुरक्षा तथा सरसफाई सम्बन्धी र अन्य सामग्री खरिद खर्च | २५,०००.०० | १३,१२५.०० | २५,०००.०० |
| १५ | विविध | भैपरि आउने खर्च तथा नपुग रकमान्तर | २०,०००.०० | १७,९३५.०० | ५०,०००.०० |
| जम्मा | | | १०,४२,५००.०० | ६,१४,६४५.०९ | १०,३०,०००.०० |

## सम्पत्तीजन्य सामग्री खरिद योजना

| क्र. सं. | विवरण | कार्यक्रम | आ.व. ०८१/०८२ को प्रस्तावित | आ.व. ८१/०८२ को यथार्थ | आ.व. ८२/०८३ को प्रस्तावित |
|---|---|---|---|---|---|
| १ | फर्निचर जन्य सामग्री खरिद | फायर प्रुफ दराज र अन्य फर्निचर जन्य सामग्री खरिद तथा निर्माण | ३,००,०००.०० | २८,४९९.९८ | ३,००,०००.०० |
| २ | भवन निर्माण | संस्थाको नयाँ भवन निर्माण तथा सभाहल निर्माण | ६०,००,०००.०० | ५७,५१,९१२.२० | - |
| ३ | कार्यालयको गेट निर्माण | कार्यालय अगाडिको गेट निर्माण, पर्खाल मर्मत तथा दुई भवन विचको पर्खाल निर्माण । | - | - | ३,००,०००.०० |
| ४ | नयाँ भवनमा पार्टेशन तथा स्टेज निर्माण | नयाँ भवनको दक्षिण भागमा पार्टेशन तथा भवनको उत्तर भागमा स्टेज निर्माण गर्ने । | - | - | २,५०,०००.०० |
| ५ | कार्यालय उपकरण खरिद | सि.सि. क्यामराको क्षमता वृद्धि तथा अन्य कार्यालय उपकरण खरिद | ३,५०,०००.०० | - | ६,००,०००.०० |
| | **जम्मा** | | **५५,५०,०००.००** | **५७,८०,४१२.१८** | **१४,५०,०००.००** |

***आदरणीय शेयर सदस्य महानुभावहरु,***

अन्त्यमा, यस संस्थाको आ.व. ०८१/०८२ को वित्तीय कारोबार र आ.व. ०८२/०८३ को प्रस्तावित बजेट धैर्यताका साथ सुनिदिनुभएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी वर्षहरुमा पनि शेयर सदस्यहरुको सम्पत्ती सुरक्षा र संस्थालाई व्यवसायिक बनाउन सदा तत्पर रहने साथै यहाँहरुको सेवामा आफ्नो बलबुताले भ्याएसम्म खटिरहने बाचा गर्दछु । उपस्थित सम्पूर्णमा जीवनको हर पाइलामा उन्नति प्रगतिको शुभकामना दिँदै सम्पूर्ण शेयर सदस्य ज्यूहरुमा प्रस्तुत गरिएको प्रगति प्रतिवेदन अनुमोदन र आ.व. ०८२/०८३ को प्रस्तावित बजेट पारित गरिदिनहुन अनुरोध गर्दछु ।

*धन्यवाद ! जय सहकारी !! जय जनकल्याण !!!*

**शेर बहादुर शाही**
कोषाध्यक्ष

## ३०औं वार्षिक साधारणसभामा प्रस्तुत
# लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन २०८२



**जस बहादुर नेपाली**

यस ३०औं वार्षिक साधारण सभाका अध्यक्षज्यू, कार्यक्रमको गरिमा बढाउन पाल्नु भएका प्रमुख अथिति ज्यू, विशेष अथिति ज्यूहरु, अथिति ज्यूहरु, सञ्चालक समिति तथा उपसमितिका पदाधिकारी ज्यूहरु, तथा यस साधारण सभालाई पूर्णता दिन उपस्थित हुनुभएका संस्थाका आदरणीय शेयर सदस्य ज्यूहरु, पत्रकार ज्यूहरु, व्यवस्थापन समूहका मित्रहरु, सञ्चारकर्मी साथिहरु र अन्य महानुभावहरु, संस्थाको ३०औं साधारण सभामा उपस्थित हुनुभएका सम्पूर्ण महानुभाव ज्यूहरुमा लेखा सुपरिवेक्षण समितिका तर्फबाट स्वागत एंव सहकारी अभिभादन व्यक्त गर्न चाहान्छौं । २७औं साधारण सभाले हामीलाई लेखा सुपरिवेक्षण समितिमा निर्वाचित गरी संस्थाको आन्तरिक लेखा व्यवस्थापनलाई नियमित र वैज्ञानिक ढंगबाट अनुगमन निरिक्षण गरी आवश्यक सल्लाह सुझाव दिइ संस्थाको लेखा प्रशासनलाई व्यवस्थित गर्न सहयोग पुर्याउन जिम्मेवारी दिइएकोमा सो जिम्मेवारीलाई सहर्ष आत्मसाथ गरी शेयर सदस्य ज्यूहरुको मर्म, भावना तथा प्रचलित ऐन नियम, कानुन एवं सहकारी सिद्धान्त मूल्य र मान्यता बमोजिम संस्थाको सुशासन एवं दिगो विकासको लागि यस समितिको तर्फबाट आवश्यकता अनुसार सक्रिय रुपमा भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्दछौं ।

**आदरणीय शेयर सदस्य महानुभावहरु,**

सहकारी समुदायमा आधारित स्थानीय जनताको सहभागितामूलक संस्था हो । सहकारीहरुको स्पष्ट एवं पारदर्शिता नीति समाज एवं सदस्यहरुको हितमूलक कार्यक्रम तथा बजेट विनियोजनका साथ सञ्चालनमा आएको सहकारीले सदस्यहरुलाई सहयोग एवं सचेत गर्ने तथा समाज विकासमा महत्वपूर्ण योगदान गर्दछ । सहकारीको उद्धेश्य पूर्णताको लागि सदस्यहरुको समस्या गुनासो आवश्यकताको पहिचान पहिलो प्रयास हुनुपर्दछ । नेपाल सरकारको ३ खम्बे अर्थनीति अनुरुप राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण एउटा खम्बाको रुपमा स्थापित सहकारी क्षेत्रलाई सुव्यवस्थित र सक्षम गर्ने कार्यमा यस जनकल्याण बचत तथा ऋण सहकारी संस्थाले सहकारीको दिगो परिकल्पनालाई साकार पार्ने सोच र लक्ष्य अनुरुप कार्य गरिरहेको छ । संस्थाले सामाजिक उत्तरदायित्व सहितको विभिन्न सेवा प्रदान गरिरहेको छ । संस्थाले सञ्चालन गरिरहेका कार्यक्रमहरुलाई सहकारी सिद्धान्त मूल्य, मान्यता, भावना तथा वर्तमान सहकारी ऐन नियमावली एवं संस्थाको विनियम र नीति तथा कार्यविधि अनुसार सदस्यहरुको आवश्यकता अनुसार संस्थालाई अग्रगति प्रदान गर्न लेखा सुपरिवेक्षण समितिले आवश्यक सल्लाह सुझाव सहित रचनात्मक भूमिका निर्वाह गरिरहेको कुरा यहाँहरुलाई विश्वास दिलाउन चाहन्छौं । लेखा सुपरिवेक्षण समितिको विभिन्न मितिमा बसेको बैठकको निर्णयबाट दिइएका सुझावहरु संस्थाको विनियम नीति कार्यविधिहरु र सहकारी ऐन नियम र मापदण्ड अनुसार संस्थाको कार्यक्रमहरु सञ्चालनका सम्बन्धमा निम्न अनुसारको संरचनामा तयार गरिएको प्रतिवेदन यस सम्मानित सभामा पेश गरेका छौं ।

**आन्तरिक लेखा परीक्षणका क्रममा लेखा सुपरीवेक्षेण समितिको तर्फबाट अवलम्बन गरिएका विधिहरुः**

**१) निर्णय पुस्तिकाको अध्ययनः** साधारणसभा, सञ्चालक समिति, विभिन्न उपसमिति तथा कार्यदलका निर्णय पुस्तिकाहरुको अध्ययन गरी पाइएका त्रुटिहरु सुधारका लागि सुझाव दिने कार्य भएको ।

**२) ऋण प्रभावको विषयमा अध्ययन र विश्लेषण:**

संस्थाबाट लगानी गरिएको ऋणको विषयमा अध्ययन जस्तै भौचर, सदस्यहरुलाई विभिन्न कार्यमा लगानी गरिएको कर्जाको गुणस्तर पहिचानका लागि निरीक्षणका क्रममा ऋण व्यवस्थित तालिकाको अध्ययन, ऋणीहरुको फाइलमा रहेका कागजपत्रहरुको अध्ययन, नमुना छनौंटको आधारमा परियोजना र धितो निरिक्षण समेत अध्ययन र विश्लेषण गरी पाइएका कमी कमजोरी र सुधारको लागि आवश्यक सुझाब प्रदान गरिएको ।

**३) आर्थिक शुसासन तथा पारदर्शिताको अध्ययन:**

संस्थाको तर्फबाट गर्नुपर्ने भुक्तानीको नियमितता पूरा भए नभएको, खर्चको क्रममा पारित बजेटको सीमा पालन गरिएको वा नगरिएको प्रचलित ऐन नियम कानुन संस्थाको आर्थिक नीति कार्यविधि पालना गरे नगरेको, बैंक हिसाव मिलान गरे नगरेको, जनरल भौचर र सो सँग सम्वन्धित विल भरपाई र कागजातहरुको सपरिक्षण गरिएको ।

**४) सम्पत्ति सामानहरुको विषयमा अध्ययनः**

संस्थाको कार्य प्रयोजनका लागि खारिद गरिएका सम्पत्ति तथा सामानहरुको अभिलेख व्यवस्थित भए नभएको अभिलेख अनुसार सामानहरु संस्थामा भए नभएको भौतिक सम्पत्तिहरुको उचित प्रयोग भए नभएको विषयमा अध्ययन र निरिक्षण गरिएको ।

**५) कार्यालयको सरसफाई, सामानको सजावट (लेआउट) को अध्ययनः**

कार्यालय भित्रका फर्निचर सामान, फाइल, कागजात, रजिष्ट्रर, यन्त्र उपकरणहरु ठिक अवस्थामा तथा उचित प्रयोगको अध्ययन गरी उचित सर सल्लाह दिइएको ।

**६) भल्ट चेक गर्ने कार्य गरेकोः**

संस्थाको कार्यलयमा रहेको नगदी कोष (भल्ट) चेक गरी भल्टमा भएको नगद तथा अभिलेख मिलान गरी हेर्ने काम गरिएको ।

**७) पूर्व आन्तरिक लेखापरिक्षणको अध्ययन र अनुसरणः**

संस्थाको लेखा सुपरिवेक्षण समितिले अघिल्लो आर्थिक वर्षहरुमा संस्थागत विकासमा थप टेवा पुऱ्याउनको लागि प्रदान गरिएको सल्लाह सुझावलाई व्यवस्थापन पक्षबाट कार्यान्वयन भए नभएको विषयमा समेत अध्ययन र विश्लेषण गरी पुनः सल्लाह सुझाव दिनुपर्ने अवस्था देखिएको विषयमा थप सल्लाह सुझाव प्रदान गरिएको ।

**८) संस्थाले आयोजना गरेका विभिन्न संयुक्त बैठकहरुको अभिलेखः**

संस्थाको सञ्चालक समिति तथा व्यवस्थापक र अन्य कर्मचारी लगाएत विभिन्न विषयमा सरोकारवाला निकायसँग संस्थागत विकासको लागि आयोजना गरिएका विभिन्न कार्यक्रमसँग सम्वन्धित कागजपत्रहरुको

अध्ययन तथा भएका निर्णयहरु र निर्णय कार्यान्वयनको अवस्थाबारे विश्लेषण गरी आवश्यक सल्लाह सुझाव प्रदान गरिएको ।

**आदरणीय शेयर सदस्य महानुभावहरु,**

यस सहरकारी संस्थाको आन्तरिक लेखापरिक्षण तथा अनुगमनका क्रममा आ.व. ०८१/०८२ मा लेखा सुपरिवेक्षण समितिको वैठक निम्नानुसार सम्पन्न भएका छन् ।

| क्र.सं. | मिति | अवधि | उपस्थिति विवरण |
|---|---|---|---|
| १. | २०८१/७/११ | २०८१/४/१ देखि २०८१/६/३० सम्म | १०० प्रतिशत |
| २. | २०८१/१०/१६ | २०८१/७/१ देखि २०८१/९/२९ सम्म | १०० प्रतिशत |
| ३. | २०८२/१/९ | २०८१/१०/१ देखि २०८१/१२/३१ सम्म | १०० प्रतिशत |
| ४. | २०८२/३/१४ | २०८२/१/१ देखि २०८२/३/१४ | १०० प्रतिशत |
| ५. | २०८२/५/२१ | २०८२/३/१५ देखि २०८२/३/३२ | ६६.६६ प्रतिशत |

आ.व ०८१/०८२ मा लेखा सुपरिवेक्षण समितिको जम्मा ५ वटा बैठक बसेको छ । सोहि अवधिमा समितिको तर्फबाट भएको अध्ययनबाट प्राप्त सूचना र जानकारीलाई साराशंमा निम्न अनुसार उल्लेख गरेका छौं ।

**१. संस्थाको नाम र ठेगानाः** जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि., वी.न.न.पा.१, सुर्खेत ।

२. सञ्चालक समितिको बैठक सङ्ख्या, बैठक भत्ता सुविधा र निर्णय कार्यान्वयनको अवस्थाः **बैठक सङ्ख्या २४, निर्णय सङ्ख्या १२०, बैठक भत्ता सुविधा १५ बैठक र निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको ।**

३. सञ्चालक सङ्ख्याः **११ जना (१ जना रित्त रहेको)**

४. ऋण लगानीको प्रक्रिया र धितो सुरक्षण सम्बन्धी व्यवस्थाः **व्यवस्थित र सुरक्षित रहेको ।**

   १. ऐन, नियम, कानुन र मापदण्ड परिपालनाको अवस्थाः **पालना भैरहेको ।**

   २. आर्थिक सुशासन र पारदर्शिताः **सन्तोषजनक देखिएको ।**

   ३. सम्पत्ति सामानको सुरक्षा र सदुपयोगिताः **सन्तोषजनक देखिएको ।**

   ४. कार्यकक्षको आकर्षण र सजावटः **सन्तोषजनक देखिएको ।**

   ५. मानव संसाधन व्यवस्थापन नीतिः **भएको/कार्यान्वयनमा आएको ।**

   ६. कर्मचारी भर्ना प्रक्रिया पारदर्शी र प्रतिस्पर्धी भए नभएकोः **भएको (अझै पारदर्शिता हुनपर्ने ) ।**

   ७. कर्मचारी र कार्यबोझको अवस्थाः **तादम्यता नरहेको (कर्मचारी अभाव/कार्यबोझ बढी रहेको, पद अनुसार कर्मचारीको व्यवस्था हुन नसकेको)।**

   ८. कर्मचारी सङ्ख्याः **८ जना**

९. सञ्चालक समिति अध्यक्षको सेवा सुविधाः **प्रति बैठक भत्ता रकमः रु. १०००।— देश आर्थिक तरलता तिर धकेलिएकोले बैठक भत्ता घटाउनु पर्ने ।**

१०. व्यवस्थापन समूहको सेवा सुविधाहरुः

| क्र.स. | कर्मचारीको नाम | पद | तह | तलबमान |
|---|---|---|---|---|
| १ | तिलक राज आचार्य | का.मु. व्यवस्थापक | चौथो | ३२९०२।०० |
| २ | समिर धमाला | ऋण प्रमुख | चौथो | ३२९०२।०० |
| ३ | लक्ष्मी फौजा | ब. लेखा सहायक | तेस्रो | २५०००।०० |
| ४ | सृजना कुमारी लिम्बु | ऋण सहायक | दोस्रो | २१०००।०० |
| ५ | टंक प्रसाद आचार्य | नगद सहायक | दोस्रो | २१०००।०० |
| ६ | टेकराज भण्डारी | फिल्ड सहायक | प्रथम | १८०००।०० |
| ७ | कृष्णा खत्री | कार्यालय सहयोगी | श्रेणीविहिन | २४३८०।०० |
| ८ | देविराम पौडेल | सुरक्षा गार्ड | श्रेणीविहिन | १६०००।०० |

माथि उल्लेखित तलब रकममा नियमानुसारको ग्रेड तथा सामाजिक सुरक्षा कोष थप गरिएको ।

११. लेखा सुपरीवेक्षण समितिले दिएका सुझावहरु कार्यान्वयनको अवस्थाः **केही ढिलासुस्ती देखिएकाले टड्कारो रुपमा कार्यान्वयन गर्नुपर्ने।**

१२. लेखा सुपरिवेक्षण समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरुः

**संस्थाको कार्यसम्पादनमा देखिएका राम्रा पक्षहरु**

- संस्थाको आन्तरिक लेखापरीक्षण मार्फत प्रदान गरिएका सल्लाह सुझावहरुलाई कार्यान्वयन गरेको पाइयो ।
- संस्थाको आर्थिक नीति, नियम अनुसार संस्था व्यवस्थापन गरेको पाइयो ।
- सम्पूर्ण कारोवार वैज्ञानिक प्रणाली अनुसार अभिलेखिकरण गरेको र सफट्वेयर क्लाउड सर्भरमा सुरक्षित गरेको पाइयो ।
- संस्थाको कागजपत्रहरु व्यवस्थित र आवश्यकता अनुसार सहजै प्राप्त गर्न सकिने गरी व्यवस्थापन गरेको पाइयो ।
- प्रतिदिन भएका कारोवार सोही दिनमै प्रविष्ट गरिएको पाइयो ।
- कोपोमिसको पूर्ण रुपमा प्रयोग र अध्यावधिक भएको पाइयो ।
- सहकारी विभाग, अभियान तथा सम्वन्धित निकायको मार्गदर्शन तथा निर्देशनहरु तथा ऐन नियमको परिपालना गरेको पाइयो ।
- कर्मचारीको कार्यसम्पादनमा दक्षता अभिवृद्धि भएको पाइयो ।
- कर लगाएतका तिर्नु तथा बुझाउनु पर्ने दायित्व रकम समयमै बुझाएको पाइयो ।
- सम्बन्धित निकायमा पेश गर्नुपर्ने प्रतिवेदनहरु समयमै पेश भएको र अभिलेखिकरण गरेको पाइयो ।

- संस्थासँग सम्बन्धित विभिन्न जानकारी, सूचना, क्रियाकलापहरुलाई बिधुतीय सामग्री तथा सामाजिक सञ्जालहरु मार्फत सबैलाई जानकारी गराउने गरेको पाइयो ।
- संस्थाको आवश्यकता अनुसार विभिन्न नीति तथा निर्देशिका साथै कार्यक्रमहरु तयार गर्दा सहभागितामूलक छलफल गरी प्राप्त सल्लाह सुझाबलाई समेत समायोजन गरी निर्माण गरेको पाईयो ।

**लेखा सुपरीवेक्षण समितिका तर्फबाट दिएका सुझाबहरुः**

- व्यवस्थापकको राजीनामा स्वीकृत तथा सम्पूर्ण जिन्सी सामान लगाएतको बरबुझारथ गर्दा समेत संस्थाको आर्थिकको हकदार तथा सरोकार अंग लेखा सुपरीवेक्षण समितिलाई कुनै खबर नगरि व्यवस्थापकको बिदाइ समेत गरिएको हुँदा सामुदायिक संस्थामा सबैको समान उपस्थिति र सल्लाह सहित आगामी दिनमा अगाडि बढ्न अनुरोध गर्ने ।
- सञ्चालक समितिको निर्णय विना कुनैपनि किसिमका कार्यक्रमहरू सञ्चालन गरी खर्च नगर्नुहुन अनुरोध गर्ने ।
- पछिल्लो पटक विभिन्न समयमा केही स्तर उठेका अनि समाज तथा सहकारीका आसा र भरोसा मानिने बौद्धिक व्यक्ति सहकारीबाट बाहिरिनु हाम्रो सहकारीको लागि ठूलो क्षति हो ।सबै अटाउने एउटै पुष्प बाटिका बनाउने हाम्रो सहकारी सपनामा यस्ता बौद्धिक तथा सामाजिक व्यक्तिको सहकारी प्रतिको असन्तुष्टिलाई गहन अध्यायन तथा सम्बोधन गरेर जाँदा बाँकी सहकारी चाहनेको लागि पनि विश्वास खँदिलो बन्ने थियो ।
- अन्तमा सहकारी संस्थालाई अग्रपंतिमा सञ्चालन गर्नका लागि सञ्चालक पदाधिकारीहरु र व्यवस्थापन पक्षमा कार्य गर्ने मानिसहरुले संस्थाका शेयर सदस्यहरुको हितलाई ध्यानमा राखेर कार्य गर्नुहुन सुझाव प्रदान गरिएको छ ।

**लेखा सुपरिवेक्षण समिति**
संयोजकः जस बहादुर नेपाली
सदस्यः राकेश पौडेल
सदस्यः इन्द प्रसाद चापागाई

## सहकारीको सप्तरंगी झण्डामा रहने रंग र अर्थ

**रातो** : समृद्धिको प्रतिक
**सुन्तला** : प्रगतिको प्रतिक
**पहेंलो** : न्यायको प्रतिक
**हरियो** : शान्तिको प्रतिक
**आकाशे** : अहिंसाको प्रतिक
**नीलो** : प्रेमको प्रतिक
**बैजनी** : सत्यको प्रतिक

PYAKUREL & ASSOCIATES
CHARTERED ACCOUNTANTS

M. No. 646
Cop No. 567

**जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि. का शेयर सदस्य महानुभावहरु समक्ष**
**स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन**

**१. लेखापरीक्षकको राय**

हामीले **जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि.** को आषाढ ३२, २०८२ को वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाव विवरण तथा सोहि मितिमा समाप्त भएको आर्थिक वर्षको नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन र प्रमुख लेखानीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा, संलग्न वित्तीय विवरणहरुले **जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि.** को आषाढ ३२, २०८२ को वित्तिय स्थिति र सो मितिमा समाप्त भएको आर्थिक वर्षको संचालन नतिजा र नगद प्रवाहको यथार्थ चित्रण गर्दछ ।

**२. रायको आधार**

हामीले नेपाल लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं । हाम्रो जिम्मेवारी सम्बन्धी विवरणहरु यस प्रतिवेदनको ***लेखापरीक्षकको जिम्मेवारी*** खण्डमा उल्लेख गरिएको छ । संस्थाको लेखापरीक्षणको सिलसिलामा सान्दर्भिक नैतिक आवश्यकता अनुरुप हामी स्वतन्त्र रहनुका साथै लेखापरीक्षणको सिलसिलामा आवश्यक अन्य नैतिक जिम्मेवारीहरु पुरा गरेका छौं । हामी विश्वस्त छौं कि हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरुले हाम्रा राय व्यक्त गर्नको लागि पर्याप्त र उपयुक्त आधार प्रदान गरेका छन् ।

**३. वित्तीय विवरणप्रति व्यवस्थापन र शासकीय व्यवस्था बहन गर्ने अख्तियारीको उत्तरदायित्व**

यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवम् प्रस्तुत गर्ने तथा व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी उत्तरदायित्व अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस्, सारभुत किसिमले त्रुटि रहित वित्तीय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने कार्य, कार्यान्वयन र संचालन गर्ने कार्य, सम्पतिहरुको व्यवस्थापन कार्य र लेखानीतिहरुको छनौट तथा लागू गर्ने कार्य एवम् परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्यहरु पर्दछन् ।

वित्तीय विवरणहरु तयार गर्दा संस्थाको अविछिन्नताको रुपमा व्यवसायको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरुको स्तरियता विचार गर्नुपर्ने वा अविछिन्नतासँगै जानकारीहरु खुलासा गर्ने दायित्व व्यवस्थापनमा रहेको छ । संस्थाको वित्तीय विवरणहरुको निरीक्षण गर्ने जिम्मेवारी शासकीय व्यवस्था बहन गर्ने अख्तियारीमा रहेका छन् ।

**४. लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य भनेको समग्र वित्तीय विवरणहरु तथ्यको गलत विवरण, जालसाजी वा भूलबाट मुक्त छन्, छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आस्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरिक्षण प्रतिवेदन जारी गर्नु हो । उचित आश्वासन प्राप्त भएतापनि नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटी सधैं पत्ता लाग्छ भन्ने छैन । त्रुटीहरु जालसाजी वा गल्तीबाट निम्तिन्छन् र त्यसमा त्रुटीहरु जसले आर्थिक प्रयोगकर्ताहरुले सो विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछन्, सोलाई प्राथमिकता दिइन्छ ।

Pyakurel & Associates * Chartered Accountants *

**लेखापरिक्षणको जिम्मेवारी सम्बन्धी अन्य कुराहरु :**

- लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलस्त गरिएका कुराहरुको लेखापरीक्षणका प्रमाण प्राप्त गर्ने कार्यविधिहरु सम्पादन गरेका छौं । यसरी छनौट गरिएका कार्यविधिहरु लेखापरीक्षकको व्यवसायिक विवेकमा भर पर्दछन् । जोखिम मुल्यांकनका आधारमा सोको निर्धारण गरिन्छ ।
- उक्त जोखिम मूल्याङ्कन गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारितामाथि राय व्यक्त गर्ने उद्धेश्यले नभई सो अवस्थामा उपयुक्त हुने लेखापरीक्षण कार्यबिधिको तर्जुमा गर्नको लागि लेखापरीक्षकले निकायको वित्तीय विवरणको तयारी र सही प्रस्तुतिकरणसँग सम्बन्धित आन्तरिक नियन्त्रणहरुको जानकारी प्राप्त गर्ने हुन्छ ।
- लेखापरीक्षणमा चालु संस्थाको रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभुत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेका अविछिन्नताको आधार उचित भएको निष्कर्ष निकालिन्छ । सारभुत अनिश्चितता रहेको निष्कर्ष भएमा, वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा रायलाई संशोधन गरिन्छ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ । परन्तु भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहनपनि सक्दछ ।
- व्यवस्थापनले प्रयोग गरेको लेखानीतिको उपयुक्तता तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टीगत प्रस्तुतिकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।
- व्यवस्थापनले तयार पारेको विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीयविवरणले संस्थाको कारोबार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ ।
- अन्य विषयका साथसाथै योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरु शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ ।
- स्वतन्त्रता सम्बन्धी नैतिक आवश्यकताहरुको पूर्ण रुपले पालना गरिएको छ भनी शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई जानकारी गराइन्छ ।
- शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ ।

उपरोक्त अनुसार हामीले परीक्षण गरेका वित्तीय विवरणहरुको आधारमा देहाय अनुसार प्रतिवेदन पेश गरेका छौं :

क) लेखा परिक्षण सम्पन्न गर्न आवश्यक ठानिएका सूचना एवं स्पष्टीकरणहरु उपलब्ध भएका छन् ।

ख) यस प्रतिवेदनसँग सम्बन्धित वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन सम्बन्धि विवरण प्रचलित कानुनलाई पालना गरी तयार भएका छन् र संस्थाले राखेका हिसाब किताबसँग दूरुस्त रहेका छन् ।

ग) हामीले लेखा परीक्षण गरेका श्रेष्ताहरुको आधारमा संस्थाको कारोवार सन्तोषजनक रहेको पाइयो ।

घ) हामीलाई प्राप्त जानकारी तथा स्पष्टीकरण र हामीले परिक्षण गरेका श्रेस्ताहरुबाट संचालक समिति, कुनै सदस्य वा संस्थाका कुनै कर्मचारीले कानुनी व्यवस्था विरुद्ध कामकाज वा हानी नोक्सानी गरेको, वा संस्था वा निक्षेपकर्ताको सुरक्षा विपरित हुने कुनै काम गरेको पाएनौं ।

Pyakurel & Associates
Chartered Accountants

सि. ए. दिपक प्याकुरेल
प्याकुरेल एण्ड एशोसियट्स
चार्टर्ड एकाउन्टेन्ट्स

स्थान : सुर्खेत
मिति : २०८२।०७।२५

UDIN : 251111CA00646xAPgQ

# जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि.

**वीरेन्द्रनगर, सुर्खेत**

## वित्तीय स्थितीको विवरण (वासलात)

**२०८२ साल आषाढ मसान्तसम्मको**

*रकम (रु.)*

| विवरण | नोट | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|---|
| **सम्पति** | | | |
| नगद तथा नगद सरह | ४.१ | ५,९७,१७,००४.०० | ५,६२,४८,५००.४३ |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ४.२ | ६,००,००,०००.०० | ३,५०,००,०००.०० |
| सदस्यहरुलाई ऋण तथा सापट | ४.३ | २०,६३,२२,१५८.३९ | १९,१९,८४,५१४.३६ |
| कर्मचारीलाई ऋण तथा सापट | ४.४ | - | - |
| लगानी धितोपत्रहरु | ४.५ | २२,९३,०००.०० | २२,९३,०००.०० |
| चालु कर सम्पत्ति | ४.६ | - | १,३०,५९२.५८ |
| लगानी सम्पत्तिहरू | ४.७ | - | - |
| सम्पत्ति संयन्त्र तथा उपकरण | ४.८ | ८१,५१,५६१.२२ | ३२,८६,८३४.२२ |
| ख्याती तथा अमूर्त सम्पत्ति | ४.९ | - | - |
| स्थगन कर सम्पत्ति | ४.१० | ५,४२,०७४.३३ | ६,३६,४१५.८० |
| अन्य सम्पत्ति | ४.११ | १,७८,६११.५६ | १५,४१,४१२.७१ |
| **कुल सम्पत्ति** | | **३३,७२,०४,४०९.५०** | **२९,११,२१,२७०.१०** |

| विवरण | नोट | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|---|
| **दायित्वहरु** | | | |
| सदस्यबाट बचत र निक्षेप दायित्व | ४.१२ | २७,२८,३४,८५४.७४ | २३,९५,५०,८७०.१२ |
| कर्जा सापटी | ४.१३ | - | - |
| कर्मचारी लाभहरूको लागि व्यवस्था | ४.१४ | ३,५६,४७५.२३ | ४,२१,९३७.१० |
| चालु कर दायित्व | ४.६ | २,४३,४३२.४० | - |
| स्थगन कर दायित्व | ४.१० | - | - |
| अनुदान दायित्वहरू | ४.१५ | - | - |
| अन्य दायित्व | ४.१६ | २९,१६,८११.३० | १७,३६,३१२.२६ |
| **कुल दायित्व** | | **२७,६३,५१,५७३.६७** | **२४,१७,०९,११९.४८** |
| **पुँजी** | | | |
| शेयर पुँजी | ४.१७ | ३,२०,०२,९००.०० | २,९८,४५,२००.०० |
| साधारण जगेडा कोष | ४.१८ | १,९९,११,०४२.३० | १,७४,२४,०३०.६१ |
| संरक्षित पूँजी फिर्ता कोष | | १८,६५,२५८.७७ | - |
| अन्य वैधानिक कोषहरु | ४.१९ | ७०,७३,६३४.७६ | २१,४२,९२०.०१ |
| पूनमूल्याङ्कन कोष | | - | - |
| उचित मुल्य कोष | | - | - |
| संचित मूनाफा | | - | - |
| **कुल पूँजी** | | **६,०८,५२,८३५.८३** | **४,९४,१२,१५०.६२** |
| **कुल पुँजी तथा दायित्व** | | **३३,७२,०४,४०९.५०** | **२९,११,२१,२७०.१०** |

*आजको मितिमा संलग्न प्रतिवेदन अनुसार,*

| | | | | |
|---|---|---|---|---|
| तिलकराज आचार्य<br>का.मु. व्यवस्थापक | शेरबहादुर शाही<br>कोषाध्यक्ष | मोहनदेव गिरी<br>सचिव | महेन्द्रप्रसाद शर्मा<br>अध्यक्ष | सि. ए. दिपक प्याकुरेल<br>प्याकुरेल एण्ड एशोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्ट्स |

# जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि.

## वीरेन्द्रनगर, सुर्खेत

### नाफा नोक्सान विवरण

### श्रावण १, २०८१ देखि आषाढ ३२, २०८२ सम्मको

*रकम (रु.)*

| विवरण | नोट | आ.व.२०८१/२०८२ | आ.व.२०८०/२०८१ |
|---|---|---|---|
| ब्याज आम्दानी | ४.२२ | ३,३०,२२,६१५.५३ | ३,३२,५०,८८६.९१ |
| ब्याज खर्च | ४.२३ | (१,९६,९७,२६३.९२) | (१,९५,०९,०६६.६४) |
| **खुद ब्याज आम्दानी** | | **१,३३,२५,३५१.६१** | **१,३७,४१,८२०.२७** |
| बिक्रि तथा अन्य सञ्चालन आम्दानी | ४.२४ | २०,८६,१९६.५० | १८,६८,११६.६० |
| बिक्रिको लागत तथा अन्य प्रत्यक्ष खर्च | ४.२५ | - | - |
| **खुद बिक्रि तथा अन्य सञ्चालन आम्दानी** | | **२०,८६,१९६.५०** | **१८,६८,११६.६०** |
| **खुद ब्याज, शुल्क तथा कमिशन आम्दानी** | | **१,५४,११,५४८.११** | **१,५६,०९,९३६.८७** |
| अन्य सञ्चालन आम्दानी | ४.२६ | ६०,७७६.५७ | ९६,७५५.६९ |
| **जम्मा सञ्चालन आम्दानी** | | **१,५४,७२,३२४.६८** | **१,५७,०६,६९२.५६** |
| कर्जाको क्षयिकरण/कर्जा तथा अन्य हानीको फिर्ता | ४.२७ | २५,८२,७६८.८१ | (८६,९८,९११.१३) |
| **खूद सञ्चालन आम्दानी** | | **१,८०,५५,०९३.४९** | **७०,०७,७८१.४३** |
| **सञ्चालन खर्च** | | | |
| कर्मचारी लाभ खर्च | ४.२८ | (२९,९९,००२.५७) | (३५,७२,३०४.३३) |
| अन्य सञ्चालन खर्च | ४.२९ | (३२,४८,७७०.५२) | (३०,३२,९६६.८९) |
| ह्रास कट्टि, परिशोधन तथा क्षयिकरण खर्च | ४.३ | (९,१५,६८५.१८) | (४,४५,२३९.७५) |
| **सञ्चालन नाफा** | | **१,०८,९१,६३५.२२** | **(४२,७२९.५४)** |
| गैर संचालन आम्दानी | ४.३१ | - | - |
| गैर संचालन खर्च | ४.३२ | - | - |
| **आयकर अघिको नाफा** | | **१,०८,९१,६३५.२२** | **(४२,७२९.५४)** |
| आयकर खर्च | ४.३३ | | |
| चालू कर | | (८,४९,२४६.९८) | (५,८४,४४४.९८) |
| स्थगन कर (खर्च)/आम्दानी | | (९४,३४१.४७) | ६,२७,१७४.५२ |
| **यस अवधिको नाफा** | | **९९,४८,०४६.७७** | **-** |

*आजको मितिमा संलग्न प्रतिवेदन अनुसार,*

तिलकराज आचार्य
का.मु. व्यवस्थापक

शेरबहादुर शाही
कोषाध्यक्ष

मोहनदेव गिरी
सचिव

महेन्द्रप्रसाद शर्मा
अध्यक्ष

सि. ए. दिपक प्याकुरेल
प्याकुरेल एण्ड एशोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

# जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि.

## वीरेन्द्रनगर, सुर्खेत

## अन्य विस्तृत आम्दानीको विवरण

### श्रावण १, २०८१ देखि आषाढ ३२, २०८२ सम्मको

*रकम (रु.)*

| विवरण | आ.व.२०८१/२०८२ | आ.व.२०८०/२०८१ |
|---|---|---|
| **यस वर्षको नाफा** | ९९,४८,०४६.७७ | - |
| **आयकर पछिको अन्य विस्तृत आम्दानी (Other Comprehensive Income)** | | |
| **क) नाफा/(नोक्सान) मा पुनः वर्गिकरण नगरिने** | | |
| **पुनः मुल्याङ्कन बाट भएका नाफा/(नोक्सान)** | - | - |
| परिभाषित लाभ योजनाबाट विमाङ्कित नाफा/(नोक्सान) | - | - |
| माथि उल्लेख गरिएको बुँदाको आयकर | - | - |
| | | |
| **नाफा/(नोक्सान) मा पुनः वर्गिकरण नगरिने खुद अन्य विस्तृत आम्दानी (Other Comprehensive Income)** | - | - |
| **ख) नाफा/(नोक्सान) मा पुनः वर्गिकरण गरिएका वा गर्न लायक** | | |
| सटही नाफा/(नोक्सान) (विदेशी सञ्चालनको वित्तीय सम्पत्तिको रुपान्तरणमा भएको) | - | - |
| माथि उल्लेख गरिएको बुँदाको आयकर | | |
| नाफा/(नोक्सान) पुनः वर्गिकरण | | |
| **नाफा/(नोक्सान) मा पुनः वर्गिकरण गरिएका वा गर्न लायक अन्य विस्तृत आम्दानी (Other Comprehensive Income)** | - | - |
| **यस वर्षको आयकर पछिको अन्य विस्तृत आम्दानी (Other Comprehensive Income)** | - | - |
| **जम्मा विस्तृत आम्दानी** | ९९,४८,०४७ | - |

*आजको मितिमा संलग्न प्रतिवेदन अनुसार,*

| | | | | |
|---|---|---|---|---|
| तिलकराज आचार्य<br>का.मु. व्यवस्थापक | शेरबहादुर शाही<br>कोषाध्यक्ष | मोहनदेव गिरी<br>सचिव | महेन्द्रप्रसाद शर्मा<br>अध्यक्ष | सि. ए. दिपक प्याकुरेल<br>प्याकुरेल एण्ड एशोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्ट्स |

तिलकराज आचार्य
का.मु. व्यवस्थापक

# जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि.

## नाफाको बाँडफाँड हिसाब

श्रावण १, २०८१ देखि आषाढ ३२, २०८२ सम्मको

*रकम (रु.)*

| विवरण | प्रतिशत | आ.व.२०८१/२०८२ | आ.व.२०८०/२०८१ |
|---|---|---|---|
| यस आ.व.को नाफा/नोक्सान | | ९९,४८,०४६.७७ | - |
| परिभाषित लाभ योजनाबाट विमाङ्कित नाफा/(नोक्सान) | | - | - |
| वास्तविक मुल्य नाफा | | - | - |
| **जम्मा** | | **९९,४८,०४६.७७** | - |
| सुरु सञ्चित मुनाफा मौज्दात | | - | - |
| स्थगित अनुदान | | - | - |
| **बाँड फाँड योग्य नाफा** | | **९९,४८,०४६.७७** | - |
| साधारण जगेडा कोष | २५% | २४,८७,०११.६९ | - |
| **साधारण जगेडा कोष पछिको रकम** | | **७४,६१,०३५.०८** | - |
| संरक्षित पुँजी फिर्ता कोष | २५% | १८,६५,२५८.७७ | - |
| सहकारी प्रवर्धन कोष | ०.५०% | ३७,३०५.१८ | - |
| **अन्य कोषहरुमा वितरण योग्य रकम** | | **५५,५८,४७१.१३** | - |
| सेयर लाभांश कोष | ६०% | ३३,३५,०८३.०० | - |
| कर्मचारी बोनस कोष | १०% | ५,५५,८४७.११ | - |
| सहकारी शिक्षा कोष | ५% | २,७७,९२३.५६ | - |
| घाटापूर्ति कोष | ५% | २,७७,९२३.५६ | - |
| सहकारी विकास कोष | ५% | २,७७,९२३.५६ | - |
| स्थिरीकरण कोष | ५% | २,७७,९२३.५६ | - |
| सामुदायिक विकाश कोष | ५% | २,७७,९२३.५६ | - |
| अन्य जोखिम बेहोर्ने कोष | ५% | २,७७,९२३.२२ | - |
| **जम्मा** | १००% | - | - |

| | | | | |
|---|---|---|---|---|
| तिलकराज आचार्य<br>का.मु. व्यवस्थापक | शेरबहादुर शाही<br>कोषाध्यक्ष | मोहनदेव गिरी<br>सचिव | महेन्द्रप्रसाद शर्मा<br>अध्यक्ष | सि. ए. दिपक प्याकुरेल<br>प्याकुरेल एण्ड एशोसिएटस<br>चार्टर्ड एकाउन्टेन्टस |

तिलकराज आचार्य
का.मु. व्यवस्थापक

**जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि.**
**वीरेन्द्रनगर, सुर्खेत**
**नगद प्रवाह विवरण**
**श्रावण १, २०८१ देखि आषाढ ३२, २०८२ सम्मको**

*रकम (रु.)*

| विवरण | आ.व.२०८१/२०८२ | आ.व.२०८०/२०८१ |
|---|---|---|
| **कारोबार संचालनबाट नगद प्रवाह** | | |
| ब्याज आम्दानी | ३,३०,२२,६१५.५३ | ३,३२,५०,८८६.९१ |
| शुल्क तथा अन्य सञ्चालन आम्दानी प्राप्ती | २०,८६,१९६.५० | १८,६८,११६.६० |
| भुक्तानी गरिएको ब्याज खर्च | (१,९६,९७,२६३.९२) | (१,९५,०९,०६६.६४) |
| भुक्तानी गरिएको अन्य प्रत्यक्ष खर्च | – | – |
| अन्य आम्दानी | ६०,३९१.८५ | – |
| नगद भुक्तानी कर्मचारी खर्च | (२९,९९,००२.५७) | ३१,५०,३६७.२३ |
| भुक्तानी गरिएको अन्य कार्यालय सञ्चालन खर्च | (३२,४८,७७०.५२) | (३०,३२,९६६.८९) |
| **सञ्चालन सम्पत्ति र दायित्वको घटबढ अघिको संचालक नगद प्रवाह** | **९२,२४,१६६.८७** | **१,५७,२७,३३७.२१** |
| **सञ्चालन सम्बन्धी सम्पत्तिमा कमी/(वृद्धि)** | | |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | (२,५०,००,०००.००) | (१,९०,००,०००.००) |
| सदस्यलाई ऋण लगानी | (१,१७,५४,८७५.२२) | (८३,७७,०५०.६९) |
| कर्मचारीलाई ऋण लगानी | – | – |
| अन्य सम्पत्ति | १४,७२,०२४.१३ | (१४,२९,९२३.७३) |
| **सञ्चालन सम्बन्धी चालु दायित्वमा (कमी)/वृद्धि** | | |
| सदस्यबाट बचत र निक्षेप दायित्व | ३,३२,८३,९८४.६२ | ४,७९,०९,९४३.८१ |
| तिर्न बाँकी कर्जा सापट | – | (९९,१६,४१४.४८) |
| अन्य दायित्व | ५,२१,८८४.८८ | (२५,८१,२६३.६६) |
| **आयकर अगाडिको कार्यगत गतिविधिबाट खुद नगद प्रवाह** | **७७,४७,१८५.२८** | **२,२३,३२,६२८.४६** |
| आयकर भुक्तानी | (५,८४,४४४.९८) | (३,४३,१८२.८१) |
| **सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह** | **७१,६२,७४०.३०** | **२,१९,८९,४४५.६५** |
| **लगानी कारोवारमा नगद प्रवाह** | | |
| सम्पत्ति संयन्त्र तथा उपकरणको खरिद | (५७,८०,४१२.१८) | (३७,३२,०७३.९७) |
| सम्पत्ति संयन्त्र तथा उपकरणको विक्री | – | – |
| लगानी सम्पत्ति खरिद | – | – |
| अमुर्त सम्पत्तिको खरिद | – | – |
| लाभांश तथा फिर्ता भएको संरक्षण पुंजीकोष प्राप्ती | ३८४.७२ | ९६,७५५.६९ |
| **लगानी गतिविधिको खुद नगद प्रवाह** | **(५७,८०,०२७.४६)** | **(३६,३५,३१८.२८)** |
| शेयर पुंजी जारीबाट प्राप्त | २१,५७,७००.०० | २७,८२,१००.०० |
| लाभांश भुक्तानी | – | (२४,२०,११४.९४) |
| संरक्षण पुँजीकोष भुक्तानी | – | (४,८९,०३६.००) |
| कोषमा थप/(उपयोग) | (७१,९०९.२७) | (३,५४,४५२.००) |
| **वित्तीय गतिविधिबाट खुद नगद प्रवाह** | **२०,८५,७९०.७३** | **(४,८१,५०२.९४)** |
| **नगद तथा नगद सरहमा भएको खुद बृद्धि (कमी)** | **३४,६८,५०३.५७** | **१,७८,७२,६२४.४३** |
| सुरु मौज्दात रहेको नगद तथा नगद समान | ५,६२,४८,५००.४३ | ३,८३,७५,८७६.०० |
| नगद तथा नगद समानमा विनिमय दरको उतार चढावको असर | – | – |
| **नगद तथा नगद सरहमा अन्तिम मौज्दात** | **५,९७,१७,००४.००** | **५,६२,४८,५००.४३** |

तिलकराज आचार्य
का.मु. व्यवस्थापक

शेरबहादुर शाही
कोषाध्यक्ष

मोहनदेव गिरी
सचिव

महेन्द्रप्रसाद शर्मा
अध्यक्ष

सि. ए. दिपक प्याकुरेल
प्याकुरेल एण्ड एशोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

तिलकराज आचार्य
का.मु. व्यवस्थापक

## जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि.

वीरेन्द्रनगर, सुर्खेत

**इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण**

श्रावण १, २०८१ देखि आषाढ ३२, २०८२ सम्मको

*रकम (रु.)*

| विवरण | शेयर पुंजी | साधारण जगेडा कोष | पूनमूल्याङ्कन कोष | संरक्षित पुंजी फिर्ता कोष | वास्तविक मुल्य कोष | अन्य नियमनकारी कोषहरु | सञ्चित मुनाफा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| **श्रावण १, २०८० सालको मौज्दात** | २,७०,६३,१००.०० | १,६४,४८,९८२.२९ | - | १२,२२,५८९.०० | - | ४७,७०,१९९.२७ | - | ४,९५,०४,८७०.५६ |
| NFRS for SMEs समायोजन बमोजिम समायोजन/पुनःस्थापना | - | - | - | - | - | - | - | - |
| **श्रावण १, २०८० सालको मौज्दात (संशोधित)** | २,७०,६३,१००.०० | १,६४,४८,९८२.२९ | - | १२,२२,५८९.०० | - | ४७,७०,१९९.२७ | - | ४,९५,०४,८७०.५६ |
| **यस वर्षको विस्तृत आम्दानी (Comprehensive Income)** | | | | | | | | |
| **नाफा** | - | | | | | | - | - |
| **आयकर पश्चात्तको अन्य विस्तृत आम्दानी** | - | - | - | - | | - | - | - |
| पुनः मूल्याङ्कनबाट भएका नाफा/(नोक्सान) | - | | | | | | | - |
| परिभाषित लाभ योजनाबाट विमाङ्कित नाफा/(नोक्सान) | - | | | | | | - | - |
| **यस वर्षको कुल विस्तृत आम्दानी (Comprehensive Income)** | - | - | - | - | | - | - | - |
| यस वर्षको कोष बाँडफाँड | - | - | - | - | - | - | - | - |
| यस वर्षको जगेडा कोषमा स्थानान्तरण | - | ७,३३,५५३.०० | - | (७,३३,५५३.००) | | (१,८२,१६४.३२) | - | (१,८२,१६४.३२) |
| कोषबाट भुक्तानी | - | - | | - | | (२५,०००.००) | - | (२५,०००.००) |
| **इक्विटीमा देखाईएको शेयरधनी सँगको कारोबार** | | | | | | | | - |
| शेयर निष्काशन | ३८,५८,९००.०० | - | - | - | - | - | - | ३८,५८,९००.०० |
| शेयर फिर्ता | (१०,७६,८००.००) | - | - | - | - | - | - | (१०,७६,८००.००) |
| शेयर धनीलाई नगद लाभांश वितरण | - | - | - | - | - | - | - | - |
| शेयर धनीलाई संरक्षित पुंजी फिर्ता | - | - | - | (४,८९,०३६.००) | - | - | - | (४,८९,०३६.००) |
| अन्य कोषमा स्थानान्तरण | - | - | - | - | - | (२४,२०,११४.९४) | - | (२४,२०,११४.९४) |
| अन्य | - | - | - | - | - | - | - | - |
| **आषाढ २०८१ को अन्तिम मौज्दात** | २,९८,४५,२००.०० | १,७१,८२,५३५.२९ | - | - | - | २१,४२,९२०.०१ | - | ४,९१,७०,६५५.३० |

तिलकराज आचार्य
का.मु. व्यवस्थापक

शेरबहादुर शाही
कोषाध्यक्ष

मोहनदेव गिरी
सचिव

महेन्द्रप्रसाद शर्मा
अध्यक्ष

सि. ए. दिपक प्याकुरेल
प्याकुरेल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

**जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि.**

वीरेन्द्रनगर, सुर्खेत

**इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण**

**श्रावण १, २०८१ देखि आषाढ ३२, २०८२ सम्मको**

*रकम (रु.)*

| विवरण | शेयर पुंजी | साधारण जगेडा कोष | पूनमूल्याङ्कन कोष | संरक्षित पुंजी फिर्ता कोष | वास्तविक मुल्य कोष | अन्य नियमनकारी कोषहरु | सञ्चित मुनाफा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| **श्रावण १, २०८१ सालको मौज्दात** | २,९८,४५,२००.०० | १,७१,८२,५३५.२९ | – | – | – | २१,४२,९२०.०१ | – | ४,९१,७०,६५५.३० |
| **यस वर्षको विस्तृत आम्दानी आ.व २०८१/८२** | | | | | | | | |
| **नाफा** | – | – | – | – | | – | ९९,४८,०४६.७७ | ९९,४८,०४६.७७ |
| **आयकर पश्चात्तको अन्य विस्तृत आम्दानी (OCI)** | – | – | – | – | | – | – | – |
| पुनः मूल्याङ्कन बाट भएका नाफा/(नोक्सान) | | | – | | | | | – |
| परिभाषित लाभ योजनामा बिमाङ्कित नाफा/(नोक्सान) | | | | – | | | – | – |
| **कुल विस्तृत आम्दानी** | – | – | – | – | | – | ९९,४८,०४६.७७ | ९९,४८,०४६.७७ |
| कोष बाँडफाँड | – | २४,८७,०११.६९ | – | १८,६५,२५८.७७ | – | ५०,०२,६२४.०२ | (९९,४८,०४६.७७) | (५,९३,१५२.२९) |
| जगेडा कोषमा स्थानान्तरण | – | – | – | – | | – | – | – |
| कर्मचारी बोनस कोषबाट स्थानान्तरण | – | – | – | – | – | – | – | – |
| कोषबाट भुक्तानी | – | – | – | – | | (७१,९०९.२७) | – | (७१,९०९.२७) |
| **इक्विटीमा देखाईएको शेयरधनी सँगको कारोबार** | | | | | | | | – |
| शेयर निष्काशन | ४४,२९,४००.०० | – | – | – | | – | – | ४४,२९,४००.०० |
| शेयर फिर्ता | (२२,७१,७००.००) | – | – | – | | – | – | (२२,७१,७००.००) |
| शेयर धनीलाई लाभांश वितरण | | | | | | | | – |
| शेयर धनीलाई संरक्षित पुँजी फिर्ता | – | – | – | – | | – | – | – |
| नगद लाभांश वितरण | – | – | – | – | | – | – | – |
| अन्य | – | – | – | – | | – | – | – |
| **आषाढ २०८२ मसान्त को अन्तिम मौज्दात** | ३,२०,०२,९००.०० | १,९६,६९,५४६.९८ | – | १८,६५,२५८.७७ | – | ७०,७३,६३४.७६ | – | ६,०६,११,३४०.५१ |

| | | | | |
|---|---|---|---|---|
| तिलकराज आचार्य<br>का.मु. व्यवस्थापक | शेरबहादुर शाही<br>कोषाध्यक्ष | मोहनदेव गिरी<br>सचिव | महेन्द्रप्रसाद शर्मा<br>अध्यक्ष | सि. ए. दिपक प्याकुरेल<br>प्याकुरेल एण्ड एशोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्ट्स |

## जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि.
वीरेन्द्रनगर, सुर्खेत
### अन्य वैधानिक कोषहरु
श्रावण १, २०८१ देखि आषाढ ३२, २०८२ सम्मको

*रकम (रु.)*

| विवरण | शेयर लाभांश कोष | सहकारी शिक्षा कोष | घाटापूर्ति कोष | सहकारी विकास कोष | स्थिरीकरण कोष | सामुदायिक विकाश कोष | अन्य जोखिम बेहोर्ने कोष | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| **श्रावण १, २०८० सालको मौज्दात** | २१,८५,९८९.०० | १,८२,१६६.०० | ९,०९,३२७.९३ | ९,४६,२२०.०२ | १,८२,१६६.०० | १,८२,१६६.०० | १,८२,१६४.३२ | ४७,७०,१९९.२७ |
| नाफाबाट बाँडफाँड | - | - | - | - | - | - | - | - |
| जगेडा कोषमा सारिएको रकम | - | - | - | - | - | - | (१,८२,१६४.३२) | (१,८२,१६४.३२) |
| कोषबाट भुक्तानी | (२१,८५,९८९.००) | (५१,९५९.९४) | - | - | (१,८२,१६६.००) | (२५,०००.००) | - | (२४,४५,११४.९४) |
| अन्य समायोजन | - | - | - | - | - | - | - | - |
| **आषाढ मसान्त २०८१ को अन्तिम मौज्दात** | - | १,३०,२०६.०६ | ९,०९,३२७.९३ | ९,४६,२२०.०२ | - | १,५७,१६६.०० | - | २१,४२,९२०.०१ |
| नाफाबाट बाँडफाँड | ३३,३५,०८३.०० | २,७७,९२३.५६ | २,७७,९२३.५६ | २,७७,९२३.५६ | २,७७,९२३.५६ | २,७७,९२३.५६ | २,७७,९२३.२२ | ५०,०२,६२४.०२ |
| जगेडा कोषमा सारिएको रकम | - | - | - | - | | | | - |
| कोषबाट भुक्तानी | - | (५१,८०१.२७) | - | - | - | (२०,१०८.००) | - | (७१,९०९.२७) |
| अन्य समायोजन | - | - | - | - | - | - | - | - |
| **आषाढ मसान्त २०८२ को अन्तिम मौज्दात** | ३३,३५,०८३.०० | ३,५६,३२८.३५ | ११,८७,२५१.४९ | १२,२४,१४३.५८ | २,७७,९२३.५६ | ४,१४,९८१.५६ | २,७७,९२३.२२ | ७०,७३,६३४.७६ |

तिलकराज आचार्य
का.मु. व्यवस्थापक

शेरबहादुर शाही
कोषाध्यक्ष

मोहनदेव गिरी
सचिव

महेन्द्रप्रसाद शर्मा
अध्यक्ष

सि. ए. दिपक प्याकुरेल
प्याकुरेल एण्ड एशोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

**श्री जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि.**
**वित्तिय विवरण सम्बन्धी टिप्पणीहरु तथा प्रमूख लेखा नीतिहरु**
**आ.व.२०८१/०८२**

**१. संगठनात्मक जानकारी**

अन्तराष्ट्रिय सहकारीका मुल्य, मान्यता र सिद्धान्तहरुका आधारमा सदस्यहरुमा छरिएर रहेको स्रोत र साधनलाई एकिकृत गरी सदस्यहरुका निर्वाचित प्रतिनिधिद्धारा संचालित एवम् प्रजातान्त्रिक पद्दतिबाट नियन्त्रित सहकारी संस्थाको माध्यमद्धारा प्रत्येक सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासको लागि एक सहकारी संस्थाको गठन गरी संचालन गर्न आवश्यक भएकोले सहकारी ऐन २०४८ बमोजिम मिति २०५२ जेठ २८ मा डिभिजन सहकारी कार्यालय सुर्खेतमा दर्ता भई साना किसान कृषि सहकारी संस्था लि., वीरेन्द्रनगर सुर्खेतमा संचालनमा आएको हो । यसको कार्यालय वीरेन्द्रनगर ०१, बाङगेसिमल, सुर्खेतमा रहेको छ । यस संस्थाको स्थायी लेखा नं. ३०३२९६६०७ रहेको छ ।

**२. लेखाङ्कनका आधार**

**२.१ अनुपालन सम्बन्धी उद्घोषण**

सहकारीको छुट्टाछुट्टै वित्तीय विवरणहरू लेखामान बोर्ड (ASB), नेपालद्वारा व्यवस्था भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरिएको साना तथा मझौला संस्थाका लागि नेपाल वित्तीय प्रतिवेदन मान (NFRS for SMEs) अनुसार तयार गरिएको छ । सहकारी संस्थाको सहयोगी, सहायक वा संयुक्त व्यवस्थाको रूपमा वर्गीकृत संस्थाहरूमा कुनै लगानी नभएकोले संयुक्त वित्तीय विवरणहरू तयार पारिएको छैन । चालु आर्थिक वर्षको वर्गीकरण/खुलासासँग मेल खाने गरी आवश्यक परेमा अघिल्लो आर्थिक वर्षको तथ्याङ्कलाई पुनः समूहबद्ध/पुनः वर्गीकृत गरिएको छ ।

**२.२ समिक्षा अवधि र वित्तीय स्वीकृति**

यस सहकारी संस्थाले वित्तीय विवरणहरू तयार गर्न नेपाली पात्रोमा आधारित नेपाली आर्थिक वर्षको (श्रावण १ गतेबाट सुरु भएर आषाढ मसान्तसम्म) लाई आधार लिएको छ ।

वित्तीय विवरणहरूको तयारी र प्रस्तुतीकरणको जिम्मेवारी सञ्चालक समितिले स्वीकार गर्दछ ।

यी वित्तीय विवरणहरू १० असोज २०८२ मा सञ्चालक समितिबाट जारी भई २२ कार्तिक २०८२ मा बस्ने ३० औं वार्षिक साधारण सभामा शेयरसदस्यहरूबाट अनुमोदनको लागि सिफारिस गरिएको थियो ।

**२.३ कार्यात्मक र प्रस्तुतीकरण मुद्रा**

वित्तीय विवरणहरू नेपाली रुपैयाँ (NPR) मा प्रस्तुत गरिएका छन् जुन सहकारी संस्थाको कार्यात्मक र प्रस्तुतिकरण मुद्रा हो । प्रस्तुत गरिएको वित्तीय जानकारीलाई अन्यथा उल्लेख गरिएको ठाउँमा बाहेक दशमलबपछिको दुई अंकमा प्रस्तुत गरिएको छ ।

**२.४ अनुमान, पूर्वधारणा र स्वविवेकको प्रयोग**

वित्तीय विवरणहरू तयार गर्नका लागि व्यवस्थापनले सम्पत्ति, दायित्व, आम्दानी र खर्चको लेखाङकन गरिएको रकमलाई असर गर्ने लेखा नीतिहरूको प्रयोगमा अनुमान, पूर्वधारणा र स्वविवेकको प्रयोग आवश्यक पर्दछ । वास्तविक परिणामहरू यी अनुमानहरू भन्दा फरक हुन सक्छन् । विगतको अनुभव र अन्य कारकहरूको आधारमा अनुमान र निर्णयहरूमा निरन्तर पुनरावलोकन गरिन्छ, जसमा स्वभाविक देखिने भविष्यका घटनाहरूलाई पनि समावेश गरिन्छ । लेखा अनुमानहरूमा अनुमानमा भएको पुनरावलोकनलाई prospectively समायोजन गरिन्छ ।

**२.५ लेखा नीतिहरूमा परिवर्तनहरू**

वित्तिय विवरण तयार गर्दा प्रयोग गरिएका लेखा नीतिहरु निरन्तर रूपमा अवलम्बन गरिन्छ । लेखा नीतिमा परिवर्तन गर्नु पर्दा NFRS ले तोकेको व्यवस्था बमोजिम त्यसलाई समायोजन गरिन्छ ।

| | | | | |
|---|---|---|---|---|
| तिलकराज आचार्य<br>का.मु. व्यवस्थापक | शेरबहादुर शाही<br>कोषाध्यक्ष | मोहनदेव गिरी<br>सचिव | महेन्द्रप्रसाद शर्मा<br>अध्यक्ष | सि. ए. दिपक प्याकुरेल<br>प्याकुरेल एण्ड एशोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्ट्स |

**२.६ छुट (Discounting)**

Time value of money को प्रभाव सारभूत भएमा सो रकमहरूलाई discounting गरी मापन गरिन्छ ।

**३. महत्वपूर्ण लेखा नीतिहरू**

**३.१ मापनको आधार**

देहायका सारभुत शीर्षकहरु बाहेक सहकारी संस्थाको वित्तीय विवरणहरू ऐतिहासिक लागतको आधारमा तयार पारिएको छ ।

| शीर्षकहरु | मापनको आधार |
|---|---|
| लगानी सम्पत्तिहरू | उचित मूल्य |
| कर्मचारीहरूलाई ऋण | उचित मूल्य (बजारको ब्याजदरको हिसाबले गणना गरिएको रकम ) |

**३.२ वित्तीय सम्पत्ति र वित्तीय दायित्वहरू**

**पहिचान र मापन**

जब सहकारी संस्था वित्तीय कारोबारको करारीय प्रावधानहरूको पक्ष बन्छ तब सहकारीले वित्तीय सम्पत्ति र वित्तीय दायित्वहरूको पहिचान गर्दछ । सार्वजनिक रूपमा कारोबार गरिएका बाहेक सबै वित्तीय सम्पत्ति र दायित्वहरू, प्रारम्भिक मान्यतामा परिशोधित लागत मूल्यमा मापन गरिन्छ । वित्तीय सम्पत्ति र वित्तीय दायित्वहरूको सम्बन्धमा लेनदेन लागतहरू (transaction costs) शुरुवातमा बजार मुल्यमा थपिन्छन् । तर नाफा वा नोक्सान मार्फत उचित मूल्यमा मापन हुने वित्तीय सम्पत्ति र वित्तीय दायित्वहरूमा मा लाग्ने लेनदेनका खर्चहरु नाफा र नोक्सानको विवरणमा लेखाङकन गरिन्छ ।

**वर्गीकरण तथा मापन**

साना तथा मझौला निकायमा लाग्ने नेपाल वित्तीय प्रतिवेदन मानको दफा ११ द्वारा आवश्यकता अनुसार वित्तीय सम्पत्तिहरू र दायित्वलाई दुई वर्गमा वर्गीकृत गरिएको छ ।

**क. परिशोधित लागतमा मापन गरिएको:**

सार्वजनिक रूपमा कारोबार गरिएको शेयरमा लगानी बाहेकका वित्तीय सम्पत्तिहरू र वित्तीय दायित्वलाई क्षयीकरण घटाएर परिशोधित लागतमा मापन गरिन्छ । क्षयिकरण भनेको करार बमोजिम प्राप्त हुनुपर्ने नगद भविष्यमा प्राप्त नहुने अनुमानित रकमको प्रभावकारी ब्याज दर (EIR) ले गणना गरिएको वर्तमान मुल्य हो । यदि सम्पत्तिको मुल्यमा कुनै क्षयिकरण भएको छ भने, EIR को परिशोधन र क्षयिकरणबाट उत्पन्न हुने रकम नाफा र नोक्सानको विवरणमा पहिचान गरिन्छ ।

**ख. नाफा वा नोक्सान मार्फत वास्तविक मूल्यमा मापन गरिएको:**

सार्वजनिक रूपमा कारोबार हुने वित्तीय सम्पत्ति र वित्तीय दायित्वको उचित मूल्य अनुचित लागत र प्रयास बिना भरपर्दो रूपमा मापन गर्न सकिन्छ भने उचित मूल्यमा परिवर्तनहरू नाफा वा नोक्सानमा पहिचान गरी उचित मूल्यमा मापन गरिन्छ । यदि उचित मूल्य विश्वसनीय रूपमा मापन गर्न सकिँदैन भने त्यस्ता वित्तीय सम्पत्ति र दायित्व लागत मूल्यमा क्षयीकरण घटाई मापन गरिन्छ ।

**निसर्ग**

सहकारी संस्थाले वित्तीय सम्पत्तिबाट नगद प्रवाहमा सम्झौता अधिकार समाप्त हुँदा वा सम्पत्तिबाट नगद प्रवाह प्राप्त गर्ने सम्झौता अधिकार हस्तान्तरण गर्दा वित्तीय सम्पत्तिलाई निसर्ग गर्दछ ।

वित्तीय दायित्व सम्झौतामा निर्दिष्ट दायित्व समाप्त भएपछि वा सम्झौता रद्द गर्दा वा सम्झौताको म्याद सकिँदा निसर्ग गरिन्छ ।

| | | | | |
|---|---|---|---|---|
| तिलकराज आचार्य<br>का.मु. व्यवस्थापक | शेरबहादुर शाही<br>कोषाध्यक्ष | मोहनदेव गिरी<br>सचिव | महेन्द्रप्रसाद शर्मा<br>अध्यक्ष | सि. ए. दिपक प्याकुरेल<br>प्याकुरेल एण्ड एसोसियट्स<br>चार्टर्ड एकाउन्टेन्ट्स |

तिलकराज आचार्य
का.मु. व्यवस्थापक

**उचित मूल्यको निर्धारण**

वित्तीय उपकरणको उचित मूल्य भनेको मापन मितिमा बजार सहभागीहरू बीचको व्यवस्थित लेनदेनमा सम्पत्ति बेच्दा प्राप्त हुने वा दायित्व हस्तान्तरण गर्न भुक्तानी गरिने मूल्य हो ।

सहकारी संस्थाले वर्णन गरिए अनुसार उचित मूल्य-तहगतको तीन तहहरू (Levels) पालना गर्दछ :

क) उचित मूल्यको सबैभन्दा राम्रो प्रमाण भनेको सक्रिय बजारमा समान सम्पत्ति (वा समान प्रकारको सम्पत्ति) को लागि सूचिकृत मूल्य हो । यो सामान्यतया हालको बोली मूल्य हो ।

ख) सूचीकृत मूल्यहरू उपलब्ध नभएको बेला, बाध्यकारी बिक्री सम्झौतामा मूल्य वा सूचीकृत मूल्यहरूको लागि हालसालै गरिएको कारोबार उपलब्ध नभएको बेला, बाध्यकारी बिक्री सम्झौतामा मूल्य वा जानकार, इच्छुक पक्षहरू बीचको सामान्य बजार बीचको कारोबारमा समान सम्पत्तिको लागि हालसालै गरिएको कारोबारले सूचीकृत मूल्यको प्रमाण प्रदान गर्दछ ।

ग) यदि सम्पत्तिको बजार सक्रिय छैन र कुनै पनि बाध्यकारी बिक्री सम्झौताहरू वा समान सम्पत्ति (वा समान प्रकारको सम्पत्ति) को हालसालैको लेनदेनहरू आफैंमा उचित मूल्यको राम्रो अनुमान होइन भने, एक संस्थाले अन्य मूल्याङ्कन विधि प्रयोग गरेर उचित मूल्यको अनुमान गर्दछ । मूल्याङ्कन विधि प्रयोग गर्नुको उद्देश्य सामान्य व्यापारिक सर्न्दभद्वारा मापन मितिमा लेनदेन मूल्य कति हुने थियो भनेर अनुमान गर्नु हो ।

**क्षयीकरण (Impairment) (दफा ११ अनुसार)**

प्रत्येक रिपोर्टिङ मितिमा व्यक्तिगत रूपमा महत्वपूर्ण ऋणको समीक्षा गरिन्छ र क्षय हानी नाफा वा नोक्सानको विवरणमा देखाइन्छ । क्षयीकरण निर्धारण गर्दा भविष्यको नगद प्रवाह रकम र समयको अनुमान, र व्यवस्थापनको स्वविवेक व्यापक रूपमा प्रयोग गरिन्छ । यी अनुमानहरू धेरै कारकहरूको धारणाहरूमा आधारित छन् र वास्तविक परिणामहरू फरक हुन सक्छन्, जसको परिणामस्वरूप भविष्यमा गरिने व्यवस्थाहरूमा परिवर्तनहरू हुन सक्छन् ।

क्षयीकरण प्रावधान व्यवस्थापनको अनुमानमा भविष्यमा प्राप्त हुने अपेक्षा गरिएको नगद प्रवाहको वर्तमान मूल्यमा आधारित हुन्छ । यी नगद प्रवाहहरूको अनुमान गर्दा, व्यवस्थापनले ऋणीको वित्तीय अवस्था र कुनै पनि अन्तर्निहित धितोको खुद प्राप्तियोग्य मूल्य सहित कारकहरूको संख्याको बारेमा स्वविवेक प्रयोग गर्दछ । प्रत्येक क्षतिग्रस्त सम्पत्तिलाई नगद प्रवाहको पुनः प्राप्तियोग्य रकम अनुमान गर्न यसको योग्यता मूल्याङ्कन गरिन्छ । क्षयीकरणलाई निम्ननुसार व्यवस्था गरिएको छः

- परिपक्वतासम्म राखिएका, व्यक्तिगत रूपमा महत्वपूर्ण नमानिने समान प्रकृतिका ऋण लगानी र लगानी धितोपत्रहरूको समूहहरू र
- सम्पत्तिहरूको समूह जुन व्यक्तिगत रूपमा महत्वपूर्ण छन् तर ती व्यक्तिगत रूपमा क्षतिग्रस्त भएका छैनन् ।

सामूहिक क्षयीकरण तथ्याङ्कीय मोडेलिङ प्रयोग गरेर गरिन्छ जस्तै नउठ्ने सम्भावनाको ऐतिहासिक प्रवृत्ति, पुनःप्राप्तिको समय, र हालको आर्थिक र बजार अवस्थामा आधारित हुन्छ ।

**सम्पत्ति, संयन्त्र तथा उपकरण**

**पहिचान र मापनः**

सम्पत्ति संयन्त्र तथा उपकरणहरू लागतमा संचित मूल्यह्रास र क्षयीकरण भएमा घटाई मापन गरिन्छ । लागतमा सम्पत्तिको अधिग्रहणसँग प्रत्यक्ष रूपमा सम्बन्धित खर्चहरू समावेश हुन्छन् ।

**मूल्यह्रासः** सहकारी संस्थाले व्यवस्थापनको स्वविवेकमा आधारित मूल्यह्रास दरहरूलाई लागु गर्दै घट्दो दर diminishing balance विधि अपनाएर सम्पत्ति तथा उपकरणको मूल्यह्रास गर्दछ । सम्पत्ति तथा उपकरणका महत्वपूर्ण वस्तुहरूको वर्तमान र तुलनात्मक अवधिको लागि सम्पत्तिको मूल्यह्रासको लागि प्रयोग गरिने दरहरू देहाय बमोजिम छन् :

तिलकराज आचार्य
का.मु. व्यवस्थापक

शेरबहादुर शाही
कोषाध्यक्ष

मोहनदेव गिरी
सचिव

महेन्द्रप्रसाद शर्मा
अध्यक्ष

सि. ए. दिपक प्याकुरेल
प्याकुरेल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

| सि.नं. | सम्पत्तिहरु | मूल्यह्रास दरहरू |
|---|---|---|
| १ | भवन | १०% |
| २ | फर्निचर | १५% |
| ३ | कार्यालय उपकरण | ३५% |
| ४ | सवारी साधन | १५% |
| ५ | अन्य सम्पत्ति | २५% |

सहकारी संस्थाले आफ्नो जग्गाको लागी लागत मोडेल अपनाएको छ। साथै, सहकारीले सम्पत्ति, संयन्त्र तथा उपकरणहरुको अन्य वर्गका लागि लागत मोडेल अपनाएको छ। सम्पत्ति, संयन्त्र तथा उपकरणका वस्तुहरू लागतमा संचित मूल्यह्रास र कुनै पनि संचित क्षयिकरण घटाई मापन गरिन्छ।

नयाँ खरिद गरिएको सम्पत्तिको मूल्यह्रास खरिद गरिएको वर्षबाट वार्षिक रुपमा गणना गरिन्छ र लागत रु.१,००० भन्दा कम भएको सम्पत्तिलाई नाफा नोक्सान विवरणमा उक्त अवधिको लागि खर्चको रूपमा लेखिएको छ।

## ३.४ ख्याति/अमूर्त सम्पत्तिहरू

व्यापार संयोजनमा प्राप्त पहिचान योग्य खुद सम्पत्तिको उचित मूल्यभन्दा अधिग्रहण लागतको कुनै पनि अतिरिक्ततालाई ख्यातिको रूपमा पहिचान गरिन्छ। ख्यातिलाई लागतमा कुनै पनि संचित क्षयिकरणलाई घटाई मापन गरिन्छ। यदि घटनाहरू वा परिस्थितिहरूमा परिवर्तनहरूले वहन मूल्यमा क्षति पुग्न सक्ने घटनाहरू वा परिस्थितिहरूको परिवर्तनहरूले संकेत गरेमा वार्षिक रूपमा वा त्यो भन्दा बढी पटक क्षतिको लागि ख्यातिको क्षयीकरणको समीक्षा गरिन्छ।

ख्याति बाहेक छुट्याउन सकिने वा सम्झौता वा अन्य कानुनी अधिकारहरूबाट उत्पन्न हुने उचित मूल्य निर्धारण गर्न सकिने अमूर्त सम्पत्तिहरुको अलग्गै पहिचान गरिन्छ। यी अमूर्त सम्पत्तिहरूलाई तिनीहरूको अनुमानित उपयोगी जीवन अवधिभर लागतमा क्षयिकरण/परिशोधन घटाई लेखाङ्कन गरिन्छ ।

सहकारी संस्थासँग अमूर्त सम्पत्तिको रूपमा हाल सफ्टवेयर रहेको छ र यसलाई घट्दो दर विधिमा २५% मा परिशोधन गरिन्छ। हाल प्रयोगमा रहेको सफ्टवेयरको मूल्यलाई ह्रासकट्टि गरी यसअघि नै शुन्य गरिएको छ। सफ्टवेयर भने प्रयोगमा रहेको छ।

## ३.५ लगानी सम्पत्ति

लगानी सम्पत्तिहरू लाभ तथा भाडा प्राप्त गर्ने उदेश्यले राखिएको जग्गा र/वा भवन हुन् । यसमा सहकारीले गैर-बैंकिङ सम्पत्तिको रूपमा अधिग्रहण गरेको तर प्रतिवेदन मितिमा बिक्री नभएको जग्गा, जग्गा र भवन समावेश हुन्छन्।

लगानी सम्पत्तिहरू सुरुमा लागतमा पहिचान गरिन्छ र पछि वास्तविक मूल्य मोडेल प्रयोग गरेर मापन गरिन्छ।

सहकारीले उचित मूल्य (Fair Value) प्रयोग गरेर आफ्नो लगानी सम्पत्तिहरू मापन गर्दछ। सम्पत्तिहरू सुरुमा लागतमा र त्यसपछि प्रत्येक रिपोर्टिङ मितिहरूमा उचित मूल्यमा (Fair Value) मापन गरिन्छ, भिन्नताहरू नाफा वा नोक्सानमा स्थानान्तरण गरिन्छ।

## ३.६ आयकर

कर खर्चमा चालु कर र स्थगित कर समावेश छन्।

तिलकराज आचार्य
का.मु. व्यवस्थापक

शेरबहादुर शाही
कोषाध्यक्ष

मोहनदेव गिरी
सचिव

महेन्द्रप्रसाद शर्मा
अध्यक्ष

सि. ए. दिपक प्याकुरेल
प्याकुरेल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

**चालु कर**

चालु कर भनेको इक्विटी वा अन्य विस्तृत आम्दानी (OCI) मा प्रत्यक्ष रूपमा मान्यता प्राप्त वस्तुहरूसँग सम्बन्धित भई इक्विटी वा अन्य विस्तृत आम्दानीमा पहिचान गरिएको बाहेक नाफा वा नोक्सान विवरणमा पहिचान गरिएको आयकर खर्च हो । चालु कर भनेको चालु वर्षको सन्दर्भमा लागू गरिएको कर दरहरू वा वस्तुगत रूपमा लागु गरिएको कर कानूनहरू प्रयोग गरेर र अघिल्ला वर्षहरूको सम्बन्धमा तिर्नुपर्ने करमा कुनै पनि समायोजन गरेर आन्तरिक राजस्व विभागलाई भुक्तानी गर्नुपर्ने अपेक्षित रकम हो ।

**स्थगित कर**

सम्पत्ति तथा दायित्वहरुको वित्तीय विवरणमा गणना गरिएको रकम तथा आयकर ऐन अनुसार गणना गरिएको रकममा हुने भिन्नतालाई वासलातमा स्थगन कर सम्पत्ति वा स्थगन कर दायित्वका रुपमा लेखाङ्कन गरी प्रत्येक वर्ष यस्तो सम्पत्ति वा दायित्वमा हुने परिवर्तनलाई नाफा वा नोक्सान हिसाबमा स्थगन कर आय वा स्थगन कर खर्च को रुपमा लेखाङ्कन गरिन्छ ।

स्थगन कर सम्पत्तिलाई भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएसम्म सम्पत्तिको रुपमा पहिचान गरिँदैन । स्थगन कर सम्पत्ति वा दायित्वको मापन गर्दा उक्त सम्पत्तिबाट प्राप्ति हुने वा दायित्व राफसाफ हुने बखतमा लागू हुन सक्ने कर दरको आधारमा गरिन्छ ।

**.७ जारी गरिएको निक्षेप, ऋण धितोपत्र र अधीनस्थ दायित्वहरू**

**निक्षेपः**

सदस्यहरूको निक्षेपहरू प्रारम्भमा कारोबारको लागत घटाई उचित मूल्यमा पहिचान गरिन्छ । कारोबारको लागत निकै कम हुने भएकाले यी खर्चहरुलाई नाफा वा नोक्सानमा पहिचान गरिन्छ । निक्षेप मापनको लागि लेनदेन मूल्यलाई नै उचित मूल्य मानिन्छ ।

**.८ प्रावधानहरू, अन्य दायित्वहरू आकस्मिक दायित्वहरू**

कुनै विगतको घटनाको परिणामस्वरूप सहकारी संस्थासँग वर्तमानमा कानूनी वा परोक्ष दायित्व उत्पन्न भएको छ, जसको भरपर्दो अनुमान गर्न सकिन्छ, र उक्त दायित्व चुक्ता गर्न आर्थिक स्रोत बाहिरिन सक्ने सम्भावना बढी छ भने, व्यवस्थाको (Provision) लेखाङ्कन गरिन्छ । लेखाङ्कन गरिने रकम भनेको प्रतिवेदन मितिमा वर्तमान दायित्व चुक्ता गर्न आवश्यक अनुमानित सबैभन्दा उपयुक्त रकम हो, जसमा त्यस समयमा रहेको जोखिम र अनिश्चिततालाई समेत ध्यानमा राखिन्छ । व्यवस्थाहरू हरेक प्रतिवेदन मितिमा पुनरावलोकन गरिन्छ र वर्तमानमा सबैभन्दा उपयुक्त अनुमान अनुसार परिमार्जन गरिन्छ । यदि स्रोत बाहिरिन सक्ने सम्भावना नरहेमा त्यस्ता व्यवस्थाहरू उल्ट्याइन्छ ।

लेखाङ्कन गरिने रकम भनेको प्रतिवेदन मितिमा वर्तमान दायित्व चुक्ता गर्न आवश्यक अनुमानित सबैभन्दा उपयुक्त रकम हो, जसमा त्यस समयमा रहेको जोखिम र अनिश्चिततालाई समेत ध्यानमा राखिन्छ ।

संयोगिक (सम्भाव्य) दायित्वहरू ती दायित्वहरू हुन् जसको सृजना हुने वा नहुने भन्ने कुरा कुनै अनिश्चित घटनामा निर्भर गर्दछ । अनिश्चित भविष्यको घटना र यी रकमहरू वासलात बाहिरका (Off balance sheet items) शीर्षकहरु हुन् र आर्थिक स्रोत बाहिरिन सक्ने सम्भावना कम भएकाले खुलासा गरिन्छ ।

सम्झौताबाट प्राप्त गर्ने अपेक्षित लाभ सम्झौता अन्तर्गतको दायित्व पूरा गर्ने अपरिहार्य लागतभन्दा कम हुँदा कष्टसाध्य सम्झौताको लेखाङ्कन व्यवस्था गरिन्छ । २०८२ को आषाढको अन्त्यमा सहकारीसँग त्यस्तो संयोगिक दायित्व र कष्टसाध्य सम्झौताहरू छैनन् ।

**.९ आयको पहिचान**

सहकारी संस्थामा आर्थिक लाभ प्रवाहित हुने सम्भावना भएको हदसम्म र मूल्य विश्वसनीय रूपमा मापन गर्न सकिने भएमा आम्दानी लेखाङ्कन गरिन्छ । आय बाध्नको लागि देहायका मापदण्डहरू पनि पूरा गर्नुपर्ने हुन्छ ।

तिलकराज आचार्य, का.मु. व्यवस्थापक | शेरबहादुर शाही, कोषाध्यक्ष | मोहनदेव गिरी, सचिव | महेन्द्रप्रसाद शर्मा, अध्यक्ष | सि. ए. दिपक प्याकुरेल, प्याकुरेल एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स

तिलकराज आचार्य
का.मु. व्यवस्थापक

**ब्याज आम्दानी**

परिशोधित लागतमा मापन गरिएका सबै वित्तीय उपकरणहरू, बिक्रिको लागी राखिएको ब्याज आर्जन गर्ने वित्तीय उपरणहरू, नाफा वा नोक्सान मार्फत उचित मूल्यमा तोकिएका वित्तीय उपकरणहरूको ब्याज आम्दानी प्रभावकारी ब्याज दर (EIR) प्रयोग गरेर लेखाङ्कन गरिन्छ । EIR भनेको वित्तीय उपकरणको अपेक्षित जीवन अवधिमा वित्तीय सम्पत्तिको खुद वहन रकममा अनुमानित भविष्यको नगद भुक्तानी वा प्राप्तिहरूलाई ठ्याक्कै छुट (discount) गर्ने दर हो । प्रभावकारी ब्याज दरको गणनामा प्राप्त गरिएको शुल्कहरू समावेश हुन्छ । ऋणको जीवनकालमा यसरी पहिचान गरिएको आय प्रभावकारी ब्याज विधि अन्तर्गत प्राप्त हुने आम्दानीको लगभग बराबर हुने भएकाले र प्रत्यक्ष रूपमा नाफा र नोक्सानको विवरणमा पहिचान हुने भएकाले यस्ता शुल्कहरू परिशोधित हुँदैनन् ।

**नाफा विवरणमा पहिचान गरिएको ब्याज आम्दानी र नोक्सानीमा निम्न समावेश छन्** :

- क्षतिग्रस्त ऋण बाहेकका प्रभावकारी ब्याजदर विधिमा गणना गरिएको परिशोधित लागतमा मापन गरिएको वित्तीय सम्पत्तिको ब्याज आम्दानी । यी वित्तीय सम्पत्तिहरूमा साना किसान विकास बैंक लि., राष्ट्रिय सहकारी बैंक र जिल्ला/प्रदेश/केन्द्रीय सहकारी संघका धितोपत्रहरूमा रहेका लगानीहरु समावेश छन् ।
- हालसम्म सञ्चालन ऋणबाट प्राप्त तर आर्जित नभएको ब्याज आम्दानीलाई चालू वर्षको ब्याज आम्दानीमा मान्यता दिइएको छ ।

**शुल्क र कमिशनको आम्दानी**

सेवा प्रदान गरिसकेपछि शुल्क र कमिसनहरू सामान्यतया प्रोदभावी आधारमा लेखाङ्कन गरिन्छ ।

**लाभांश आम्दानी**

इक्विटी शेयरबाट प्राप्त लाभांश आम्दानीलाई लाभांश प्राप्त गर्ने अधिकार स्थापित भएपछि लेखाङ्कन गरिन्छ ।

**अनुदान आय**

निर्दिष्ट भविष्य कार्यसम्पादन शर्त तोकिएका अनुदानहरू; कार्यसम्पादन सर्तहरू पूरा हुँदा आयको रूपमा लेखांकन गरिन्छ । निर्दिष्ट भविष्य कार्यसम्पादन शर्त नतोकिएका अनुदानहरू अनुदान प्राप्त हुने कुरा निश्चित हुने बित्तिकै आयको रूपमा लेखांकन गरिन्छ । प्राप्त भएका तर आम्दानीको रूपमा लेखांकन नगरिएका अनुदानलाई दायित्वको रूपमा लेखांकन गरिन्छ ।

### ३.१० ब्याज खर्च

निक्षेप सहित परिशोधन लागतमा मापन गरिएका सबै वित्तीय दायित्वहरूमा ब्याज खर्चलाई प्रभावकारी ब्याजदर विधि प्रयोग गरि नाफा वा नोक्सानको विवरणमा पहिचान गरिन्छ ।

नाफा वा नोक्सान मार्फत उचित मूल्यमा मापन गरिएका सबै वित्तीय दायित्वहरूको ब्याज खर्चलाई प्रोदभावी आधारमा लेखाङ्कन गरिन्छ ।

### ३.११ कर्मचारी लाभहरू

**अल्पकालीन कर्मचारी लाभ**

सहकारी संस्थाको छोटो अवधिको कर्मचारी लाभहरूमा मुख्यतया प्रचलित कानून अन्तर्गत प्रदान गरिएको ज्याला, तलब, भत्ता, बोनस र अन्य कर्मचारी सम्बन्धित खर्चहरू समावेश छन् । छोटो अवधिको कर्मचारी लाभहरू छुट बिनाको आधारमा (undiscounted) मापन गरिन्छ र सम्बन्धित सेवा प्रदान गर्दा नाफा वा नोक्सानको विवरणमा देखाइन्छ ।

**पारिश्रमिक सहितको अल्पकालीन बिदाहरू**

सहकारी संस्थाले कर्मचारीहरूलाई प्रत्येक वर्ष १२ दिनको भैपरी आउने बिदा प्रदान गर्दछ । यो बिदा संचित नहुने र निहित हुँदैन । यसका साथै, सहकारी संस्थाले आफ्नो नीति अनुसार १४ हप्ताको प्रसुति बिदा, १५ दिनको किरिया बिदा, १२ दिनको घर बिदा र १२ दिनको बिरामी बिदा प्रदान गर्दछ । घर बिदा

| तिलकराज आचार्य | शेरबहादुर शाही | मोहनदेव गिरी | महेन्द्रप्रसाद शर्मा | सि. ए. दिपक प्याकुरेल |
|---|---|---|---|---|
| का.मु. व्यवस्थापक | कोषाध्यक्ष | सचिव | अध्यक्ष | प्याकुरेल एण्ड एशोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्ट्स |

बढीमा १८० दिनसम्म संचित रहन सक्दछ भने सोभन्दा माथि संचित भएको बिदालाई प्रत्येक वर्ष नगदिकरण गर्न सकिन्छ । बिरामी बिदा नगदिकरण भएको बाहेक बाँकि संचित रहन्छ ।

**रोजगारी पछि कर्मचारी लाभहरू**

**परिभाषित योगदान योजनाहरू**

रोजगारी पछिको लाभ योजना भनेको परिभाषित योगदान योजना हो जस अन्तर्गत सहकारीले छुट्टै संस्थालाई निश्चित योगदान तिर्दछ र भविष्यमा रकम तिर्न कुनै कानुनी वा परोक्ष दायित्व राख्दैन । संस्थाले परिभाषित योगदान योजनाहरूमा तिरेको योगदानलाई खर्चको रुपमा नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गर्दछ ।

**सामाजिक सुरक्षा कोष योगदान**

संस्था सामाजिक सुरक्षा कोषमा समावेश भएको छ ।

**परिभाषित लाभ योजनाहरू**

परिभाषित लाभ योजनाहरू भनेको परिभाषित योगदान योजनाहरू बाहेकका रोजगारी पछिको लाभ योजनाहरू हुन् । परिभाषित लाभ योजनाहरू अन्तर्गत, संस्थाको दायित्व वर्तमान र पूर्व कर्मचारीहरूलाई सहमत लाभहरू प्रदान गर्नु हो, र बीमांकिक जोखिम (लाभहरू अपेक्षा भन्दा बढी वा कम खर्च हुने) र लगानी जोखिम (कोषमा छुट्याइएको सम्पत्तिमा प्रतिफल अपेक्षा भन्दा फरक हुने) तत्वमा, संस्थाद्वारा वहन गरिन्छ । यदि बीमांकिक वा लगानी अनुभव अपेक्षा भन्दा खराब छ भने, संस्थाको दायित्व बढ्न सक्छ, र यदि बीमांकिक वा लगानी अनुभव अपेक्षित परिभाषित लाभ योजना भन्दा राम्रो छ भने संस्थाको दायित्व घट्न सक्छ ।

यदि कुनै संस्थाले अनुचित लागत वा प्रयास बिना, आफ्नो परिभाषित लाभ दायित्व र सम्बन्धित खर्च मापन गर्न अनुमानित एकाइ क्रेडिट विधि (Projected Unit Credit Method) प्रयोग गर्न सक्षम छ भने गर्न सक्दछ । यदि परिभाषित लाभहरू भविष्यको तलबमा आधारित छन् भने, अनुमानित एकाइ क्रेडिट विधिमा अनुमानित भविष्यको तलब वृद्धिलाई प्रतिबिम्बित गर्ने आधारमा परिभाषित लाभ दायित्वहरू मापन गरिन्छ । यसैगरि अनुमानित एकाइ क्रेडिट विधिमा परिभाषित लाभ दायित्व मापन गर्न विभिन्न बीमांकिक अनुमानहरू प्रयोग गरिन्छ, जसमा छुट दरहरू, योजना सम्पत्तिमा प्रतिफलको अपेक्षित दरहरू, तलब वृद्धिको अपेक्षित दरहरू, मृत्युदर, र (परिभाषित लाभ चिकित्सा योजनाहरूको लागि) चिकित्सा लागत प्रवृत्ति दरहरू समावेश हुन्छन् ।

यदि कुनै संस्थाले अनुचित लागत वा प्रयास बिना, परिभाषित लाभ योजनाहरू अन्तर्गत आफ्नो दायित्व र लागत मापन गर्न अनुमानित एकाइ क्रेडिट विधि प्रयोग गर्न सक्षम छैन भने, संस्थालाई अनुमानित भविष्यको तलब वृद्धि, भविष्यको सेवा अवधि, सम्भावित कर्मचारी मृत्युदर आदिलाई बेवास्ता गरेर वर्तमान कर्मचारीहरूको सम्बन्धमा आफ्नो परिभाषित लाभ दायित्व मापन गर्न सरलीकृत प्रकृया अपनाउन अनुमति दिइएको छ ।

सहकारीले परिभाषित लाभ योजनाका लागि सरलीकृत प्रकृया अपनाएको छ र कर्मचारी लाभमा परिभाषित लाभ योजनाहरूसँग सम्बन्धित सबै खर्चहरू नाफा वा नोक्सान खातामा खर्चको रूपमा लेखांकन गरेको छ ।

संस्थाले नै आफ्नो कोषमा राखी कर्मचारी संचयकोष योजना संचालन गरेको छ जसमा १० प्रतिशत संस्थाले र १० प्रतिशत स्वयम् कर्मचारीले थप गर्दछन् ।

संस्थाले उपदान कोष योजना संचालन गरेको छ जसमा संस्थाले नीति अनुसार वार्षिक रुपमा दायित्वको गणना गरी नपुग रकम खर्च लेखी थप गर्दछ ।

तिलकराज आचार्य, का.मु. व्यवस्थापक | शेरबहादुर शाही, कोषाध्यक्ष | मोहनदेव गिरी, सचिव | महेन्द्रप्रसाद शर्मा, अध्यक्ष | सि. ए. दिपक प्याकुरेल, प्याकुरेल एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स

तिलकराज आचार्य
का.मु. व्यवस्थापक

**अन्य दीर्घकालीन कर्मचारी लाभहरू**

अन्य दीर्घकालीन कर्मचारी लाभहरू छोटो अवधि, सेवानिवृत्ति पछि वा समाप्ति लाभको रूपमा वर्गीकृत गरिएका बाहेक कर्मचारी लाभहरू हुन् । यस्ता लाभहरूको सम्बन्धमा सहकारीको खुद दायित्व प्रत्येक योजनाको लागि छुट्टाछुट्टै गणना गरिन्छ । वर्तमान र अघिल्लो अवधिमा कर्मचारीहरूलाई उनीहरूको सेवाको बदलामा प्राप्त भविष्यका लाभहरूको रकम अनुमान गरेर त्यो लाभलाई यसको वर्तमान मूल्य निर्धारण गरिन्छ । कुनै विगतको सेवा लागत र कुनै पनि योजना सम्पत्तिको उचित मूल्य कटौती गरिन्छ । छुट दर भनेको कर्पोरेट बन्डहरूमा हुने व्याजको लाभ हो जसको परिपक्वता मिति सहकारीको दायित्वको सर्तहरूसँग लगभग नजिक हुन्छन् । अनुमानित एकाइ क्रेडिट विधि प्रयोग गरी योग्य बीमाङ्कीयको प्रतिवेदनको आधारमा दायित्वलाई मान्यता दिइन्छ । नाफा वा नोक्सानको विवरणमा अन्य दीर्घकालीन कर्मचारी लाभहरूको पुनः मापनमा बीमाङ्कीय लाभ/नोक्सान सहित सबै खर्चहरूलाई लेखाङ्कन गरिन्छ ।

यदि कुनै संस्थाले अनुचित लागत वा प्रयास बिना आफ्नो दायित्व र लागत मापन गर्न अनुमानित एकाइ क्रेडिट विधि प्रयोग गर्न सक्षम छैन भने, संस्थालाई अनुमानित भविष्यको तलब वृद्धि, भविष्यको सेवा अवधि, सम्भावित कर्मचारी मृत्युदर आदिलाई बेवास्ता गरेर वर्तमान कर्मचारीहरूको सम्बन्धमा आफ्नो परिभाषित लाभ दायित्व मापन गर्न सरलीकृत प्रकृया अपनाउन अनुमति दिइएको छ ।

सहकारीले सरलीकृत प्रकृया अपनाएको छ र सबै खर्चहरू नाफा वा नोक्सान खातामा खर्चको रूपमा लेखांकन गरेको छ ।

**३.१२ पट्टाहरू**

सहकारी संस्थाले दफा २० पट्टा लागू सञ्चालन पट्टा भुक्तानीलाई खर्चको रूपमा रूपमा लेखाङ्कन गरेको छ । दफा २० अन्तर्गत लेखा नीतिहरूको विवरण प्रस्तुत गरिएको छ ।

कर्जा जोखिम भनेको कुनै पनि ऋणीले स्वीकार गरेको सर्त अनुसार ऋण तिर्न नसक्ने सम्भावना हो । कुनै पनि वित्तीय संस्थाको मुख्य सम्पत्ति वा आम्दानीको स्रोत भनेको ऋण हो । ऋणीले ऋण लिँदा सहमति जनाएको ऋण तिर्न नसक्दा वित्तीय संस्थाको भविष्य खतरामा पर्छ । त्यसैले, जोखिममा रहेको ऋणको अवस्थाको बारेमा जानकारी प्राप्त गर्न प्रभावकारी सूचकहरूको अध्ययन गर्नु आवश्यक छ । लगानी गरिएको ऋणको नोक्सानी रोक्न र यससँग सम्बन्धित जोखिमहरूलाई कम गर्न, मानक ऋण वितरण मापदण्ड प्रक्रिया पालना गरिन्छ । ऋण स्वीकृत गर्ने प्रक्रियामा संलग्न प्रत्येक कर्मचारीलाई निश्चित जिम्मेवारी तोकिएको हुनाले, सम्बन्धित कर्मचारीले वास्तविक जोखिम-मूल्याङ्कन गरेपछि ऋण स्वीकृत गर्नुपर्छ । जोखिम-मूल्याङ्कनको लागी देहायका प्रक्रियाहरू/अभ्यासहरू पालना गरिएको छ ।

तिलकराज आचार्य
का.मु. व्यवस्थापक

शेरबहादुर शाही
कोषाध्यक्ष

मोहनदेव गिरी
सचिव

महेन्द्रप्रसाद शर्मा
अध्यक्ष

सि. ए. दिपक प्याकुरेल
प्याकुरेल एण्ड एशोसियट्स
चार्टर्ड एकाउन्टेन्टस

- माग गरिएको ऋणको आवश्यकता र चुक्ता क्षमताको विश्लेषण गर्ने,
- ऋणीहरूको अनुशासनात्मक रेकर्डको आधारमा ऋणमा लगानी गर्ने,
- ऋण लिएको पछिल्ला महिनाहरूमा ऋणको उपयोगिताको निगरानी गर्ने र आय आर्जन गर्ने गतिविधिहरू/व्यवसायहरूमा प्रयोग भएको सुनिश्चित गर्ने,
- सदस्यहरूलाई बचत बढाउन प्रेरित गर्ने,
- व्यावसायिक ऋणको लागि ऋण आवेदनको समयमा ऋणीले गरेको व्यवसाय र आम्दानी र खर्चको विवरण लिने,
- यदि धितो ऋण हो भने, सुरक्षित सम्पत्तिको आवश्यक कागजातहरू लिने,
- सहकारी निर्देशिका अनुसार ऋण वर्गीकरण गर्न् र नोक्सान व्यवस्था मिलाउने,
- सहकारी संस्थाको उपनियम बमोजिमको सीमा भित्र ऋण वितरण गर्ने,
- ऋणको निरन्तर अनुगमन र निरीक्षण गर्ने ।

**सञ्चालन जोखिम**

सहकारी संस्थाको दैनिक कार्य सञ्चालनको क्रममा उत्पन्न हुने जोखिमलाई सञ्चालन जोखिम भनिन्छ । यस कार्यक्रम अन्तर्गत साना तर ठूलो संख्यामा कारोबार गरिएको छ, विकेन्द्रीकृत कार्य विधि अपनाइएको छ, क्षेत्र विस्तारमा बढी ध्यान दिइएको छ, लागत घटाउन प्राथमिकता दिइएको छ । एकीकृत सूचना प्रणालीको अभाव, पूर्वाधारको अभावमा कार्यक्रमहरूको विस्तार र ग्राहकहरूको आवश्यकता अनुसार सेवा प्रदान गर्न उपयुक्त प्रविधिको अभावका कारण यस कार्यक्रममा सञ्चालन जोखिमको सम्भावना सधैं रहन्छ । संस्थाले दैनिक कार्य सञ्चालनका लागि विभिन्न जिम्मेवारीहरू पूरा गर्न आवश्यक कर्मचारीहरूको व्यवस्था गरेको छ । सबै कर्मचारीहरूले संस्थाले तोकेको नीति नियम भित्र कार्य प्रक्रियामा आफ्नो पद जिम्मेवारी पूरा गर्नुपर्छ । तर कहिलेकाहीं कर्मचारीहरूको लापरवाही र व्यक्तिगत स्वार्थका कारण नीति नियमभन्दा बाहिर जाँदा संस्था जोखिममा पर्छ । यस प्रकारको जोखिमले संस्थाको आम्दानी घटाउने, संस्थाको प्रतिष्ठा जोखिम बढ्ने सम्भावना हुन्छ । सञ्चालन जोखिम आन्तरिक कारकहरूको कारणले हुने भएकाले आन्तरिक नियन्त्रण प्रणालीलाई बलियो बनाएमा मात्र यो जोखिम कम गर्न सकिन्छ ।

**बजार जोखिम**

बजार जोखिम भनेको बजार स्तरमा ब्याजदर वा धितोपत्रको मूल्य (इक्विटी), विदेशी विनिमय दर र ती मूल्यहरूको अस्थिरतामा प्रतिकूल परिवर्तनको कारणले सहकारी संस्थाको आम्दानी वा आर्थिक मूल्यमा क्षति हुने सम्भावना हो ।

बजारको अवस्था तथा माग बुझेर सञ्चालक समिति र व्यवस्थापनले बजारको सम्भावना र अवस्था अनुरूप कार्यक्रमहरू आयोजना गर्दछन् र सोहि अनुरुप माथिदेखि तलसम्मका कर्मचारीहरूलाई उनीहरूको क्षमताको आधारमा उपयुक्त जिम्मेवारी प्रदान गरेर जोखिम कम गर्छन् । यसका लागि आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ पारिएको छ ।

**बजार विश्लेषणमा निम्न कुराहरू विचार गरिएको छ:**

- प्रतिस्पर्धीहरूको सेवा (कार्यक्रम) र ब्याजदरहरूको बारेमा जानकारी,
- संस्थाप्रति सदस्यहरूको दृष्टिकोण,
- यस संस्थाप्रति अन्य संस्थाहरूको धारणा,
- सेवाको लागत,
- नीति नियमहरूमा परिवर्तनबाट हुने उतारचढावहरू,
- अन्य संस्थाहरूले आफ्ना ग्राहकहरूलाई आकर्षित गर्न अपनाएका रणनीतिहरू,
- ग्राहकले छोड्ने/रहने दर ।

तिलकराज आचार्य
का.मु. व्यवस्थापक

शेरबहादुर शाही
कोषाध्यक्ष

मोहनदेव गिरी
सचिव

महेन्द्रप्रसाद शर्मा
अध्यक्ष

सि. ए. दिपक प्याकुरेल
प्याकुरेल एण्ड एशोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

## संस्थागत वा रणनीतिक जोखिम

सहकारी संस्थाको विकास र प्रगतिको क्रममा रणनीतिक जोखिम प्रायः एक प्रमुख कारक हुन्छ, विशेष गरी यदि संस्थाले छोटो अवधिमा तीव्र गिरावट अनुभव गर्छ भने अवलोकन गर्न सकिन्छ । संस्थागत जोखिम र अनुपालन जोखिममा यसको प्रभावको कारण, यो आधुनिक जोखिम व्यवस्थापनमा एक प्रमुख कारक हो । यो जोखिम व्यवस्थापन गर्न, तलका कुराहरू विचार गरिएको छः

- देशको समग्र आर्थिक र सामाजिक वातावरण अनुसार रणनीतिहरू तय वा परिमार्जन गरिएको छ,
- आफ्ना प्रतिस्पर्धीहरूले प्रदान गर्ने सेवाहरू र उनीहरूको स्थितिको बारेमा जानकार रहँदै,
- आफ्ना ग्राहकहरूको अपेक्षा र चाहनालाई नभुल्दै सकेसम्म धेरै सेवा सुविधाहरू प्रदान गर्ने,
- स्रोत परिचालनमा उपयुक्त रणनीतिहरू अपनाउने ।

## आन्तरिक नियन्त्रण जोखिम

आफ्नो व्यवसाय र वित्तीय गतिविधिहरूबाट नाफामुखी व्यावसायिक अवसरहरूलाई अधिकतम बनाउन, नोक्सान वा प्रतिष्ठामा क्षति पुर्याउन सक्ने जोखिमहरूबाट बच्न वा कम गर्न, लागू हुने कानून र नियमहरूको पालना सुनिश्चित गर्न र बाह्य घटनाहरूको लागि लचिलोपन बढाउन सक्षम बनाउने तरिकाले नियन्त्रण गर्न संस्था प्रतिबद्ध छ । सञ्चालक समिति र व्यवस्थापनले जोखिम पहिचान, जोखिम मूल्याङ्कन, जोखिम न्यूनीकरण र नियन्त्रण/अनुगमनको नीति र प्रक्रियाहरू अपनाएको छ ।

सहकारी संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारितालाई सञ्चालक समिति, व्यवस्थापन र लेखा सुपरिवेक्षण समितिद्वारा नियमित रूपमा समीक्षा गरिन्छ । लेखा सुपरिवेक्षण समितिले वर्षभरि संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताको समीक्षा गरेको छ र उपयुक्त भएमा सञ्चालक समितिलाई प्रतिक्रिया प्रदान गरेको छ । लेखा सुपरिवेक्षण समितिले आफ्नो कार्यक्रम मार्फत नीति/मानकहरूको अनुपालन र संस्थाभित्र आन्तरिक नियन्त्रण संरचनाहरूको प्रभावकारिताको निगरानी गर्दछ । जोखिम-आधारित मूल्याङ्कन पद्धतिद्वारा निर्धारण गरिए अनुसार सबैभन्दा ठूलो जोखिमका क्षेत्रहरूमा आन्तरिक लेखा परिक्षकको कार्य केन्द्रित छ । आन्तरिक लेखापरीक्षक प्रतिवेदनहरू त्रैमासिक रूपमा सञ्चालक समितिलाई पठाइन्छ । सबै लेखापरीक्षकहरूको निष्कर्ष तत्काल सुधारात्मक उपायहरू सुरु गर्न प्रमुख कार्यकारी अधिकृत र व्यवसाय प्रमुखहरूलाई रिपोर्ट गरिन्छ ।

## अनुपालन जोखिम

जवाफदेहिता, पारदर्शिता र व्यावसायिक नैतिकताको क्षेत्रमा उत्कृष्ट अभ्यासहरू र बजार मापदण्डहरू पालना गर्नका लागि संस्था प्रतिबद्ध छ । यसले दुर्व्यवहारको शून्य सहनशीलताको लक्ष्य राख्छ । दैनिक सञ्चालनमा तीन पङ्क्तिको सुरक्षा मोडेलले सहकारीमा अनुपालन र अखण्डता जोखिमको लागि भूमिका र जिम्मेवारीहरू परिभाषित गर्दछ । रक्षाको पहिलो पङ्क्ति सम्बन्धित सहकारी विभागहरू र एकाइहरूसँग छ, जो अनुपालन जोखिमहरू पहिचान गरिएको, बुझिएको र व्यवस्थापन र अनुगमन र अनुपालन अधिकारीलाई रिपोर्ट गरिएको कुरा सुनिश्चित गर्न जिम्मेवार छन् । रक्षाको दोस्रो पङ्क्ति अनुगमन र अनुपालन अधिकारीसँग छ, जसले अनुपालन र अखण्डता जोखिमहरूको मूल्याङ्कन र अनुगमन गर्दछ र व्यवस्थापनसँग यसको नियन्त्रण गतिविधिहरू समन्वय गर्दछ । अनुगमन र अनुपालन अधिकारीले व्यवस्थापकलाई रिपोर्ट गर्दछ । रक्षा पङ्क्ति अनुपालन कार्यले संस्था, यसको सञ्चालन र कर्मचारी सदस्यहरूको व्यक्तिगत आचरणसँग सम्बन्धित मामिलाहरूमा अनुपालन जोखिमहरू पहिचान गर्न, मूल्याङ्कन गर्न, अनुगमन गर्न र रिपोर्ट गर्न सहकारी संस्थालाई सहयोग गर्दछ ।

तिलकराज आचार्य
का.मु. व्यवस्थापक

शेरबहादुर शाही
कोषाध्यक्ष

मोहनदेव गिरी
सचिव

महेन्द्रप्रसाद शर्मा
अध्यक्ष

सि. ए. दिपक प्याकुरेल
प्याकुरेल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

### ५.२ वित्तीय सम्पत्ति र दायित्वहरूको उचित मूल्य

उचित मूल्य भनेको बजार-आधारित मापन हो, कुनै संस्था-विशिष्ट मापन होइन । केही सम्पत्ति र दायित्वहरूको लागि, अवलोकनयोग्य बजार लेनदेन वा बजार जानकारी उपलब्ध हुन सक्छ । अन्य सम्पत्ति र दायित्वहरूको लागि, अवलोकनयोग्य बजार लेनदेन र बजार जानकारी उपलब्ध नहुन सक्छ । यद्यपि, दुवै अवस्थामा वास्तविक मूल्य मापनको उद्देश्य एउटै हो - वर्तमान बजार अवस्थाहरू अन्तर्गत मापन मितिमा बजार सहभागीहरू बीच सम्पत्ति बेच्न वा दायित्व हस्तान्तरण गर्न व्यवस्थित लेनदेन हुने मूल्य अनुमान गर्नु हो । (अर्थात्, सम्पत्ति धारण गर्ने वा दायित्व तिर्नुपर्ने बजार सहभागीको दृष्टिकोणबाट मापन मितिमा निकास मूल्य) ।

तलको पदानुक्रम अनुसार वास्तविक मूल्यहरू निर्धारण गरिन्छ:

क) उचित मूल्यको सबैभन्दा राम्रो प्रमाण भनेको सक्रिय बजारमा समान सम्पत्तिको लागि सूचिकृत मूल्य हो । यो सामान्यतया हालको बोली मूल्य हो ।

ख) सूचिकृत मूल्यहरू उपलब्ध नभएको बेला, बाध्यकारी बिक्री सम्झौतामा मूल्य वा सूचिकृत मूल्यहरूको लागि हालसालै गरिएको कारोबार उपलब्ध नभएको बेला, बाध्यकारी बिक्री सम्झौतामा मूल्य वा जानकार, इच्छुक पक्षहरू बीचको सामान्य बजार बिचको कारोबारमा समान सम्पत्तिको लागि हालसालै गरिएको कारोबारले सूचिकृत मूल्यको प्रमाण प्रदान गर्दछ । यद्यपि, यदि आर्थिक परिस्थितिमा उल्लेखनीय परिवर्तन भएको छ वा बाध्यकारी बिक्री सम्झौताको मिति, वा लेनदेन, र मापन मिति बीचको महत्त्वपूर्ण अवधि भएको छ भने यो मूल्य वास्तविक मूल्यको राम्रो अनुमान नहुन सक्छ । यदि संस्थाले अन्तिम लेनदेन मूल्य वास्तविक मूल्यको राम्रो अनुमान होइन भनेर प्रदर्शन गर्न सक्छ ( उदाहरणका लागि, किनभने यसले जबरजस्ती लेनदेन, अनैच्छिक परिसमापन वा संकट बिक्रीमा संस्थाले प्राप्त गर्ने वा भुक्तानी गर्ने रकमलाई प्रतिबिम्बित गर्दछ), तब त्यो मूल्य समायोजन गरिन्छ ।

ग) यदि सम्पत्तिको बजार सक्रिय छैन र कुनै पनि बाध्यकारी बिक्री सम्झौताहरू वा समान सम्पत्ति (वा समान सम्पत्तिको) को हालसालैको लेनदेनहरू आफैंमा वास्तविक मूल्यको राम्रो अनुमान होइन भने, एक संस्थाले अर्को मूल्याङ्कन प्रविधि प्रयोग गरेर उचित मूल्यको अनुमान गर्दछ । मूल्याङ्कन प्रविधि प्रयोग गर्नुको उद्देश्य सामान्य व्यापारिक सर्न्दभद्वारा प्रेरित सामान्य बजार बिचको कारोबारको निमयमा मापन मितिमा लेनदेन मूल्य कति हुने थियो भनेर अनुमान गर्नु हो।

### ५.३ सम्बन्धित पक्षको खुलासा

**संचालक र प्रमुख कार्यकारी अधिकृत र व्यवस्थापकीय कर्मचारीहरूको सूची**

सञ्चालक समितिका सदस्यहरू, लेखा समिति र प्रमुख व्यवस्थापकीय कर्मचारीहरूलाई संस्थाको सम्बन्धित पक्षको रूपमा पहिचान गरिएको छ ।

निम्न पक्षहरूलाई सम्बन्धित पक्षको रूपमा पहिचान गरिएको छ :

| क.स. | नाम | सम्बन्ध | नियुक्तिको मिति | अवकाश मिति |
|---|---|---|---|---|
| १ | महेन्द्र प्रसाद शर्मा | अध्यक्ष | २०७९/०६/२९ | ३१ औ साधारण सभा |
| २ | लक्ष्मी खड्का | उपाध्यक्ष | २०७९/०६/२९ | ३१ औ साधारण सभा |
| ३ | मोहनदेव गिरी | सचिव | २०७९/०६/२९ | ३१ औ साधारण सभा |
| ४ | शेर बहादुर शाही | कोषाध्यक्ष | २०७९/०६/२९ | ३१ औ साधारण सभा |
| ५ | बिष्णु पौडेल | सदस्य | २०७९/०६/२९ | ३१ औ साधारण सभा |
| ६ | सुनिता वि.क. | सदस्य | २०७९/०६/२९ | ३१ औ साधारण सभा |
| ७ | डिलसरा वली | सदस्य | २०७९/०६/२९ | ३१ औ साधारण सभा |

तिलकराज आचार्य
का.मु. व्यवस्थापक

शेरबहादुर शाही
कोषाध्यक्ष

मोहनदेव गिरी
सचिव

महेन्द्रप्रसाद शर्मा
अध्यक्ष

सि. ए. दिपक प्याकुरेल
प्याकुरेल एण्ड एशोसियट्स
चार्टर्ड एकाउन्टेन्ट्स

| | | | | |
|---|---|---|---|---|
| ८ | रमेश प्रसाद दाहाल | सदस्य | २०७९/०६/२९ | ३१ औ साधारण सभा |
| ९ | सुर्य बहादुर शाही | सदस्य | २०७९/०६/२९ | ३१ औ साधारण सभा |
| १० | नरजित नेपाली | सदस्य | २०७९/०६/२९ | ३१ औ साधारण सभा |
| ११ | तिलकराज आचार्य | का.मु.व्यवस्थापक | २०८१/०५/२७ | |

**संचालकहरु र प्रमुख कार्यकारी अधिकृतसँगको कारोबार र भुक्तानी**

सञ्चालक समितिको भत्ता र सुविधा

| **विवरण** | **चालु वर्ष** | **गत वर्ष** |
|---|---|---|
| बैठक भत्ता | ३,२४,०००.०० | २,६८,०००.०० |
| सञ्चार सुविधा | - | - |
| दुर्घटना बीमा प्रिमियम (बीमा गरिएको रकमः ) | - | - |
| जीवन बीमा प्रिमियम | - | - |
| **कुल** | **३,२४,०००.००** | **२,६८,०००.००** |
| ऋण, पेश्की  र अन्य प्राप्य/भुक्तानीयोग्य रकमहरू - ऋण | ९,३८,६२७.५४ | १२,१२,००६.७२ |
| प्राप्तिहरू रद्द गरिएको | - | - |

प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक र सुविधाहरू

| **विवरण** | **चालु वर्ष** | **गत वर्ष** |
|---|---|---|
| आधारभूत तलब | ३,९४,८२४.०० | ३,९४,८२४.०० |
| ग्रेड | ६५,८०३.९२ | ३९,४९२.०० |
| संचार भत्ता | ५२,०००.०० | ७२,०००.०० |
| सामाजिक सुरक्षा कोष योगदान | ९२,१२५.५६ | ८९,४९३.६० |
| उपदान कोष योगदान | - | - |
| चाडपर्व खर्च | ३८,३८५.६६ | ३६,१९३.०० |
| बोनस | - | ६१,०३४.०० |
| संचित बिदा भुक्तानीहरू | - | - |
| पोशाक भत्ता | १०,०००.०० | ८,८८८.९० |
| महंगी भत्ता | - | - |
| इन्धन खर्च | १,६१०.०० | - |
| सवारी साधन सुविधा | छैन | छैन |
| आवास सुविधा | छैन | छैन |
| **कुल** | **६,५४,७४९.१४** | **७,१२,०७०.५०** |
| ऋण, पेश्की र अन्य प्राप्य/भुक्तानीयोग्य रकमहरू - ऋण | १,५०,०००.०० | |
| प्राप्तिहरू रद्द गरिएको | - | - |

तिलकराज आचार्य
का.मु. व्यवस्थापक

शेरबहादुर शाही
कोषाध्यक्ष

मोहनदेव गिरी
सचिव

महेन्द्रप्रसाद शर्मा
अध्यक्ष

सि. ए. दिपक प्याकुरेल
प्याकुरेल एण्ड एशोसियट्स
चार्टर्ड एकाउन्टेन्ट्स

माथिका अतिरिक्त बाहेक, सहकारीले संस्थाको वित्तीय नीति अनुसार भ्रमण भत्ता जस्ता अन्य सुविधाहरू पनि प्रदान गर्दछ ।

## ५.४ मर्जर र प्राप्ति

सहकारीले मर्जर वा प्राप्तिको लागि कुनै सम्झौता गरेको छैन ।

## ५.५ गैर-समावेशित संस्थाहरूको थप खुलासा

सहकारीको कुनै सहायक र सहयोगी कम्पनीहरू छैनन् । त्यसैले, थप खुलासा आवश्यक छैन ।

## ५.६ रिपोर्टिङ मिति पछिका घटनाहरू

नेपाल लेखामान (NAS १०) "रिपोर्टिङ अवधि पछि हुने घटनाहरू" अनुसार समायोजन आवश्यक पर्ने कुनै पनि घटनाहरू रिपोर्टिङ अवधि पछि अवलोकन गरिँदैन ।

| | | | | |
|---|---|---|---|---|
| तिलकराज आचार्य<br>का.मु. व्यवस्थापक | शेरबहादुर शाही<br>कोषाध्यक्ष | मोहनदेव गिरी<br>सचिव | महेन्द्रप्रसाद शर्मा<br>अध्यक्ष | सि. ए. दिपक प्याकुरेल<br>प्याकुरेल एण्ड एशोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्ट्स |

तिलकराज आचार्य
का.मु. व्यवस्थापक
रबहादुर शाही
कोषाध्यक्ष
मोहनदेव गिरी
सचिव
महेन्द्र प्रसाद शर्मा
अध्यक्ष

## ३०औं वार्षिक साधारणसभामा प्रस्तुत
# शिक्षा उपसमितिको प्रतिवेदन-२०८२



**मोहन देव गिरी**

३०औं वार्षिक साधारणसभाका अध्यक्षज्यू, प्रमुख अतिथि, विशेष अतिथि, लेखा सुपरीवेक्षण समिति, विभिन्न उपसमिति, शेयर सदस्य, बाल सदस्यज्यूहरु,

संस्थाको स्थापना कालदेखि हालसम्म २९औं बसन्त पार गरी ३०औं वर्षसम्म आइ पुग्दा संस्थालाई हालको अवस्थासम्म ल्याउन सहयोग गर्नुहुने पूर्व सञ्चालक शेयर सदस्यहरु प्रति सम्मान ब्यक्त गर्न चाहन्छु । यसै गरी सस्थाको शेयर सदस्य भइ दिवङ्गत हुनुहुने सम्पूर्ण मृतक सदस्यप्रति हार्दिक श्रद्धान्जली ब्यक्त गर्दछु । शिक्षा एक अन्धकारको दियो हो । शिक्षा निरन्तर चलिरहने प्रकृया पनि हो र समयको परिवर्तन संग संगै शिक्षा दिने तरिका र विधा पनि फरक फरक हुने गर्छ ।सहकारीमा सदस्यहरुले पनि सहकारी सम्बन्धी सामान्य कुरा जानकारी लिनु अति आवश्यक देखिन्छ । सहकारीको अन्तराष्ट्रिय सिद्धान्तहरु मध्येको पाँचौ सिद्धान्तमा व्यवस्था भए अनुसार शेयर सदस्यहरुलाई आफ्नो संस्थाको हरेक गतिविधिहरुको बारेमा जानकारी दिनु र लिनु जरुरी हुन्छ ।जब मानिस यस धर्तिमा पाइला टेक्छ त्यसपछि सिकाइ सुरु हुने गर्दछ जुन मृत्यु नहुदाँ सम्म चलिरहने प्रक्रिया हो ।

हरेक सदस्यहरुले संस्थाको बारेमा बुझ्न पाउनु सदस्यको अधिकार हो, भने सदस्यलाई बुझाउनु संस्थाको कर्तव्य हो । त्यसैले शिक्षा उपसमितिको माध्यम बाट संस्थाको शेयर सदस्यहरुलाई समय अनुकुल विभिन्न शिक्षा र तालिमको व्यवस्था गर्दै आएको छ ।जस अनुसार हाम्रो संस्थाले विभिन्न माध्यमहरुद्वारा संस्थाको गतिविधिहरु सदस्यलाई जानकारी दिदै आएको छ ।

**<u>निम्नः</u>**

शेयर सदस्यहरुका लागि वित्तीय साक्षरता कार्यक्रम सञ्चालन,
शेयर सदस्यहरुका लागि ऋण शिक्षा तालिम सञ्चालन,
सदस्यहरुलाई सहकारी शिक्षा तालिमको व्यवस्था,
तालिम गोष्ठीहरु सञ्चालन गरेर,
सहकारी सम्बन्धी मा.वि. स्तरीय निवन्ध लेखन प्रतियोगिता आयोजना गरेर,
संस्थाको वार्षिक भित्तेपात्रो, ब्रोसर, क्याटलग आदि प्रकाशन एवं वितरण गरेर,
स्थापना दिवसमा विभिन्न कार्यक्रम गरेर,
संस्थामा आवद्ध बाल सदस्यहरुलाई जन्मदिनमा कापी र डट्पेन उपहार प्रदान गरी,

यस जनकल्याण बचत तथा ऋण सहकारी संस्थाले यस्तै प्रकारका विभिन्न कार्यक्रमहरु तथा गतिविधिहरु सञ्चालन गरी सहकारीमा आवद्ध शेयर सदस्यहरु तथा समुदायको चौतर्फि विकासमा महत्वपूर्ण भूमिका निर्वाह

गर्दै आइरहेको छ ।आ.व. ०८१/०८२ मा पनि यस्तै किसिमका विभिन्न कार्यक्रमहरु गर्दै आइरहेको छ जसको विस्तृत विवरण तल देहायबमोजिम उल्लेख गरिएको छ ।

**निम्न कार्यक्रम**

| क्र.स. | कार्यक्रमको विवरण | आयोजक संस्था | स्थान | सम्पन्न मिति | लाभान्वित सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | सहकारी शिक्षा तालिम | जनकल्याण साकोस | संस्थाको भवन | विभिन्न मितिमा | ७९ जना |
| २ | वित्तीय साक्षरता तथा सदस्य शिक्षा तालिम | जनकल्याण साकोस | संस्थाको भवन | विभिन्न मितिमा | १०४ जना |
| ३ | सहकारी सम्बन्धित मा.वि. स्तरिय निबन्ध लेखन प्रतियोगिता | जनकल्याण साकोस | संस्थाको भवन | २०८२ जेठ २५ | २५ जना |
| ४ | ऋण शिक्षा तालिम | जनकल्याण साकोस | संस्थाको भवन | विभिन्न मितिमा | ५७ जना |
| ५ | बजेट तथा नीति निर्माण तालिम | राष्ट्रिय सहकारी बैंक | डि. नमस्ते नेपाल होटल | २०८२/१०/३० | कोषाध्यक्ष |
| ६ | सदस्य सम्बन्ध विकास प्रशिक्षण | राष्ट्रिय सहकारी बैंक | जियाना रेष्टुरेन्ट | २०८१/०५/२७ | बजार प्रतिनिधि |
| ७ | ऋण जोखिम व्यवस्थापन | नेफ्स्कुन | जियाना रेष्टुरेन्ट | २०८१/१२/०४ | ऋण सहायक |
| ८ | प्रदेश स्तरीय साकोस सम्मेलन | नेफ्स्कुन | नेपालगन्ज | २०८२/०१/३० | ऋण प्रमुख |
| ९ | व्यावसायिक मोडलमा व्यवस्थापकिय भूमिका | सहकारी महासंघ | दिल्ली | २०८२/०१/१९ | का.मु. व्यवस्थापक |
| १० | ३० औं स्थापना दिवस विषेश सप्ताहव्यापी कार्यक्रम | जनकल्याण साकोस | संस्थाको भवन | २०८२ जेठ २२ देखि २८ सम्म | ४७५ जना |

आदरणीय शेयर सदस्य ज्यूहरु अब म आर्थिक वर्ष २०८२/०८३ का लागि शिक्षा उपसमितिको तर्फबाट सम्पन्न गरिने कार्यक्रमहरुको कार्ययोजना निम्न बमोजिम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

निम्नः

| क्र.स. | कार्यक्रमको विवरण | अनुमानित कार्यक्रम सङ्ख्या | अनुमानित सहभागि सङ्ख्या |
|---|---|---|---|
| १ | सहकारी शिक्षा तथा वित्तीय साक्षरता तालिम | १२ पटक | ६०० जना |
| २ | ऋण सदुपयोग शिक्षा तालिम | ४ पटक | १०० जना |
| ३ | सञ्चालक र कर्मचारी क्षमता विकास तालिम | २ पटक | ५० जना |
| ४ | बाल सदस्यहरु विच खेलकुद प्रतियोगिता | १ पटक | ५० जना |
| ५ | शेयर सदस्य अभिमुखिकरण तालिम | २ पटक | १०० जना |
| ६ | सहकारी सम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम | १ पटक | ५० जना |
| ७ | कृषि तथा पशुपालन तालिम | १ पटक | ४० जना |

अन्तमा, यस आ.व. मा भएको प्रगति प्रतिवेदन र आगामी वर्षका लागि प्रस्तावित कार्यक्रमहरु गहन रुपमा अध्यायन गरी सल्लाह, सुझाव र प्रतिक्रिया सहित शिक्षा उपसमितिको प्रतिवेदन अनुमोदन गरिदिनुहुनका लागि यस सम्मानित सभा समक्ष अनुरोध गर्दै बिदा हुन चाहन्छु ।

**धन्यवाद । जय सहकारी ।। जय जनकल्याण।।।**

**शिक्षा उप-समिति**
संयोजकः मोहनदेव गिरी
सदस्यः गंगा प्रसाद शर्मा
सदस्यः दुर्ग बहादुर लामिछाने

## संस्थामा शेयर सदस्य बन्नका लागि चाहिने आवश्यकपर्ने कागजातहरू

१. संस्थाको सेवा क्षेत्रभित्र वसोवास गर्ने व्यक्ति भएको प्रमाण पेश गर्नुपर्ने
२. सदस्य बन्न चाहने व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपी -१ थान
३. सम्वन्धित व्यक्तिको पासपोर्ट साइजको फोटो -२ थान
४. इच्छाएको व्यक्तिको पासपोर्ट साइजको फोटो -२ थान
५. संस्थाको विनियमअनुसार सदस्यता बन्न आवश्यक रकम

"समुदायको उत्कृष्ट वित्तीय र व्यावसायिक साकोस"

## ३०औं वार्षिक साधारणसभामा प्रस्तुत
# ऋण उपसमितिको प्रतिवेदन-२०८२



**रमेश प्रसाद दाहाल**

यस जनकल्याण बचत तथा ऋण सहकारी संस्थाको ३०औं गरिमामय साधारणसभाका सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू एवं अतिथिज्यूहरु, मेरा सहकर्मी सञ्चालक समिति र उपसमितिका साथीहरु, सल्लाहकारज्यूहरु, आदरणीय शेयर सदस्य महानुभावहरु, बालबचतकर्ता भाइबहिनीहरु, उपस्थित पत्रकार मित्रहरु तथा कर्मचारी मित्रहरु सबैलाइ न्यानो सहकारी अभिवादन टक्र्याउन चाहन्छु ।

**आदरणीय शेयर सदस्य महानुभावहरु,**

एकका लागि सबै र सबैका लागि एक भन्ने भावना र व्यवहार मार्फत व्यक्ति, परिवार, समाज र राष्ट्रको आर्थिक एवं सामाजिक उत्थानको लागि गरिने एकीकृत प्रयास नै सहकारी हो ।सहकारीले छरिएर रहेको श्रम, सीप र पूँजीलाइ एकत्रित गर्दछ । समाजमा आर्थिक कारोबार गर्नका निम्ति साहु र बैंकको झन्झटिलो व्यवस्थालाई सहज बनाउनका लागि समाजका अग्रजहरुको प्रयासबाट मिति २०५२ जेष्ठ २८ गते विधिवत रुपमा दर्ता भइ यस सहकारीले हालसम्म निरन्तर, व्यवस्थित र सुरक्षित आर्थिक कारोबार गर्दै आइरहेको छ । यसरी सहकारी अन्तर निर्भरता हुँदै आत्मनिर्भरता तर्फको यात्रा हो । अब म यस गरिमामय सभा समक्ष आ.व. ०८१/०८२ मा संस्थाले विभिन्न शिर्षकमा ऋण लगानी र असुलीको प्रगति सम्बन्धी विवरण पेश गर्ने अनुमती चाहन्छु ।

**१. बैठक तथा निर्णयहरु:**

आदरणीय शेयर सदस्य ज्यूहरु, यस आ.व. ०८१/०८२ को अन्त्य सम्ममा ऋण उपसमितिले ऋण फाइल स्वीकृतीका लागि ३३ वटा बैठक बसि विभिन्न शिर्षकमा ४६ जना शेयर सदस्यलाई ऋण लगानी गरिएको थियो । त्यसैगरि १६ वटा बैठक बसि ऋण सिफारिसका लागि सञ्चालक समितिमा पेश गरिएका निर्णयहरु थिए जसमा ३७ जना शेयर सदस्यहरुको ऋण सिफारिस गरिएको थियो भने १५ वटा निर्णय ऋण असुली ताकेता तथा ऋण सदुपयोगिता अनुगमन सम्बन्धी रहेका थिए ।

**२. लगानी तथा असुली सम्बन्धमा:**

गत आ.व. ०८०/०८१ को अन्त्य सम्ममा लगानीमा रहेको ऋण रकम रु.२०,८०,९२,०४३।४९ रहेकोमा, यस आ.व. ०८१/०८२ मा थप रु.१८,८६,९४,५००।०० नयाँ लगानी भइ, यस आ.व.मा कुल रु.१७,६९,३९,६२४।७८ असुल भइ, यस आ.व. को अन्त्यमा रु.२१,९८,४६,९१८।७१ ऋण लगानीमा रहेको छ । साथै संस्थाले आ.व. ०८१/०८२ मा शेयर सदस्यहरुलाई विभिन्न परियोजनामा लगानी गरेको ऋण तथा ब्याजदरको विवरण यस प्रकार रहेको छ ।

| क्र.स. | ऋणको प्रकार | लगानी रकम | ब्याजदर |
|---|---|---|---|
| १ | घर जग्गा खरिद | ९,३३,३७,५२४.७६ | ११.५% |
| २ | व्यापार | ६,७३,२८,५६०.६९ | ११% |
| ३ | कृषि तथा पशुपालन | १,४३,०८,४८२.५३ | ११% |
| ४ | पासबुक जमानत (एकल) | ७१,६७,४३५.५५ | ९% |
| ५ | पासबुक जमानत (सामूहिक) | १,८५,८०,७७९.७ | १०% |
| ६ | स्वास्थ | ३,९६,८८५.३ | ११.५% |
| ७ | बैदेशिक रोजगार | ६९,८९,४५२.११ | ११.५% |
| ८ | शिक्षा | १७,०९,७९१.४ | ११.५% |
| ९ | हायर पर्चेज | ९६,४७,२६९.३१ | ११.५% |
| १० | सामाजिक कर्जा | ३,८०,७३७.३६ | ११.५% |
| | **जम्मा ऋण लगानी** | **२१,९८,४६,९१८.७१** | |

**आदरणीय शेयर सदस्यज्यूहरु,**

यस श्री जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि. द्वारा विभिन्न परियोजनामा व्यवस्थापन समूह ऋण उपसमितिको सिफारीसमा सञ्चालक समितिले लगानी गरिने ऋणको सिमा तथा लगानी प्रकृया तपशिल बमोजिमको व्यवस्थापन गरिएको व्यहोरा तालिकामा प्रष्ट पार्न चाहन्छु ।

| विवरण | लगानी सीमा | सिफारिस गर्ने | स्वीकृत गर्ने |
|---|---|---|---|
| व्यवस्थापन समूह | ५,००,०००/- | ऋण फाँट | कार्यालय प्रमुख |
| ऋण उपसमिति | २०,००,०००/- | ऋण फाँट/कार्यालय प्रमुख | ऋण उपसमिति |
| सञ्चालक समिति | २० लाख देखि माथि | ऋण उपसमिति | सञ्चालक समिति |

**३. ऋण लगानीको सीमा र ब्याजदर,**

विगतमा झै गत वर्षमा पनि यस संस्थाबाट विभिन्न शिर्षकहरुमा लगानी सिमा संस्थाको पूँजी कोषको आधारमा लगानी गरी राखिएको र यसको सिमा संस्थाको प्राथमिक पूँजी कोषको आधारमा समय समयमा सञ्चालक समितिको बैठकबाट मिलान गरीएको छ । ब्याजदर मिलान गर्दा बजार सर्वेक्षणका आधारमा मात्र मिलान गर्ने गरीएको छ । हाल संस्थाको बचत ऋणको तपशिल अनुसारको शिर्षकहरुमा तपशिल अनुसारको ब्याजदर कायम गरीएको छ ।

| क्र.सं. | बचतका प्रकारहरु | ब्याजदर | क्र.सं | ऋणका प्रकारहरु | ब्याजदर |
|---|---|---|---|---|---|
| १ | मासिक बचत | ६% | १ | हायर पर्चेज कर्जा | ११.५% |
| २ | बाल बचत | ६.५% | २ | घर जग्गा खरिद कर्जा | ११.५% |
| ३ | ऐच्छिक बचत | २% | ३ | व्यापार व्यावसाय कर्जा | ११% |
| ४ | गृहणी बचत | ३% | ४ | सामुहिक बचत जमानी कर्जा | १०% |
| ५ | दैनिक बचत | २% | ५ | एकल बचत जमानी कर्जा | ९% |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | आवधिक बचत (६ महिना) | बन्द गरिएको | ६ | कृषि तथा पशुपालन कर्जा | ११% |
| ७ | आवधिक बचत (१ वर्ष) | बन्द गरिएको | ७ | शिक्षा तथा स्वास्थ्य कर्जा | ११.५% |
| ८ | आवधिक बचत (२ वर्ष) | बन्द गरिएको | ८ | बैदेशिक कर्जा | ११.५% |
| ९ | आवधिक बचत (३ वर्ष) | बन्द गरिएको | ९ | अन्य विविध सामाजिक कर्जा | ११.५% |

माथि उल्लेखित बचत तथा ऋणका प्रकारहरुमा ब्याजदर निर्धारण आवश्यकताको आधारमा बजार सर्वेक्षण गरी सञ्चालक समितिको बैठकको निर्णय बमोजिम भएको व्यहोरा अनुरोध छ ।

**४. ऋण लगानी तथा असुली प्रकृयाका चुनौतीहरु**

संस्थाको वृद्धि विकासको मुख्य श्रेय संस्थामा आबद्ध हुनुभएका शेयरधनी महानुभावहरुलाइ जाने भएकाले र संस्थाको आम्दानीको मुख्य श्रोत संस्थाद्वारा लगानी गरीएको ऋणको ब्याज हुने भएकाले सम्पूर्ण ऋणी शेयर सदस्यहरुलाई ऋणको साँवा ब्याज नियमित रुपमा भुक्तानी गरी असल सदस्यको पहिचान स्थापित गरिदिन हुनका लागी यसै सम्मानित सभा मार्फत अनुरोध गर्दछु ।

**ऋण असुलीका चुनौतीहरु:**

- सदस्यले आफूले तिर्न सक्ने क्षमता भन्दा बढी ऋण उपभोग गर्नु ।
- माग गरे भन्दा फरक परियोजनामा ऋण उपभोग गर्नु ।
- उत्पादनशील क्षेत्रमा ऋणको मागमा कमी हुनु ।
- सदस्यहरुमा किस्ता जहिले तिरे पनि हुन्छ भन्ने मानसिकता हुनु ।
- अन्य व्यक्तिका लागि ऋण माग गर्ने प्रचलन हुनु ।

**अन्त्यमा,**

बचत तथा ऋण सहकारी संस्थाको आम्दानीको प्रमुख श्रोत भनेकै ऋण लगानीबाट प्राप्त ब्याज आम्दानी हो । लगानीमा रहेको ऋणलाई स्वस्थ तुल्याउन शेयर सदस्यको आर्थिक अनुशासनको महत्वपूर्ण भूमिका रहन्छ । यसैले यस संस्थाबाट ऋण कारोबार गरेपछि नियमित साँवा तथा ब्याज भुक्तानीमा बिशेष ध्यान पुर्याइ असल ऋणीको परिचय बनाँउन सम्पूर्ण ऋणी शेयर सदस्यहरुमा हार्दिक अनुरोध गर्दै यस प्रतिवेदनमा छलफल गरी सुझाव सल्लाह सहित सुधार गर्नुपर्ने पक्ष भएमा सुझाव प्राप्तीको विश्वास सहित ऋण उपसमितिको प्रतिवेदन अनुमोदन र पारित गरिदिनहुन शेयर सदस्यज्यूहरुलाइ आग्रह र अनुरोध गर्दै बिदा हुन्छु ।

**धन्यवाद ! जय सहकारी !! जय जनकल्याण !!!**

**ऋण उप-समिति**

संयोजकः- श्री रमेश प्रसाद दाहाल

सदस्यः- श्री कविराम फौजा

सदस्यः- श्री तेज सोनाम

## ३०औं वार्षिक साधारणसभामा प्रस्तुत
# सामाजिक समन्वय उपसमितिको प्रतिवेदन-२०८२



सुनिता वि.क.

३०औं वार्षिक साधारणसभाका सभाध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, सञ्चालक समितिका मित्रहरु, विभिन्न उपसमितिका मित्रहरु, सल्लाहकारज्यूहरु, उपस्थित पत्रकार मित्रहरु, आदरणीय सम्पूर्ण शेयर सदस्य महानुभावहरु तथा कर्मचारी मित्रहरु सबैलाइ सहकारी अभिवादन व्यक्त गर्न चाहान्छु ।

**आदरणीय शेयर सदस्यज्यूहरु**

आज सम्पन्न हुन गइरहेको ३०औं गरिमामय वार्षिक साधारणसभामा सामाजिक समन्वय उपसमितिको प्रतिवेदन पेश गर्न पाउँदा अत्यन्तै हर्षित महशुस गरेको छु । संस्थाको गत वर्ष सम्पन्न २९औं वार्षिक साधारणसभाबाट पारित नीति नियम र कार्यक्रमहरुको आधारमा र सञ्चालक समितिको निर्णय बमोजिम आ.व. ०८१/०८२ मा पनि संस्थाद्वारा उल्लेख्य रुपमा विभिन्न क्रियाकलापहरु सम्पन्न गरिएको छ । सधैं झै यस वर्ष पनि सञ्चालक समितिले निर्देशित गरेका विभिन्न कार्यक्रम तथा क्रियाकलापहरुमा यस सामाजिक समन्वय उपसमितिको सक्रिय सहभागिता रहेको थियो । सहकारी न्युन आय भएका वर्गहरु संगठित भएर व्यवसायिकताको माध्यमबाट उनिहरुको आर्थिक सामाजिक विकास गर्ने माध्यम हो । सहकारी संयुक्त स्वामित्व तथा प्रजातान्त्रिक रुपमा नियन्त्रणमा रहने उद्यमको माध्यमबाट आफ्ना समान आर्थिक सामाजिक र सांस्कृतिक आवश्यकता एवं आकांक्षा प्राप्तिका लागि स्वेच्क्षाले एकताबद्ध भएको व्यक्तिहरुको स्वायत्त संगठन हो । अब यस सामाजिक समन्वय उपसमितिले आ.व. ०८१/०८२ मा सम्पन्न गरेका विभिन्न क्रियाकलापहरुलाइ बुँदागत रुपमा प्रस्तुत गर्न चाहान्छु ।

**निम्न :**

१. बाल बालिकाहरुलाई जन्मदिनको अवसरमा उपहार प्रदान कार्यक्रम गरिएको ।
२. जेष्ठ सदस्य भेला तथा सम्मान कार्यक्रम तथा उत्कृष्ट सदस्य सम्मान कार्यक्रम गरिएको ।
३. संस्थाको ३०औं स्थापना दिवसको अवसरमा सरसफाइ कार्यक्रम सम्पन्न गरिएको ।
४. ३०औं स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।
५. यस आ.व. मा दिवंगत हुनुभएका शेयर सदस्यहरुलाइ श्रद्धाञ्जली अर्पण सहित नियमानुसारको राहत रकम उपलब्ध गराइएको ।
६. यस आ.व.मा संस्थाका १७ जना महिला सुत्केरी शेयर सदस्यहरुलाइ सुत्केरी पोषण स्वरुप २००० (दुइ हजार) रुपैयाका दरले सुत्केरी पोषण भत्ता रकम उपलब्ध गराइएको ।
७. संस्थाको स्थापना दिवसको अवसरमा कान उपचार शिविर सञ्चालन गरी १३६ जना लाइ सेवा दिएको ।
८. संस्थामा आवद्ध ७० देखि ७५ वर्षसम्मका ५१ जना शेयर सदस्यहरुलाइ सम्मान कार्यक्रम र ७५ वर्ष भन्दा माथिका ४७ जना शेयर सदस्यहरुलाइ प्रतिव्यक्ती मासिक १५० का दरले वार्षिक रु १८०० उपलब्ध गराइ ज्येष्ठ सदस्य सम्मान कार्यक्रम सम्पन्न गरेको ।

**आदरणीय शेयर सदस्यज्यूहरु**

सहकारी समुदायमा आधारित स्थानिय जनताको सहभागितामूलक संस्था हो । नेपाल सरकारको ३ खम्बे अर्थनीति अनुरुप राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण एउटा खम्बाको रुपमा स्थापित सहकारी क्षेत्रलाइ सुव्यवस्थित र सक्षम गर्ने कार्यमा यस जनकल्याण बचत तथा ऋण सहकारी संस्थाले सहकारीको दिगो परिकल्पनालाइ साकार पार्ने सोच र लक्ष्य अनुरुप कार्य गरिरहेको छ । संस्थाले सामाजिक उत्तरदायित्व सहितको विभिन्न सेवाहरु प्रदान गरिरहेको छ ।

अब म यस जनकल्याण साकोसको सामाजिक समन्वय उपसमितिको आगामी वर्ष २०८२/०८३ मा समाजमा गरिने र गर्नुपर्ने कार्यक्रमहरु तपसिल बमोजिम राख्न चाहान्छु ।

- ३१औं स्थापना दिवसको शुभ अवसर पारेर रक्तदान कार्यक्रमलाइ निरन्तरता दिइने छ ।
- ज्येष्ठ सदस्य भेला तथा ज्येष्ठ सदस्य सम्मान कार्यक्रमलाइ निरन्तरता दिइने छ ।
- बाल सदस्य वृद्धि र बाल सदस्यको जन्म दिवसमा दिइने उपहारलाइ निरन्तरता दिइने छ ।
- महिला शेयर सदस्य वृद्धि कार्यक्रमलाइ विशेष प्राथमिकतामा राखिने छ ।
- सहकारी शिक्षा तथा वित्तीय साक्षरता कार्यक्रम निरन्तर सञ्चालन गरिने छ ।
- सुत्केरी पोषण कार्यक्रमलाइ निरन्तरता दिइने छ ।
- शेयर सदस्यहरुलाइ विभिन्न विपदमा प्रदान गरिने राहत रकम र सदस्य मृत्यु राहत वितरणलाइ निरन्तरता दिइने छ ।
- सामाजिक क्रियाकलाप अन्तर्गत सरसफाइ विभिन्न आवश्यक सामग्री हस्तान्तरण तथा अन्य आवश्यक गतिविधिहरु सञ्चालन गरिनेछ ।

**आदरणीय शेयर सदस्यज्यूहरु**

अन्तमा सहकारी एक अर्का बिचको सहकार्यात्मक अवधारणा हो । सहकारीमा समुदायका व्यक्तिहरु संगठित भइ सदस्यको हित प्रवर्धन गर्ने कार्य गरिन्छ । यसको सञ्चालन तथा नियमन पद्धती आफ्नै हुन्छ र यो आदर्श र स्वनियमनबाट सञ्चालन भएको हुन्छ । सहकारी अभियानले जनतालाइ एकताबद्ध गर्दछ र सामुहिक रुपमा प्रतिफल बाड्छ । यस जनकल्याण साकोसमा आबद्ध हुनुभएका सबै शेयर सदस्यज्यूहरुले आफ्नो छरछिमेकमा बसोबास गर्ने अन्य सदस्यहरुलाइ पनि यस साकोसमा आबद्धता नभएको भए शेयर सदस्य बनाइ सामाजिक उत्तरदायित्व बहन गरिदिनुहुन आग्रह र अनुरोध गर्दै बिदा हुन्छु ।

**धन्यवाद ! जय सहकारी !! जय जनकल्याण !!!**

**सामाजिक समन्वय उपसमिति**
संयोजक : श्री सुनिता वि.क.
सदस्य : श्री ठाकुर प्रसाद न्यौपाने
सदस्य : श्री मिनराज खत्री
सदस्य : श्री अम्मर बहादुर भण्डारी
सदस्य : श्री कृष्णा सोनी

## सर्वाधिक विधा तर्फ पुरस्कृत हुने शेयर सदस्यहरू

| क्र.सं. | पुरस्कृत हुने विधा | सदस्यता नं. | सदस्यको नामथर |
|---|---|---|---|
| १ | सर्वाधिक शेयर खरिदकर्ता | ५५८ | सिंहरुप बुढा |
| २ | सर्वाधिक मासिक बचतकर्ता | ४२ | कमला देवी शर्मा |
| ३ | सर्वाधिक बाल बचतकर्ता | ३९६ | सुसान्त प्रसाद पौडेल |
| ४ | एक वर्षमा धेरै शेयर खरिदकर्ता पुरुष | १६५० | विनोद न्यौपाने |
| ५ | एक वर्षमा धेरै शेयर खरिदकर्ता महिला | ४५९ | ललिता शाही |
| ६ | एक वर्षमा धेरै मासिक दरमा बचत गर्ने पुरुष | २४१३ | लक्ष्मी प्रसाद पौडेल |
| ७ | एक वर्षमा धेरै मासिक दरमा बचत गर्ने महिला | २४८८ | पुजा भण्डारी |
| ८ | सर्वाधिक मुद्धती बचत | २१८२ | ओम बहादुर गुरुङ्ग |
| ९ | सर्वाधिक ऐच्छिक बचतकर्ता | १२४ | सिता गुरुङ्ग |
| १० | सर्वाधिक गृहणी बचत कर्ता | ४०५ | राज कुमारी सुनार |
| ११ | सामाजिक व्यक्तित्व | ३०५ | टिका कुमारी अधिकारी |
| १२ | सामाजिक व्यक्तित्व | | रचना सुनार |
| १३ | सामाजिक व्यक्तित्व | | कृष्ण प्रसाद गौतम |

## आ.व. २०८१/०८२ मा असल ऋणी विधामा गोलाप्रथाद्वारा सम्मानित हुने शेयर सदस्यहरू

| क्र.स. | सदस्यको नामथर | सदस्यता नं. | क्र.स. | सदस्यको नामथर | सदस्यता नं. |
|---|---|---|---|---|---|
| १ | रिताभक्री बुढाथोकी | ५८१ | ७ | गरिमा खड्का सारु | ११७६ |
| २ | बालाराम आचार्य | ७१४ | ८ | इश्वर बहादुर गौतम | १३३२ |
| ३ | छविलाल सारु मगर | २५५९ | ९ | खडानन्द लामिछाने | १९१३ |
| ४ | भुवन न्यौपाने | १४५९ | १० | सावित्रा कुमारी शर्मा | १६८ |
| ५ | चन्द्र बहादुर हमाल | १९६९ | ११ | जिवन गिरी | २३४५ |
| ६ | यसोदा ज्ञावली | ७३४ | १२ | याममाया थापा | ५२६ |

## आ.व. २०८१/०८२ मा नियमित मासिक बचत विधामा गोलाप्रथाद्वारा सम्मानित हुने शेयर सदस्यहरू

| क्र.स. | सदस्यको नामथर | सदस्यता नं. | क्र.स. | सदस्यको नामथर | सदस्यता नं. |
|---|---|---|---|---|---|
| १ | हिम बहादुर शाही | ५६६ | ७ | राजेश न्यौपाने | १४५ |
| २ | याम प्रसाद लामिछाने | २२६६ | ८ | जलधरा सलामी | ८२५ |
| ३ | गरिमा खड्का सारु | ११७६ | ९ | यसोदा कुमारी कडेल | ६३१ |
| ४ | पुण्यवती पाण्डे | ७४ | १० | विमल गौतम | २२६५ |
| ५ | डिल्लिसरा अधिकारी | ४५८ | ११ | पंख बहादुर शाही | २००५ |
| ६ | कलावती कमेनी | ५१० | १२ | बालकृष्ण पुरी | ७१ |

## ५00 भन्दा माथि नियमित बचत गर्ने विधामा गोलाप्रथाद्वारा छनौट गरिएका सदस्यहरू

| क्र.स. | सदस्यको नामथर | सदस्यता नं. | क्र.स. | सदस्यको नामथर | सदस्यता नं. |
|---|---|---|---|---|---|
| १ | राजाराम रिजाल | २११३ | ३ | लक्षिराम लामिछाने | २४११ |
| २ | स्नेहा वि.क. | २२६७ | ४ | देवराज जि.सी. | ७८६ |

| क्र.स. | सदस्यको नामथर | सदस्यता नं. |
|---|---|---|
| ५ | ममिरा ठेकरे | २९५३ |
| ६ | मन्जु पौडेल | २६१९ |
| ७ | चुनाकुमारी पोख्रेल | ६८७ |
| ८ | उपेन्द्र प्रसाद शर्मा | २४३१ |
| ९ | तारा कुमारी आचार्य | २८४६ |
| १० | पार्वती कुमारी पाण्डे | ८८७ |
| ११ | शिवराज टमटा | ११३२ |
| १२ | डम्मर बहादुर सोडारी | १५७२ |

## ५० हजार भन्दा माथि शेयर खरिद विधामा गोलाप्रथाद्वारा छनौट गरिएका सदस्यहरु

| क्र.स. | सदस्यको नामथर | सदस्यता नं. |
|---|---|---|
| १ | चक्र बहादुर सिजाली | २१४४ |
| २ | कविराम फौजा मगर | २७५ |
| ३ | निशा पुरी गुरुङ्ग | २८२४ |
| ४ | कृष्णलाल तिमेल्सेना | ५३३ |
| ५ | चन्द्र बहादुर रावत | ४४९ |
| ६ | जस बहादुर नेपाली | ४६२ |
| ७ | हरिमाया विष्ट | ५५८ |
| ८ | तुल्सी आचार्य | ४६३ |
| ९ | योगेन बुढा | २९८७ |
| १० | नर बहादुर दमाई | १३७५ |
| ११ | भक्तिराम तिमेल्सेना | २७५७ |
| १२ | उमा गुरुङ्ग | २०२ |

## ७० वर्ष भन्दा माथिका ज्येष्ठ शेयर सदस्यहरुलाई हर्लिक्स र खादाद्वारा सम्मानित गरिएका सदस्यहरुको नामावली

| क्र.सं. | सदस्यता नं. | नामथर | ठेगाना | वडा नं. | जन्म मिति | उमेर |
|---|---|---|---|---|---|---|
| १ | ८ | कमलादेवी शर्मा | वीरेन्द्रनगर | १ | १/५/२०१२ | ७० |
| २ | ९५ | दयाराम आचार्य | वीरेन्द्रनगर | १ | १/१८/२०१२ | ७० |
| ३ | ३३१ | सरस्वती घर्ती | बराहताल | १० | १/२५/२०१२ | ७० |
| ४ | ३३७ | गोपीराम लामिछाने | वीरेन्द्रनगर | १ | १/३१/२०१२ | ७० |
| ५ | ४१० | रण बहादुर खत्री | वीरेन्द्रनगर | २ | १/७/२०१२ | ७० |
| ६ | १७४६ | नैन बहादुर थापा | वीरेन्द्रनगर | १ | १२/१५/२०११ | ७० |
| ७ | ५९ | सुक्मादेवी विश्वकर्मा | वीरेन्द्रनगर | १ | ५/२५/२०११ | ७१ |
| ८ | १२० | बालकुमारी थानी | वीरेन्द्रनगर | २ | १/१०/२०११ | ७१ |
| ९ | १४७ | बालाराम शर्मा | वीरेन्द्रनगर | १ | १/२४/२०११ | ७१ |
| १० | ५१० | कलावती कमेनी | वीरेन्द्रनगर | २ | ९/८/२०११ | ७१ |
| ११ | ६२१ | भुवानी प्रसाद कंडेल | वीरेन्द्रनगर | २ | १/९/२०११ | ७१ |
| १२ | ६४५ | याम बहादुर नेपाली | वीरेन्द्रनगर | २ | २/६/२०११ | ७१ |
| १३ | ६८४ | प्रमाप्रसाद थानी | वीरेन्द्रनगर | २ | १/२९/२०११ | ७१ |
| १४ | ८३८ | कमलापती सापकोटा | वीरेन्द्रनगर | २ | ३/१६/२०११ | ७१ |
| १५ | ९१४ | मैपती दर्जी | वीरेन्द्रनगर | १ | ३/२३/२०११ | ७१ |
| १६ | ११५७ | ब्रम्ह प्रसाद उपाध्याय | वीरेन्द्रनगर | १ | ३/२४/२०११ | ७१ |
| १७ | १२६१ | कृष्णलाल गौतम | वीरेन्द्रनगर | १ | ५/२०/२०११ | ७१ |
| १८ | १४८६ | लिलावती दार्लामी | वीरेन्द्रनगर | १ | ५/९/२०११ | ७१ |
| १९ | १७४५ | इन्द्रकली आचार्य | वीरेन्द्रनगर | १ | ८/१५/२०११ | ७१ |
| २० | ४७ | रमादेवी शर्मा | वीरेन्द्रनगर | १ | ८/२२/२०१० | ७२ |

| क्र.सं. | सदस्यता नं. | नामथर | ठेगाना | वडा नं. | जन्म मिति | उमेर |
|---|---|---|---|---|---|---|
| २१ | १९९ | मान बहादुर टमाटा | वीरेन्द्रनगर | १ | ४/२९/२०१० | ७२ |
| २२ | २२४ | तुलाराम आचार्य | वीरेन्द्रनगर | १ | ९/१७/२०१० | ७२ |
| २३ | ३३२ | नन्दकली न्यौपाने | वीरेन्द्रनगर | १ | १०/२५/२००९ | ७२ |
| २४ | ५९० | सरुपा थपेनी | वीरेन्द्रनगर | २ | २/२५/२०१० | ७२ |
| २५ | ६२० | रुपचन कामी | वीरेन्द्रनगर | २ | १०/४/२००९ | ७२ |
| २६ | ६५९ | खम्बराज थानी | वीरेन्द्रनगर | १ | १०/१९/२००९ | ७२ |
| २७ | १३७७ | श्रीमती सुक्मा दमाई | वीरेन्द्रनगर | १ | २/१७/२०१० | ७२ |
| २८ | १५०१ | ईशरी दमाई | वीरेन्द्रनगर | १ | ६/१७/२०१० | ७२ |
| २९ | १९५९ | नन्दकला थानी | वीरेन्द्रनगर | १ | १०/२५/२००९ | ७२ |
| ३० | २०५१ | हस्तादेबी पोखरेल | वीरेन्द्रनगर | २ | ५/१२/२०१० | ७२ |
| ३१ | २२४६ | पारास्वर जैशी | वीरेन्द्रनगर | १ | २/२९/२०१० | ७२ |
| ३२ | ३६९ | मुक्तिनाथ गौतम | वीरेन्द्रनगर | १ | २/२/२००९ | ७३ |
| ३३ | ३७१ | चन्द्र बहादुर शार्की | वीरेन्द्रनगर | १ | ८/१६/२००९ | ७३ |
| ३४ | ४५३ | ललिता देवी सुवेदी | वीरेन्द्रनगर | १ | ४/३/२००९ | ७३ |
| ३५ | ८३४ | मणिराम गौतम | वीरेन्द्रनगर | १ | ९/२९/२००८ | ७३ |
| ३६ | १३७१ | गोकर्ण शर्मा | वीरेन्द्रनगर | १ | ९/१७/२००९ | ७३ |
| ३७ | १३७२ | मनिसरा भट्टराई | वीरेन्द्रनगर | १ | ९/१५/२००९ | ७३ |
| ३८ | २११९ | चन्द्रबहादुर सुनार | वीरेन्द्रनगर | १ | ७/४/२००९ | ७३ |
| ३९ | २० | टिकाराम कामी | वीरेन्द्रनगर | १ | ५/३०/२००८ | ७४ |
| ४० | १०९ | बिष्णे सुनार | वीरेन्द्रनगर | २ | ११/८/२००७ | ७४ |
| ४१ | १३९ | शान्ती वली | वीरेन्द्रनगर | १ | ८/२२/२००८ | ७४ |
| ४२ | २८७ | कृष्ण बहादुर कार्की | बराहताल | १० | २/९/२००८ | ७४ |
| ४३ | ८१० | नवराज वली | वीरेन्द्रनगर | १ | १०/१/२००७ | ७४ |
| ४४ | १५४९ | मनिसरा कामी | बराहताल | १० | १/१०/२००८ | ७४ |
| ४५ | २२११ | सावित्रा आचार्य | वीरेन्द्रनगर | १ | १०/५/२००७ | ७४ |
| ४६ | ६० | शोभान सिंह वली क्षेत्री | वीरेन्द्रनगर | १ | ५/११/२००७ | ७५ |
| ४७ | २६४ | देउरुपा शाही | वीरेन्द्रनगर | १ | १/१२/२००७ | ७५ |
| ४८ | १०१२ | बालाराम आचार्य | वीरेन्द्रनगर | १ | २/१२/२००७ | ७५ |
| ४९ | ११८ | कलावती वली | वीरेन्द्रनगर | २ | ५/१९/२००६ | ७५ |
| ५० | १९११ | जस बहादुर बिष्ट | वीरेन्द्रनगर | १ | ५/१०/२००६ | ७५ |
| ५१ | २२२६ | नन्दकला घर्ती | वीरेन्द्रनगर | २ | ८/२५/२००६ | ७५ |

## ७५ वर्ष भन्दा माथिका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने ज्येष्ठ शेयर सदस्यज्यूहरु

| क्र.सं. | सदस्यता नं. | नामथर | ठेगाना | वडा नं. | जन्म मिति | उमेर |
|---|---|---|---|---|---|---|
| १ | १२६० | चन्द्रकली गौतम | वीरेन्द्रनगर | १ | २/१०/२००६ | ७६ |
| २ | २७६ | देवि राम दमाई | वीरेन्द्रनगर | १ | १२/२९/२००५ | ७६ |
| ३ | १८७९ | श्रीमति भगवती पुरी | वीरेन्द्रनगर | १ | १२/१२/२००५ | ७६ |
| ४ | ८८ | मन्जिते दमाई | वीरेन्द्रनगर | १ | २/८/२००५ | ७७ |
| ५ | १४८ | हरिलाल ढुङ्गेना | वीरेन्द्रनगर | १ | ३/३/२००५ | ७७ |
| ६ | १६० | हरिदत्त कामी | वीरेन्द्रनगर | २ | ६/१३/२००५ | ७७ |
| ७ | १८२ | कालु राम नेपाली | वीरेन्द्रनगर | १ | ९/६/२००५ | ७७ |
| ८ | ५४७ | हरिकला कंडेल | वीरेन्द्रनगर | १ | ४/३०/२००५ | ७७ |
| ९ | ६९२ | सस बहादुर गुरुङ्ग | वीरेन्द्रनगर | १ | २/६/२००५ | ७७ |
| १० | १८५२ | थानकली आचार्य | वीरेन्द्रनगर | २ | ७/४/२००५ | ७७ |
| ११ | २१५१ | रत्ना कामी | वीरेन्द्रनगर | १ | २/१६/२००५ | ७७ |
| १२ | २२२७ | बालाराम उपाध्याय | वीरेन्द्रनगर | १ | ३/२२/२००५ | ७७ |
| १३ | ३० | नन्द बहादुर वली | वीरेन्द्रनगर | २ | १/१४/२००४ | ७८ |
| १४ | ७८ | हरिदेवी ढुङ्गेना | वीरेन्द्रनगर | १ | ९/१२/२००४ | ७८ |
| १५ | १२८ | खगेन्द्र प्रसाद थानी | वीरेन्द्रनगर | १ | ९/१०/२००४ | ७८ |
| १६ | २०८ | नन्दलाल आचार्य | वीरेन्द्रनगर | २ | ३/४/२००४ | ७८ |
| १७ | ४५८ | डिल्लीसरा अधिकारी | वीरेन्द्रनगर | १ | ७/२२/२००४ | ७८ |
| १८ | ६५८ | बसन्धरा मन्दिर | बराहताल | १० | २/१०/२००४ | ७८ |
| १९ | ६६६ | टिकाराम कंडेल | वीरेन्द्रनगर | १ | ३/२२/२००४ | ७८ |
| २० | ११९१ | कृष्णे दमाई | वीरेन्द्रनगर | १ | १२/३०/२००३ | ७८ |
| २१ | १७९५ | मनरुपा कामी | वीरेन्द्रनगर | १ | ५/१७/२००४ | ७८ |
| २२ | १८५३ | जय प्रसाद आचार्य | वीरेन्द्रनगर | २ | ८/१२/२००४ | ७८ |
| २३ | २७ | धनसरा वली | वीरेन्द्रनगर | २ | ६/१३/२००३ | ७९ |
| २४ | ७३ | बुद्धीसरा गुरुङ्ग | वीरेन्द्रनगर | १ | १२/८/२००२ | ७९ |
| २५ | ५५४ | रुक्मी थानी | वीरेन्द्रनगर | १ | ८/२२/२००३ | ७९ |
| २६ | ६५५ | धन्सरी थापा | वीरेन्द्रनगर | १ | ११/१५/२००२ | ७९ |
| २७ | १६२० | कर्णा कुमारी फौजा मगर | बराहताल | १० | ८/१/२००३ | ७९ |
| २८ | १७१८ | नर बहादुर विश्वकर्मा | वीरेन्द्रनगर | १ | ११/१७/२००२ | ७९ |
| २९ | २२१० | टिकाराम आचार्य | वीरेन्द्रनगर | १ | ८/१९/२००३ | ७९ |
| ३० | १०६७ | बालकुमारी थानी | वीरेन्द्रनगर | २ | १२/३०/२००१ | ८० |
| ३१ | १६९७ | बसन्धरी कंडेल | वीरेन्द्रनगर | १ | ६/१३/२००२ | ८० |
| ३२ | २६०२ | खगिसरा कंडेल | वीरेन्द्रनगर | २ | १/१०/२००२ | ८० |
| ३३ | १२०० | जित बहादुर खत्री | वीरेन्द्रनगर | १ | २/१८/२००१ | ८१ |

| क्र.सं. | सदस्यता नं. | नामथर | ठेगाना | वडा नं. | जन्म मिति | उमेर |
|---|---|---|---|---|---|---|
| ३४ | २०४७ | खडानन्द जैसी | वीरेन्द्रनगर | १ | १/७/२००१ | ८१ |
| ३५ | १९१० | गंगन बहादुर शाही | वीरेन्द्रनगर | १ | १/२६/२००० | ८२ |
| ३६ | २०५० | पवित्रा आचार्य | वीरेन्द्रनगर | १ | ९/७/२००० | ८२ |
| ३७ | २२ | रत्ना कमिनी | वीरेन्द्रनगर | २ | १२/३०/१९९८ | ८३ |
| ३८ | ११६ | भुमिसरा थानी | वीरेन्द्रनगर | २ | ९/१५/१९९९ | ८३ |
| ३९ | १७९७ | गौरी भण्डारी | वीरेन्द्रनगर | १ | १/५/१९९९ | ८३ |
| ४० | २०२२ | लक्षुमन कामी | वीरेन्द्रनगर | २ | ११/३/१९९८ | ८३ |
| ४१ | १६६७ | रबिलाल ढकाल | वीरेन्द्रनगर | २ | १२/३०/१९९६ | ८५ |
| ४२ | ५५१ | हरिकला आचार्य | वीरेन्द्रनगर | १ | ४/८/१९९६ | ८६ |
| ४३ | १९०८ | लिलाराम सोडारी | वीरेन्द्रनगर | १ | ३/१५/१९९५ | ८७ |
| ४४ | ३२६ | देवी थानी | वीरेन्द्रनगर | १ | १२/४/१९९२ | ८९ |
| ४५ | ५८ | शेर बहादुर खत्री | वीरेन्द्रनगर | २ | ६/९/१९९२ | ९० |
| ४६ | ५९३ | हिरादेवी धमला | वीरेन्द्रनगर | १ | १२/३०/१९९० | ९१ |
| ४७ | १२९६ | चन्द्रादेवी खनाल | वीरेन्द्रनगर | १ | १२/१५/१९७६ | १०५ |

## संस्थाको ३०औं स्थापना दिवसका अवसरमा आयोजित माविस्तरीय निवन्ध लेखन प्रतियोगिताको नतिजा

| क्र.सं. | विद्यार्थीको नामथर | विद्यालयको नाम/ठेगाना | प्राप्त स्थान |
|---|---|---|---|
| १ | हेन्सल बुढा | नासा माध्यमिक विद्यालय, वीरेन्द्रनगर-१०, सुर्खेत | प्रथम |
| २ | ऋतु भट्टराई | सेडा आवासीय माध्यमिक विद्यालय, वीरेन्द्रनगर-११, सुर्खेत | द्वितीय |
| ३ | शिशिर शाही | शान्ति विद्यासदन, वीरेन्द्रनगर-५, सुर्खेत | तृतीय |
| ४ | कुशल उपाध्याय | त्रिपुरेश्वर माध्यमिक विद्यालय, वीरेन्द्रनगर-१, सुर्खेत | चौँथो |

## ३०औं स्थापना दिवसका अवसरमा आयोजित रक्तदान कार्यक्रममा रक्तदान गर्नुहुने दाताहरूको नामावली

| क्र. सं. | नामथर | ठेगाना | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | टंक प्रसाद आचार्य | वी.न.पा.१ | ९८४३४०५२६४ |
| २ | मनिषा आचार्य | वी.न.पा.१ | ९८६८०३१०८५ |
| ३ | प्रकाश आचार्य | वी.न.पा.१ | ९८६८०३१०८५ |
| ४ | डम्मर बहादुर सोडारी | वी.न.पा.१ | ९८४८२४१४४४ |
| ५ | मिथुन जि.सी. | वी.न.पा.२ | ९८४२६९८३३२ |
| ६ | तिलकराज आचार्य | वी.न.पा.१ | ९८४८१६१२०८ |
| ७ | निर्मल भण्डारी | वी.न.पा.१ | ९८४०८५५३३७ |

| क्र. सं. | सदस्यता नं. | नामथर | ठेगाना |
|---|---|---|---|
| ८ | सरोज पुरी | वी.न.पा.१ | ९७६२२५४१९७ |
| ९ | मित्र प्रसाद गौतम | वी.न.पा.१ | ९८४८०७६००६ |
| १० | लोमन खड्का | वी.न.पा.१ | ९७६७५२७९४१ |
| ११ | विशाल खड्का | वी.न.पा.१ | ९७६७८८८६१७ |
| १२ | कुशल शर्मा | वी.न.पा.१ | ९८६८२४७१५४ |
| १३ | मोहन सुनार | वी.न.पा.१ | ९७०९३३६६८९ |
| १४ | गणेश कुवर | वी.न.पा.१ | ९८२४५४५६२५ |

| क्र. सं. | सदस्यता नं. | नामथर | ठेगाना |
|---|---|---|---|
| १५ | असिम सुनार | वी.न.पा.१ | ९७६७५१०७०२ |
| १६ | पवन शाही | वी.न.पा.१ | ९७०९४१६७३१ |
| १७ | लप्सन खड्का | वी.न.पा.१ | ९८४५७७९३३१ |
| १८ | समिर धमाला | वी.न.पा.१ | ९८४८१६२८१० |
| १९ | ओम गुरुङ्ग | वी.न.पा.१ | ९८२४५१९२१८ |
| २० | कृष्णा खत्री | वी.न.पा.१ | ९८६६६३३०२६ |
| २१ | रमेश शाही | वी.न.पा.१ | ९८६७९६३२२२ |
| २२ | इन्द्रलाल कडेल | वी.न.पा.१ | ९८५८०८४९९९ |

## आ.व. २०८१/०८२ मा सुत्केरी पोषण खर्च प्राप्त गर्ने शेयर सदस्यहरूको विवरण

| क्र. स. | नाम थर | सदस्यता नं. | प्राप्त रकम |
|---|---|---|---|
| १ | जयन्ती देवकोटा | २३३९ | २००० |
| २ | खगिसरा गुरुङ्ग | ३९६ | २००० |
| ३ | सरिता मल्ल | १९३१ | २००० |
| ४ | भावना तिमिल्सेना | २४१४ | २००० |
| ५ | भावना थापा | २४४८ | २००० |
| ६ | मान कुमारी सापकोटा | ३१० | २००० |
| ७ | मिना अधिकारी | २१६५ | २००० |
| ८ | वेलास्पुरा वुढा | २८७८ | २००० |
| ९ | मनिषा पौडेल | ११९२ | २००० |

| क्र. सं. | सदस्यता नं. | नामथर | ठेगाना |
|---|---|---|---|
| १० | तारा कुमारी अधिकारी | १२९८ | २००० |
| ११ | दुर्गा कुमारी आचार्य | १२ | २००० |
| १२ | तुल्सी आचार्य | १९५२ | २००० |
| १३ | पार्वती भण्डारी | १२१४ | २००० |
| १४ | लक्ष्मी फौजा | १९१९ | २००० |
| १५ | नन्दा वुढा | ९४२ | २००० |
| १६ | ज्ञानु पौडेल पोख्रेल | १७३३ | २००० |
| १७ | कल्पना परियार | २९८८ | २००० |

## हार्दिक श्रद्धाञ्जली



**जन्म मिति :**
वि.सं. २००७/०१/०१

**स्वार्गारोहण :**
वि.सं. २०८१/०३/१९

**स्व. दाने दमाई**

यस संस्थाका आदरणीय शेयर सदस्य **दाने दमाई**को ७४ वर्षको उमेरमा भएको असामयिक निधनबाट हामी अत्यन्त मर्माहित भएका छौं । संस्थाको यस छोटो जीवनकालमा भएको अपुरणीय क्षतिबाट सिर्जित दुःखद् घडीको स्मरण गर्दै स्वर्गीय आत्माको चिर–शान्तिको कामना सहित हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

**जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
वीरेन्द्रनगर–१, सुर्खेत

# हार्दिक श्रद्धाञ्जली



**जन्म मिति :**
वि.सं. २००५/०६/२७

**स्वार्गारोहण :**
वि.सं. २०८१/०६/२४

**स्व. गोमा खत्री**

यस संस्थाका आदरणीय शेयर सदस्य **(१७२९) गोमा खत्री**को ७६ वर्षको उमेरमा भएको असामयिक निधनबाट हामी अत्यन्त मर्माहित भएका छौं । संस्थाको यस छोटो जीवनकालमा भएको अपुरणीय क्षतिबाट सिर्जित दु:खद् घडीको स्मरण गर्दै स्वर्गीय आत्माको चिर–शान्तिको कामना सहित हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

**जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि. परिवार**

वीरेन्द्रनगर–१, सुर्खेत

# हार्दिक श्रद्धाञ्जली



**जन्म मिति :**
वि.सं. २०२६/०२/१०

**स्वार्गारोहण :**
वि.सं. २०८१/०७/१८

**स्व. भक्तिराम तिमिल्सेना**

यस संस्थाका आदरणीय शेयर सदस्य **(१६३२) भक्तिराम तिमिल्सेना**को ५५ वर्षको उमेरमा भएको असामयिक निधनबाट हामी अत्यन्त मर्माहित भएका छौं । संस्थाको यस छोटो जीवनकालमा भएको अपुरणीय क्षतिबाट सिर्जित दु:खद् घडीको स्मरण गर्दै स्वर्गीय आत्माको चिर–शान्तिको कामना सहित हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

**जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि. परिवार**

वीरेन्द्रनगर–१, सुर्खेत

# हार्दिक श्रद्धाञ्जली



**जन्म मिति :**
वि.सं. २००९/१०/२४

**स्वार्गारोहण :**
वि.सं. २०८१/१०/०६

**स्व. देविलाल न्यौपाने**

यस संस्थाका आदरणीय शेयर सदस्य **(२९०१) देविलाल न्यौपाने**को ७२ वर्षको उमेरमा भएको असामयिक निधनबाट हामी अत्यन्त मर्माहित भएका छौं। संस्थाको यस छोटो जीवनकालमा भएको अपुरणीय क्षतिबाट सिर्जित दुःखद् घडीको स्मरण गर्दै स्वर्गीय आत्माको चिर-शान्तिको कामना सहित हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं।

**जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
वीरेन्द्रनगर-१, सुर्खेत

# हार्दिक श्रद्धाञ्जली



**जन्म मिति :**
वि.सं. २०५२/०१/०३

**स्वार्गारोहण :**
वि.सं. २०८२/०१/०७

**स्व. दिपक वि.क.**

यस संस्थाका आदरणीय शेयर सदस्य **(२३०८) दिपक वि.क.** को ३० वर्षको उमेरमा भएको असामयिक निधनबाट हामी अत्यन्त मर्माहित भएका छौं। संस्थाको यस छोटो जीवनकालमा भएको अपुरणीय क्षतिबाट सिर्जित दुःखद् घडीको स्मरण गर्दै स्वर्गीय आत्माको चिर-शान्तिको कामना सहित हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं।

**जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
वीरेन्द्रनगर-१, सुर्खेत

# हार्दिक श्रद्धाञ्जली



**जन्म मिति :**
वि.सं. २०१६/०६/०५

**स्वार्गारोहण :**
वि.सं. २०८२/०२/१३

**स्व. दुर्गा पुरी**

यस संस्थाका आदरणीय शेयर सदस्य (२३०८) **दुर्गा पुरी**को ६६ वर्षको उमेरमा भएको असामयिक निधनबाट हामी अत्यन्त मर्माहित भएका छौं । संस्थाको यस छोटो जीवनकालमा भएको अपुरणीय क्षतिबाट सिर्जित दु:खद् घडीको स्मरण गर्दै स्वर्गीय आत्माको चिर–शान्तिको कामना सहित हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

**जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
वीरेन्द्रनगर–१, सुर्खेत

# हार्दिक श्रद्धाञ्जली



**जन्म मिति :**
वि.सं. २००२/१२/०८

**स्वार्गारोहण :**
वि.सं. २०८२/०२/१८

**स्व. बुद्धिसरा गुरुङ**

यस संस्थाका आदरणीय शेयर सदस्य (७३) **बुद्धिसरा गुरुङ**को ८० वर्षको उमेरमा भएको असामयिक निधनबाट हामी अत्यन्त मर्माहित भएका छौं । संस्थाको यस छोटो जीवनकालमा भएको अपुरणीय क्षतिबाट सिर्जित दु:खद् घडीको स्मरण गर्दै स्वर्गीय आत्माको चिर–शान्तिको कामना सहित हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

**जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
वीरेन्द्रनगर–१, सुर्खेत

# हार्दिक श्रद्धाञ्जली



**जन्म मिति :**
वि.सं. २०१२/०८/२२

**स्वार्गारोहण :**
वि.सं. २०८२/०३/०२

**स्व. लालसरी दमाई**

यस संस्थाका आदरणीय शेयर सदस्य **(५१६) लालसरी दमाई**को ७० वर्षको उमेरमा भएको असामयिक निधनबाट हामी अत्यन्त मर्माहित भएका छौं । संस्थाको यस छोटो जीवनकालमा भएको अपुरणीय क्षतिबाट सिर्जित दुःखद् घडीको स्मरण गर्दै स्वर्गीय आत्माको चिर-शान्तिको कामना सहित हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

## जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि. परिवार

वीरेन्द्रनगर-१, सुर्खेत

# हार्दिक श्रद्धाञ्जली



**जन्म मिति :**
वि.सं. २०११/१२/१५

**स्वार्गारोहण :**
वि.सं. २०८२/०२/१३

**स्व. नैनबहादुर थापा**

यस संस्थाका आदरणीय शेयर सदस्य **(१७४६) नैनबहादुर थापा**को ७१ वर्षको उमेरमा भएको असामयिक निधनबाट हामी अत्यन्त मर्माहित भएका छौं । संस्थाको यस छोटो जीवनकालमा भएको अपुरणीय क्षतिबाट सिर्जित दुःखद् घडीको स्मरण गर्दै स्वर्गीय आत्माको चिर-शान्तिको कामना सहित हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

## जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि. परिवार

वीरेन्द्रनगर-१, सुर्खेत

# हार्दिक श्रद्धाञ्जली



**जन्म मिति :**
वि.सं. १९९२/१२/०४

**स्वार्गारोहण :**
वि.सं. २०८२/०४/११

**स्व. देवी थानी**

यस संस्थाका आदरणीय शेयर सदस्य (३२६) **देवी थानी**को ९० वर्षको उमेरमा भएको असामयिक निधनबाट हामी अत्यन्त मर्माहित भएका छौं। संस्थाको यस छोटो जीवनकालमा भएको अपुरणीय क्षतिबाट सिर्जित दुःखद् घडीको स्मरण गर्दै स्वर्गीय आत्माको चिर-शान्तिको कामना सहित हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं।

## जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि. परिवार

वीरेन्द्रनगर-१, सुर्खेत

# हार्दिक श्रद्धाञ्जली



**जन्म मिति :**
वि.सं. २०५०/११/०५

**स्वार्गारोहण :**
वि.सं. २०८२/०१/१७

**स्व. अनिता रावत**

यस संस्थाका आदरणीय शेयर सदस्य (२८९६) **अनिता रावत**को ३२ वर्षको उमेरमा भएको असामयिक निधनबाट हामी अत्यन्त मर्माहित भएका छौं। संस्थाको यस छोटो जीवनकालमा भएको अपुरणीय क्षतिबाट सिर्जित दुःखद् घडीको स्मरण गर्दै स्वर्गीय आत्माको चिर-शान्तिको कामना सहित हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं।

## जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि. परिवार

वीरेन्द्रनगर-१, सुर्खेत

# टिपोट